**नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको बैठकमा प्रस्तुत**
**नेपाली कांग्रेस केन्द्रीय विधान संशोधन मस्यौदा समितिको**
**प्रतिवेदन**

आदरणीय सभापतिज्यू,

विषय : प्रतिवेदन सम्बन्धमा ।

नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको २०७५ बैशाख १६ गते सम्पन्न बैठकको निर्णय अनुसार नेपाली कांग्रेसका सभापति श्री शेरबहादुर देउवाद्धारा नेपाली कांग्रेसको विधान २०१७ (संशोधित र परिमार्जित) को धारा २४ (८) बमोजिम २०७५ भाद्र ७ गते देहाय बमोजिम द्धनेपाली कांग्रेस केन्द्रीय विधान संशोधन मस्यौदा समिति" को गठन गर्नु भएको थियो ।

| | |
|---|---|
| १. महामन्त्री श्री पूर्णबहादुर खड्का | -संयोजक |
| २. केन्द्रीय सदस्य डा. मिनेन्द्र रिजाल | -सदस्य |
| ३. केन्द्रीय सदस्य श्री फरमूल्लाह मंसुर | -सदस्य |
| ४. केन्द्रीय सदस्य श्री मानबहादुर विश्वकर्मा | -सदस्य |
| ५. केन्द्रीय सदस्य श्री दिलेन्द्रप्रसाद बडू | -सदस्य |
| ६. केन्द्रीय सदस्य श्री महालक्ष्मी उपाध्याय 'डिना; | -सदस्य |
| ७. केन्द्रीय सदस्य श्री आनन्दप्रसाद ढुंगाना | -सदस्य |
| ८. केन्द्रीय सदस्य श्री नविन्द्रराज जोशी | -सदस्य |
| ९. केन्द्रीय सदस्य श्री सिता गुरु | -सदस्य |
| १०. केन्द्रीय सदस्य श्री प्रदिप पौडेल | -सदस्य |
| ११. केन्द्रीय सदस्य श्री रमेश लेखक | -सदस्य |

साथै, २०७५ भाद्र १७ गते जिल्ला सभापतिहरुको तर्फबाट श्री मदनबहादुर अमात्य र श्री अमरसिंह पुनलाई समितिको स्थायी आमन्त्रीत सदस्यको रुपमा मनोनयन गरिएको थियो ।

यस समितिको गठन लगत्तै २०७५ भाद्र ८ गते बसेको समितिको प्रथम बैठकबाट यस समितिको सदस्य-सचिवमा पार्टी केन्द्रीय कार्यालयका सचिव अधिवक्ता केशव रिजाललाई नियुक्त गर्ने निर्णय गर्‍यो । २०७५ भाद्र १० गते बसेको बैठकले केन्द्रीय विधान संशोधन मस्यौदा समितिको कार्यविधि २०७५ लाई स्वीकृत गर्‍यो । नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिका पदाधिकारी एवं सदस्यहरु, नेपाली कांग्रेस संसदीय दल, नेपाली कांग्रेस प्रदेश सभा संसदीय दल, पार्टीका भ्रातृ संघ एवं शुभेच्छुक संस्थाहरु, विदेशस्थित जनसम्पर्क समितिहरुलाई पार्टीको विधानमा के कस्तो संशोधन र परिमार्जन आवश्यक छ, सो सम्बन्धमा २०७५ भाद्र २१ गतेभित्र केन्द्रमा आइपुग्ने गरि लिखित राय सुझाव

दिनका लागि अनुरोध गर्ने समितिको निर्णय सहित पत्राचार गरिएको थियो । सोही दिनको बैठकको निर्णयबाट नेपाली कांग्रेसका सदस्यहरु, मतदाताहरु लगायत सर्वसाधारण सबैबाट पार्टीको विधानमा गरिनु पर्ने संशोधन र परिमार्जनका विषयमा राय सुझाव दिनका लागि अनुरोध सहित सूचना समेत जारी गरिएको थियो ।

यसैगरी, २०७५ भाद्र १५ गते बसेको बैठकले पार्टीको विधान संशोधनका विषय, सिद्धान्त र आधारहरुको पहिचान गरि तीनवटा उपसमिति गठन गरि समितिको कामलाई अगाडि बढाउने निर्णय गऱ्यो । जसअनुसार (१) संरचना सम्बन्धि उपसमिति (२) कार्यविभाजन सम्बन्धि उपसमिति (३) अन्य निकाय तथा आन्तरिक व्यवस्थापन सम्बन्धि उपसमिति ।

उपरोक्त तीनवटै उपसमितिहरुलाई पार्टीको विद्यमान विधानका सम्पूर्ण शीर्षकको विभाजन गरि संशोधनका विषयमा मस्यौदा तयार गर्नका लागि जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो । साथै, समितिका सदस्यहरु डा. मिनेन्द्र रिजाल, श्री दिलेन्द्रप्रसाद बडू, श्री सीता गुरु  र श्री मदनबहादुर अमात्य - कार्य विभाजन सम्बन्धि उपसमितिमा, श्री फरमुल्लाह मंसुर, श्री महालक्ष्मी उपाध्याय 'डिना;, श्री आनन्दप्रसाद ढुंगाना र श्री नविन्द्रराज जोशी - संरचना सम्बन्धि उपसमितिमा र श्री मानबहादुर विश्वकर्मा, श्री प्रदिप पौडेल, श्री रमेश लेखक र श्री अमरसिंह पुन - अन्य निकाय तथा आन्तरिक व्यवस्थापन सम्बन्धि उपसमितिमा रहेर कार्य गर्ने गरि जिम्मेवारी प्रदान गरिएको थियो । उपरोक्त उपसमितिहरुलाई २०७५ भाद्र २३ गतेभित्र तोकिए बमोजिमका सम्बन्धित शीर्षकमा संशोधनको मस्यौदा तयार गर्नका लागि समयावधि तोकिएको थियो । त्यसपछि उपसमितिहरुले तयार गरेका मस्यौदा समितिमा प्राप्त भएपछि उक्त अलग-अलग मस्यौदालाई एकिकृत गरि पार्टी केन्द्रमा प्राप्त सुझाव समेत समेटेर समितिको पूर्ण बैठकमा पेश गर्नका लागि श्री दिलेन्द्रप्रसाद बडू, श्री आनन्दप्रसाद ढुंगाना र श्री रमेश लेखक रहनु भएको एक छुट्टै उपसमितिको गठन गरि २०७५ आश्विन १ गतेभित्र विधान संशोधनको प्रारम्भिक एकिकृत मस्यौदा तयार गरि समितिको बैठकमा पेश गर्नका लागि जिम्मेवारी प्रदान गर्ने निर्णय गरिएको थियो ।

२०७५ भाद्र १७ गते पार्टी विधानमा गरिनु पर्ने संशोधन र परिमार्जनका विषयमा पार्टी केन्द्रीय कार्यसमितिका पदाधिकारी, पूर्व पदाधिकारी, संसदीय दलका उपनेता, प्रमुख सचेतक, राष्ट्रिय सभा संसदीय दलका नेतासंग यस समितिले छलफल गरि राय सुझाव लिने कार्य गरेको थियो । साथै, २०७५ आश्विन ३ गते बसेको समितिको बैठकले समितिद्वारा तयार गरिएको पार्टी विधानको प्रारम्भिक मस्यौदालाई सर्वसम्मत रुपमा पास गर्ने निर्णय गऱ्यो र उक्त मस्यौदा उपर राय सुझाव संकलनका लागि देशभरका सातवटै प्रदेशका बाह्र स्थानमा राय सुझाव संकलन भेलाको आयोजना गर्ने निर्णय गऱ्यो । जस अनुसार, २०७५ आविश्न ८ र ९ गते इलाम, आश्विन ११ र १२ गते विराटनगर, आश्विन ९ र १० गते जनकपुर, आश्विन १२ र १३ गते विरगंज, आश्विन ८ र ९ गते पार्टी केन्द्रीय

कार्यालय सानेपा, आश्विन ११ र १२ गते धुलिखेल, आश्विन ९ र १० गते भैरहवा, आश्विन १२ र १३ गते घोराही, आश्विन ८ र ९ गते विरेन्द्रनगर र आश्विन ११ र १२ गते धनगढीमा पार्टीका केन्द्रीय पदाधिकारी, पूर्व पदाधिकारीहरुको प्रमुख उपस्थिति र पार्टीका केन्द्रीय सदस्यहरु एवं विधान मस्यौदा समितिका सदस्यहरुको उपस्थितिमा महासमिति सदस्य, जिल्ला सभापति, महाधिवेशन प्रतिनिधि, सांसद, पूर्व सांसद, जिल्लास्थित भ्रातृ एवं शुभेच्छुक संघ संस्थाका अध्यक्षँसभापतिको उत्साहजनक सहभागितामा राय सुझाव संकलन कार्यक्रमहरु सम्पन्न भए । राय सुझाव संकलनका उल्लेखित सबै स्थानमा भएका कार्यक्रममा कार्यक्रम संचालन विधि, सहभागिता, आवास भोजन लगायतका विषयमा एकनासको मापदण्ड निर्धारण गरि राय सुझाव संकलनका कार्यक्रमहरु सफलतापूर्वक सम्पन्न गरिएको थियो । यस समितिको २०७५ साल आश्विन १७ गते बसेको बैठकले देशका १२ वटै स्थानमा आयोजित कार्यक्रममा प्रमुख अतिथिको रुपमा उपस्थित भई विधान मस्यौदा संशोधन समितिको कार्यलाई हौसला प्रदान गर्नु भएकोमा पार्टी सभापति, वरिष्ठ नेता, महामन्त्री, कोषाध्यक्ष, सहमहामन्त्री, पूर्व पदाधिकारी एवं केन्द्रीय सदस्यहरु लगायत सहभागि महासमिति सदस्य, जिल्ला सभापति, आयोजक जिल्ला कार्यसमिति, महाधिवेशन प्रतिनिधि, सांसद, पूर्व सांसद, जिल्लास्थित भ्रातृएवं शुभेच्छुक संघ संस्थाका अध्यक्षँसभापति, सहजीकरणमा सहयोगी डेमोक्रेटिक लयर्श एशोसिएसनका साथीहरु र समाचार प्रकाशन, प्रशारण र सम्प्रेषणमा सहयोग पुऱ्याउने सम्पूर्ण संचारकर्मी साथीहरु लगायत सबैलाई हार्दिक धन्यवाद प्रकट गर्ने निर्णय गरिएको थियो ।

त्यसपछि, सातवटै प्रदेशमा खटिनु भएका समितिका सदस्यहरुले संकलन गर्नु भएको राय सुझावलाई टोली प्रमुखद्वारा २०७५ आश्विन १७ गतेको समितिको बैठकमा प्रस्तुत गर्नु भएको थियो । सातवटै प्रदेशबाट प्राप्त सुझावलाई अध्ययन गरि विधान संशोधनको मस्यौदा उपर पुनः दफावार छलफल गरि मस्यौदालाई परिष्कृत गर्ने कार्य प्रारम्भ गरियो ।

२०७५ भाद्र ८ गतेदेखि २०७५ मंसिर ८ गतेसम्म यस समितिका जम्मा २९ वटा औपचारिक बैठक बसेको र करिव ३५० घण्टा कार्य गरेको तथा अनेक अनौपचारिक बैठक बसि विधान संशोधनको मस्यौदा उपर गहन अध्ययन, विश्लेषण र छलफल गरेको थियो । यस समितिले गठन गरेका विभिन्न उपसमितिहरुको छुट्टाछुट्टै बैठक पनि दर्जनौ पटक बसेर विधान संशोधन मस्यौदा समितिको कार्यलाई सहज र व्यवस्थित गर्नका लागि विभिन्न निर्णय गरि तोकिएको कार्य सम्पन्न गरेको थियो ।

यस समितिको गठन पश्चात करिव दैनिक जसो समितिका औपचारिक, अनौपचारिक बैठक, छलफल, भेलाको आयोजना गरि नेपाली कांग्रेसको ऐतिहासिक विधानलाई मुलुकको संघीय संरचना र समयानुकुल संशोधन र परिमार्जन गर्नका लागि पार्टीका सबै तह र जिम्मेवारीमा रहेका सदस्य, समर्थक, शुभेच्छुक समेत सबैबाट राय सुझाव संकलन कार्यलाई निरन्तरता दिदै थप राय सुझाव पनि प्राप्त भएका थिए । देशका बाह्रै स्थानमा आयोजित राय सुझाव संकलन भेला, हेटौडामा सम्पन्न

जिल्ला सभापतिहरुको राष्ट्रिय भेला, भ्रातृ एवं शुभेच्छुक संघ संस्थाबाट प्राप्त सुझाव, स्वदेशभित्र र वाहिरबाट प्राप्त राय सुझाव समेतलाई गम्भीर छलफल र विश्लेषण गरि समितिले नेपाली कांग्रेसको विधान २०१७ मा आवश्यक संशोधन र परिमार्जनका लागि प्रस्तावित मस्यौदा तयार गरि यसै प्रतिवेदनका साथ केन्द्रीय कार्यसमितिको यो बैठकमा समितिका तर्फबाट प्रस्तुत गरेको छु।

प्रस्तुत मस्यौदामा उल्लेखित नयाँ व्यवस्था र संशोधनका लागि प्रस्तावित मूलभूत विषयहरु संक्षेपमा देहाय बमोजिम रहेका छन्।

१. प्रस्तावनामा केही तथ्यगत ऐतिहासिक घटनाक्रम थप गरिएको छ।

२. विद्यमान विधानमा कायम साधारण सदस्यता हटाई द्धनेपाली कांग्रेसको सदस्य" बनाइएको छ, र नवीकरण पश्चात नेपाली कांग्रेसको सदस्यलाई क्रियाशील सदस्य भनिनेछ।

३. सदस्यता वितरण कार्यलाई सहज र व्यापक बनाइएको छ।

४. सदस्यता प्राप्त गर्नका लागि र नवीकरण गर्नका लागि संस्थागत एवं पारदर्शी कार्यविधि, आवश्यक योग्यता, शिफारिस गर्ने प्रक्रिया, सदस्यता प्रदान गर्ने तथा नवीकरण गर्ने कार्यविधि, सदस्यता सम्बन्धी उजुरी र पुनरावेदन सम्बन्धि व्यवस्था, केन्द्रीय सदस्यता व्यवस्थापन समिति सम्बन्धि व्यवस्था, सदस्यता दर्ता किताव, विदेशी जनसम्पर्क समिति सम्बन्धि व्यवस्था, सदस्यता सम्बन्धि अन्य थप व्यवस्था सम्बन्धि प्रावधान स्पष्ट उल्लेख गरिएको छ।

५. स्थानीय तहको संगठनको छुट्टै परिच्छेदमा स्पष्ट व्यवस्था गरिएको छ।
   - टोल कार्यसमिति -गाउँपालिका वडा कार्यसमितिॐ नगरपालिकाॐउपमहानगरॐमहानगर वडा कार्यसमिति- गाउँपालिका कार्यसमितिॐनगरपालिकाॐउपमहानगरपालिकाॐ महानगरपालिका कार्यसमिति- प्रदेश सभा क्षेत्रीय कार्यसमिति- प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति -जिल्ला कार्यसमिति तथा कार्यसम्पादन समितिहरु।

६. प्रदेश कार्यसमिति, प्रदेश महाधिवेशन प्रतिनिधि, प्रदेश महासमिति सदस्य सम्बन्धि व्यवस्था गरिएको छ।

७. केन्द्रीय महाधिवेशन प्रतिनिधि र केन्द्रीय महासमितिको सदस्यको संख्या पुरानो संख्यामा नघट्ने गरि कायम गरिएको छ।

८. केन्द्रीय कार्यसमिति र केन्द्रीय कार्यसम्पादन समितिको संख्यामा परिवर्तन गरिएको छ।

९. पार्टीको तर्फबाट सबै तहमा हुने उम्मेदवारको योग्यता, संसदीय समिति, तहगत रुपमा उम्मेदवारको सिफारिस, उम्मेदवारको अनुमोदन र निर्णय सम्बन्धि व्यवस्थालाई विकेन्द्रीत गरि छुट्टै परिच्छेदमा व्यवस्था गरिएको छ।

१०. अनुशासन समिति सम्बन्धि व्यवस्थालाई थप फराकिलो र व्यवस्थित बनाइएको छ (तहगत पुनरावेदनको व्यवस्था सहित केन्द्रीय-प्रदेश- जिल्ला अनुशासन समिति गरि तीन तहको व्यवस्था गरिएको)।

११. केन्द्रीय निर्वाचन समिति सम्बन्धि व्यवस्थालाई थप परिष्कृत गरिएको छ।

१२. केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठानको नाम संशोधन गरि केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान कायम गरिएको छ। काम, कर्तव्य र अधिकार सम्बन्धि थप व्यवस्थाहरु स्पष्ट गरिएको छ। स्थायी सचिवालयको व्यवस्था, सदस्यको संख्या थप गरि ५१ गरिएको छ।

१३. केन्द्रीय विभाग (२८ वटा) प्रदेश विभाग (२२ वटा) हरुको व्यवस्था गरि केन्द्रीय विभागको सदस्य संख्या ५१ कायम गरि काम, कर्तव्य र अधिकार स्पष्ट गरिएको छ ।

१४. भ्रातृ संघ र शुभेच्छुक संस्था सम्बन्धि व्यवस्थालाई थप व्यवस्थित बनाई पार्टीको जिम्मेवारी र भ्रातृ संघॲँशुभेच्छुक संस्थाका जिम्मेवारीको बारेमा थप स्पष्ट बनाइएको छ ।

१५. नेपालको संविधान र प्रचलित कानूनलाई समेत मध्यनगर गरि सबै तहका संरचनामा सम्बन्धित तहको भूगोल र जनसंख्याको बनोट अनुसार समानुपातिक समावेशी प्रतिनिधित्वको व्यवस्थालाई सुनिश्चित गरिएको छ ।

१६. पार्टीका सबै तहका कार्यसमितिको सभापति पदको निर्वाचनमा निर्वाचित सभापति पछि दोस्रो बढी मत प्राप्त गर्ने व्यक्ति सम्बन्धित कार्यसमितिको सदस्य हुने व्यवस्था थप गरिएको छ ।

१७. संक्रमणकालीन अवस्थाका बारेमा स्पष्ट व्यवस्था गरिएको छ ।

१८. पार्टीमा विशिष्ठ योगदान पुऱ्याएका, २०४६ पूर्व पार्टीको पदाधिकारी भई काम गरेका तथा राष्ट्रिय जीवनका विविध क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका व्यक्तिलाई पार्टीले सम्मान र अभिनन्दन गर्ने व्यवस्था गरिएको छ ।

१९. जिल्ला -जिल्लाॲँप्रदेशॲँकेन्द्र सम्पर्क समितिको व्यवस्था गरिएको छ ।

२०. एउटै व्यक्ति पार्टी र भ्रातृ संघ एवं शुभेच्छुक संस्थाको दोहोरो जिम्मेवारीमा रहन नपाउने व्यवस्था थप गरिएको छ ।

२१. एउटै व्यक्ति एक भन्दा बढी भ्रातृ संघॲँशुभेच्छुक संस्थाको सदस्य हुन नपाउने व्यवस्था थप गरिएको छ ।

नेपाली कांग्रेसको विधानलाई संशोधन गर्ने कार्य आफैमा अत्यन्त चुनौतीपूर्ण र जिम्मेवारीपूर्ण कार्य रह्यो । देशभरका पार्टीका नेता, कार्यकर्ता, समर्थक र शुभेच्छुकको भावनालाई समेटेर विधान मस्यौदा तयार गर्नु सजिलो कार्य थिएन । तथापी, यस समितिले यथासम्भव सबैको भावनालाई समेट्ने गरि समयानुकुल विधान संशोधनको मस्यौदा तयार गर्ने कोशिष गरेको छ ।

नेपाली कांग्रेसका सदस्य, समर्थक, शुभेच्छुकका साथै स्वदेशभित्रका अन्य राजनीतिक दल, नागरिक समाज लगायत अन्य छिमेकी देशका राजनीतिक दलहरुले समेत नेपाली कांग्रेसको विधानले गर्ने नयाँ व्यवस्थाका बारेमा चासो व्यक्त गरिरहेको अवस्थामा केन्द्रीय कार्यसमितिको यो सम्मानीत बैठकले सबैको भावनालाई आत्मसात गरि पार्टी संगठनलाई थप क्रियाशील र सुदृढ हुने गरि यथाशक्य सर्वस्वीकार्य विधानको मस्यौदा तयार गरि आगामी महासमितिको बैठकमा प्रस्तुत गर्नेछ भन्ने विश्वास यस समितिले लिएको छ ।

अन्त्यमा, नेपाली कांग्रेसको विधानलाई संशोधन र परिमार्जन गर्नका लागि गठित समितिको संयोजकको जिम्मेवारी प्रदान गर्नु भएकोमा पार्टी सभापतिज्यू र सिंगो केन्द्रीय कार्यसमितिप्रति मेरो व्यक्तिगत र समितिको तर्फबाट हार्दिक धन्यवाद प्रकट गर्दछु । साथै, आफ्ना पूर्व निर्धारित विभिन्न महत्वपूर्ण कार्यक्रमहरुलाई समेत स्थगन गरि साझा दायित्व र जिम्मेवारीका साथ समितिको कार्यमा

**अहोरात्र खट्नु हुने समितिका सदस्य साथीहरु, समितिका सदस्य सचिव लगायत केन्द्रीय कार्यालयबाट समितिको कार्यमा खटिएका कर्मचारी साथीहरु, संचारकर्मी मित्रहरु र समितिको कार्यमा सहयोग पुऱ्याउनु हुने सबैप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु ।**

**जय नेपाल !**

**पूर्णबहादुर खड्का**
**महामन्त्री**
**एवं**
**संयोजक, विधान संशोधन मस्यौदा समिति -२०७५**

**२०७५ मंसिर ९ गते ।**

**विधान संशोधन मस्यौदाका केही दफामा समितिका केही सदस्यहरुबाट आएका फरक विचारहरु पाना तीन यसै साथ संलग्न छन् ।**

अनुसुची-९
नेपाली कांग्रेस
(विधान संशोधन गर्ने प्रस्ताव प्रस्तुत गर्ने ढाचा)
(नियम ५५ सँग सम्बन्धित)

नेपाली कांग्रेसको विधान, २०१७ (संशोधित र परिमार्जित) लाई संशोधन गर्नु आवश्यक देखिएकोले निम्न बमोजिमको संशोधन प्रस्ताव प्रस्तुत गरेका छौं ।

| हाल भएको व्यहोरा | संशोधनको व्यहोरा | |
|---|---|---|
| **नेपाली कांग्रेसको विधान, २०१७**<br><br>*(२०५१, २०५४, २०५७, २०६२, २०६४, २०६६, २०६९ र २०७२ मा संशोधन र परिमार्जन गरी मिलाइएको रूपमा)*<br><br>प्रस्तावना : जननायक बी.पी. कोइरालाको सक्रियतामा वि.सं. २००३ सालमा नेपाली राष्ट्रिय कांग्रेसको गठन भई वि.सं. २००६ सालमा नेपाली राष्ट्रिय कांग्रेस र नेपाल प्रजातन्त्र कांग्रेसका बीच सम्पन्न एकीकरणपश्चात् नेपाली कांग्रेसको नामबाट सङ्गठित र सञ्चालित यस पार्टीले सशस्त्र आन्दोलनद्वारा जहानियाँ राणा शासनको अन्त्य गरी वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना गरेको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै,<br><br>असङ्ख्य शहीदहरूको रगतले सिञ्चित नेपाली जनताको स्नेह एवं विश्वासले पोषित क्रान्तिकारी पार्टीका हैसियतले वि.सं. २०१५ सालको प्रथम आमनिर्वाचनमा विजयी भएर सरकार गठन गर्ने सुअवसर प्राप्त यस पार्टीले जनहितका लागि काम गर्दा गर्दै वि.सं. २०१७ मा बलात् प्रजातन्त्र अपहरित भएपछि वि.सं. २०४६ सालको अन्त्यसम्म प्रतिबन्धात्मक रूपमा रही प्रजातन्त्र पुनःस्थापनार्थ निरङ्कुश पञ्चायती व्यवस्थाका विरूद्ध गरेका अनवरत सङ्घर्षलाई सम्झना गर्दै,<br><br>वि.सं. २०४६ सालमा यही पार्टीको आह्वान र सर्वमान्य नेता गणेशमान सिंहको नायकत्वमा जन-आन्दोलन गरी प्रजातन्त्रको पुनःस्थापना गर्न सफल भएपश्चात् नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न नागरिकका रूपमा प्रतिष्ठापित गर्नाका साथै संवैधानिक राजतन्त्र, मानव अधिकार, संसदीय शासनप्रणाली र बहुदलीय व्यवस्थालाई प्रत्याभूत गर्न सफल भएको कीर्तिमानलाई स्मरण गर्दै,<br><br>नेपाली कांग्रेसका सभापति कृष्णप्रसाद भट्टराईले नेतृत्व गर्नु भएको सरकारले संवैधानिक राजतन्त्र र बहुदलीय शासन व्यवस्था सहितको संविधान २०४७ सालमा जारी गरी सो संविधान अन्तर्गत तीनवटा संसदीय आम निर्वाचन, दुई वटा स्थानीय निकायको निर्वाचन गरी प्रजातन्त्र सुदृढ हुँदै गैरहेको र जनहितका कार्यहरू भैरहेको अवस्थामा २०५९ सालमा शुरू भएको राजाको प्रतिगामी कदमबाट संसदीय शासन प्रणाली र बहुदलीय प्रजातन्त्र लगायतका संवैधानिक व्यवस्थाहरू क्षतविक्षत बनाइएपछि, नेपाली कांग्रेसको आह्वानमा नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा राजाको प्रतिगमनका विरूद्ध जनताको सर्वोच्चता स्थापित गराउन संचालन भएको संघर्षलाई निरन्तरता दिँदै देशका राजनीतिक दलहरूसँग समन्वय गरी संचालन भएको २०६२/०६३ को शान्तिपूर्ण संयुक्त जनआन्दोलनद्वारा संसद् पुनर्स्थापना गरेको गौरवमय किर्तिमान र तत्पश्चात् गिरिजाप्रसाद कोइरालाकै प्रधानमन्त्रीत्वमा बनेको सरकारको नेतृत्वमा प्रारम्भ भएको शान्ति प्रक्रिया र संसद्ले नेपालको अन्तरिम संविधान २०६३ जारी गरी सार्वभौमसत्ता र राजकीयसत्ता पूर्णरूपले जनतामा स्थापित गरेको ऐतिहासिक घटनालाई स्मरण गर्दै;<br><br>नेपाली कांग्रेस र नेपाली कांग्रेस (प्रजातान्त्रिक) बीच भएको एकीकरणपश्चात् २०६४ असोजमा बी.पी. स्मृति भवन, बी.पी. नगर, सानेपा, ललितपुरमा भएको महासमितिको बैठकले देशमा संघीय गणतन्त्रात्मक राज्य संरचना एवं बहुदलीय संसदीय लोकतान्त्रिक शासन व्यवस्था स्थापना गर्ने गरी गरेको निर्णय र संविधानसभाको निर्वाचन पश्चात् नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वको सरकारले संविधानसभाको निर्वाचन गरी गणतन्त्र कार्यान्वयनको लागि संविधानसभाको पहिलो बैठकमा पेश गरेको प्रस्ताव पारित भई नेपालमा राजतन्त्रको अन्त्य भई संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको ऐतिहासिक उपलब्धिप्रति गर्व गर्दै; | नेपाली कांग्रेसको विधान, २०१७<br>*(संशोधन सहित)*<br>१. पहिलो संशोधन २०५१/११/२३<br>२. दोस्रो संशोधन २०५४/७/७<br>३. तेस्रो संशोधन २०५७/१०/७<br>४. चौथो संशोधन २०६२/५/१५<br>५. पाँचौ संशोधन २०६४/६/८<br>६. छैठौं संशोधन २०६६/७/१८<br>७. सातौ संशोधन २०६९/१२/२८<br>८. आठौ संशोधन २०७२/११/२३<br>९. नवौ संशोधन २०७५/९/ ......<br><br>प्रस्तावना :<br>जननायक बी.पी. कोइरालाको सक्रियतामा वि.सं. २००३ सालमा नेपाली राष्ट्रिय कांग्रेसको गठन भई वि.सं. २००६ सालमा नेपाली राष्ट्रिय कांग्रेस र नेपाल प्रजातन्त्र कांग्रेसकाबीच सम्पन्न एकीकरणपश्चात् नेपाली कांग्रेसको स्थापना भई निरन्तर क्रियाशील यस पार्टीले सशस्त्र आन्दोलनद्वारा जहानियाँ राणा शासनको अन्त्य गरि वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना गरेको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै,<br><br>नेपाली नागरिकको स्नेह एवं विश्वासको जगमा निर्मित बीर शहीदहरूको रगतले सिञ्चित क्रान्तिकारी पार्टीका हैसियतले नेपाली कांग्रेसका नेता सुवर्ण शम्शेर राणाको नेतृत्वको सरकारले सम्पन्न गरेको वि.सं. २०१५ सालको प्रथम संसदीय आम निर्वाचनमा दुई तिहाई भन्दा बढी मतबाट विजयी भई सरकार गठन गर्ने सुअवसर प्राप्त यस पार्टीले जनहितका लागि काम गरिरहेको अवस्थामा, वि.सं. २०१७ साल पुस १ गते तत्कालीन राजाबाट प्रजातन्त्रको बलात् अपहरण पश्चात वि.सं. २०४६ सालको अन्त्यसम्म प्रतिवन्धित रूपमा रही प्रजातन्त्र पुनःस्थापनार्थ निरङ्कुश पञ्चायती व्यवस्थाका विरूद्ध वि.स. २०४२ सालको सत्याग्रह र राजनीतिक अभियान तथा सबै आन्दोलन समेतका अनवरत सङ्घर्षलाई सम्झना गर्दै,<br><br>वि.सं. २०४६ सालमा नेपाली कांग्रेसको आह्वान र सर्वमान्य नेता गणेशमान सिंहको नायकत्वमा तत्कालीन राजाको निरंकुशता र निर्दलीय पंचायती व्यवस्थाका विरुद्धमा शान्तिपूर्ण जन-आन्दोलन गरि प्रजातन्त्रको पुनःस्थापना गर्न सफल भएपश्चात् नेपाली नागरिकलाई सार्वभौमसत्ता सम्पन्न नागरिकका रूपमा पुनर्स्थापित गर्नाका साथै संवैधानिक राजतन्त्र, मानव अधिकार, संसदीय शासनप्रणाली र बहुदलीय व्यवस्थालाई प्रत्याभूत गर्न सफल भएको कीर्तिमानलाई स्मरण गर्दै,<br><br>नेपाली कांग्रेसका सभापति कृष्णप्रसाद भट्टराईले नेतृत्व गर्नु भएको सरकारले वि.स. २०४७ सालमा, संवैधानिक राजतन्त्र र बहुदलीय शासन व्यवस्था सहितको संविधान जारी गरि सो संविधान अन्तर्गत तीनवटा संसदीय आम निर्वाचन, दुई वटा स्थानीय निकायको निर्वाचन गरि प्रजातन्त्र सुदृढ हुँदै गैरहेको र जनहितका कार्यहरू भैरहेको अवस्थामा वि.स. २०५९ सालमा शुरू भएको राजाको प्रतिगामी कदमबाट संसदीय शासन प्रणाली र बहुदलीय प्रजातन्त्र लगायतका संवैधानिक | |

| | | |
|---|---|---|
| नेपाली कांग्रेसले आफ्नो जन्मकालदेखि प्रतिपादन गरेको राष्ट्रियता, लोकतन्त्र र समाजवादका आदर्श, मूल्य र मान्यताका आधारमा न्यायपूर्ण, गतिशील, स्वतन्त्र र समतामूलक समाजको स्थापनाका लागि देखाएको प्रतिवद्धता र यस पार्टीका नेता एवं कार्यकर्ताले गरेको त्याग, तपस्या र बलिदानपूर्ण देशभक्तिको लामो परम्परालाई निरन्तरता दिन बलिदान हुने एवं हिंसात्मक द्वन्द्वको बेलामा समेत पार्टी सिद्धान्त र मुलुकमा स्थायी शान्तिका निमित्त जीवन उत्सर्ग गर्ने शहीद साथीहरूको सहादतलाई सम्मान गर्दै,<br><br>राष्ट्रियता र लोकतन्त्रको संरक्षण र संवर्द्धन गर्दै नेपाललाई सभ्य, सुखी र सम्पन्न राष्ट्रका रूपमा स्थापित गरी सामाजिक, राजनीतिक र आर्थिक विकास गर्ने पुनीत उद्देश्यले नेपाली कांग्रेसलाई एकताबद्ध, सुसङ्गठित र सक्षम राजनीतिक दलका रूपमा सञ्चालन गर्नका लागि, नेपाली कांग्रेसको विधान, २०१७ लाई समसामयिक, व्यवहारिक र वैज्ञानिक बनाउन परिमार्जनसहित संशोधन गर्न आवश्यक भएकाले,<br><br>नेपाली कांग्रेसको आठौं महाधिवेशन, २०४८ ले दिएको अधिकार प्रयोग गरी पोखरामा सम्पन्न महासमितिको बैठक (२०५१ फागुन २३ का दिन) पारित गरेको पहिलो संशोधित विधानलाई नवौं महाधिवेशन, २०५३ ले दिएको अधिकार प्रयोग गरी नेपालगञ्जमा बसेको महासमितिको बैठकले (२०५४ कार्तिक ७ का दिन) दोस्रो संशोधन पारित गरेको र त्यसपछि पोखरामा सम्पन्न दशौं महाधिवेशनले ( २०५७ माघ ७ गते) बाट तेस्रो संशोधन र २०६२ भाद्र १५ मा एघारौं महाधिवेशनबाट भएको चौथो संशोधन त्यसपछि महासमितिको बैठकले मिति २०६४/६/८ मा पाँचौं संशोधन भएकोमा महासमितिको बैठक (२०६६ कार्तिक १८ गते) मा छैठौं, २०६९ चैत्र २६–२८ मा भएको महासमितिको बैठकले सातौं संशोधन गरी २०७२ फाल्गुण २०–२३ मा सम्पन्न पार्टीको तेह्रौं महाधिवेशनबाट नेपाली कांग्रेसको विधान, २०१७ मा आठौं संशोधन सहित लागू गरेको छ। | व्यवस्थाहरू क्षतविक्षत बनाइएपछि, नेपाली कांग्रेसको आह्वानमा नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा राजाको प्रतिगमनका विरूद्ध नागरिकको सर्वोच्चता स्थापित गराउन संचालन भएको संघर्षलाई निरन्तरता दिदै, देशका राजनीतिक दलहरूसँग समन्वय गरि संचालन भएको वि.स. २०६२/०६३ सालको शान्तिपूर्ण संयुक्त जनआन्दोलनद्वारा संसद् पुनर्स्थापना गरेको गौरवमय किर्तिमान र तत्पश्चात् गिरिजाप्रसाद कोइरालाकै प्रधानमन्त्रीत्वमा बनेको सरकारको नेतृत्वमा प्रारम्भ भएको शान्ति प्रक्रिया र संसद्ले नेपालको अन्तरिम संविधान २०६३ जारी गरि सार्वभौमसत्ता र राजकीयसत्ता पूर्णरूपले नागरिकमा स्थापित गरेको ऐतिहासिक घटनालाई स्मरण गर्दै;<br><br>नेपाली कांग्रेस र नेपाली कांग्रेस (प्रजातान्त्रिक) बीच भएको एकीकरणपश्चात् वि.स. २०६४ साल असोजमा बी.पी. स्मृति भवन, बी.पी. नगर, सानेपा, ललितपुरमा भएको महासमितिको बैठकले देशमा संघीय गणतन्त्रात्मक राज्य संरचना एवं बहुदलीय संसदीय लोकतान्त्रिक शासन व्यवस्था स्थापना गर्न गरेको निर्णय र नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वको सरकारले संविधानसभाको निर्वाचन गरि गणतन्त्र कार्यान्वयनको लागि वि.स. २०६५ साल जेष्ठ १५ गते संविधानसभाको पहिलो बैठकमा पेश गरेको प्रस्ताव पारित भई नेपालमा राजतन्त्रको अन्त्य र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको ऐतिहासिक उपलब्धिप्रति गर्व गर्दै;<br><br>नेपाली कांग्रेसका सभापति सुशील कोइरालाको नेतृत्वमा दोस्रो संविधानसभाबाट वि.स. २०७२ सालमा बहुलवादमा आधारित संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान निर्माण गरि जारी गरेको ऐतिहासिक कृतिमान प्रति गर्व गर्दै;<br><br>पार्टी सभापति शेरबहादुर देउवाको नेतृत्वमा स्थानीय, प्रदेश र संघीय तीनै तहको निर्वाचन स्वतन्त्र, निश्पक्ष र शान्तिपूर्ण तवरले सम्पन्न गरि नागरिकका आकांक्षा अनुरुप बहुलवादमा आधारित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान कार्यान्वयन गरेको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै;<br><br>नेपाली कांग्रेसले आफ्नो जन्मकालदेखि मौलिक रुपमा नेपालको सन्दर्भमा प्रतिपादन गरेको राष्ट्रियता, लोकतन्त्र र समाजवादका आदर्श, मूल्य र मान्यताका आधारमा न्यायपूर्ण, गतिशील, स्वतन्त्र र समतामूलक समाजको स्थापनाका लागि देखाएको प्रतिवद्धता र यस पार्टीका नेता एवं कार्यकर्ताले गरेको त्याग, तपस्या र बलिदानपूर्ण देशभक्तिको लामो परम्परालाई निरन्तरता दिन बलिदान हुने एवं हिंसात्मक द्वन्द्वको बेलामा समेत पार्टी सिद्धान्त र मुलुकमा स्थायी शान्तिका निमित्त जीवन उत्सर्ग गर्ने श्रद्धेय बीर शहीदहरूको सहादतलाई सम्मान गर्दै;<br><br>राष्ट्रियता र लोकतन्त्रको संरक्षण र संवर्द्धन गर्दै लोकतान्त्रिक समाजवादको आदर्श अनुरुप समानुपातिक समावेशी सिद्धान्तका आधारमा नेपाललाई सभ्य, सुखी र सम्पन्न राष्ट्रका रूपमा स्थापित गरि राजनीतिक, सामाजिक र आर्थिक विकास गर्ने उद्देश्यले नेपाली कांग्रेसलाई एकताबद्ध, सुसङ्गठित र नेतृत्वदायी राजनीतिक दलका रूपमा सञ्चालन गर्नका लागि, नेपाली कांग्रेसको विधान, २०१७ लाई समसामयिक, व्यवहारिक र बैज्ञानिक बनाउन वाञ्छनीय भएकोले यो विधान संशोधन सहित लागु गरिएको छ। | |
| परिच्छेद-१<br>**प्रारम्भिक**<br><br>१. नाम र प्रारम्भ : (१) यस विधानको नाम "नेपाली कांग्रेसको विधान २०१७" (२०५१, २०५४, २०५७, २०६२, २०६४, २०६६, २०६९ र २०७२ मा संशोधन र परिमार्जन गरिएको) भनिनेछ।<br>(२) यो विधान तुरून्त प्रारम्भ हुनेछ।<br>(३) यस विधानको पालना गर्नु प्रत्येक सदस्यको कर्तव्य हुनेछ।<br>(४) नेपाली कांग्रेस पार्टीको सम्पूर्ण काम कारवाई यसै विधानमा लेखिएअनुसार हुनेछ।<br><br>२. उद्देश्य : राष्ट्रियता, लोकतन्त्र, समाजवादको आदर्श एवं सिद्धान्त अनुरूप संघीय गणतन्त्रात्मक राज्य, बहुलवादमा आधारित बहुदलीय व्यवस्था तथा संसदीय शासन प्रणालीको माध्यमबाट नेपालमा न्यायपूर्ण, | परिच्छेद-१<br>**प्रारम्भिक**<br><br>१. नाम र प्रारम्भ : (१) यस विधानको नाम "नेपाली कांग्रेसको विधान २०१७" (संशोधन सहित) भनिनेछ।<br>(२) यो विधान तुरून्त प्रारम्भ हुनेछ।<br>(३) यस विधानको पालना गर्नु प्रत्येक सदस्यको कर्तव्य हुनेछ।<br>(४) नेपाली कांग्रेस पार्टीको सम्पूर्ण काम कारवाई यसै विधानमा लेखिएअनुसार हुनेछ।<br>२. आदर्श र उदेश्य :<br>(१) आदर्श :<br>राष्ट्रियता, लोकतन्त्र र समाजवाद नेपाली कांग्रेसका आदर्श हुन्। | |

गतिशील र शान्तिपूर्ण समाजको निर्माण गरी सामाजिक, राजनीतिक तथा आर्थिक विकास गर्नु नेपाली कांग्रेसको उद्देश्य हुनेछ ।

३. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमाः–

(१) "क्षेत्र" भन्नाले मतदान केन्द्र, गाउँ, नगर, जिल्ला, संसदीय निर्वाचन क्षेत्र र विकास क्षेत्र भन्ने बुझाउनेछ ।

(२) "सदस्य" भन्नाले यसै विधानअनुसारका साधारण र क्रियाशील सदस्य भन्ने बुझाउनेछ ।

(३) "पदाधिकारी" भन्नाले नेपाली कांग्रेसको केन्द्रीय सभापति, उपसभापति, महामन्त्री, कोषाध्यक्ष र सहमहामन्त्रीलाई बुझाउने छ र सो शब्दले अन्य सबै तहका सभापति, उपसभापति, सचिव, कोषाध्यक्ष र सह-सचिवलाई समेत जनाउनेछ ।

(४) "निकाय" भन्नाले यस विधानअनुसार व्यवस्थित पार्टीका कुनै पनि तह, विभाग वा संस्थाहरूलाई समेत बुझाउनेछ ।

(५) "भ्रातृसंस्था" भन्नाले नेपाली कांग्रेसको उद्देश्य र सिद्धान्तलाई मान्ने वर्गीय र अन्य रचनात्मक क्रियाकलापमा संलग्न संस्थालाई बुझाउनेछ ।

(६) "शुभेच्छुक संस्था" भन्नाले पार्टीसँग आबद्ध नरहेका तर पार्टीले अँगालेका बृहत्तर आदर्शका निम्ति क्रियाशील र सहयोगी रहने लोकतान्त्रिक संघ, संस्था र समूहलाई जनाउनेछ ।

(७) "पार्टी" (दल) भन्नाले नेपाली कांग्रेस पार्टीलाई बुझाउनेछ ।

(८) "संसदीय दल" भन्नाले नेपाली कांग्रेस पार्टीको संसदीय दललाई बुझाउनेछ । सो शब्दले प्रदेशमा नेपाली कांग्रेसको प्रदेश संसदीय दललाई समेत बुझाउने छ ।

(९) "पार्टीका सांसद" भन्नाले संविधानसभा, प्रतिनिधि सभा, राष्ट्रिय सभामा पार्टीका तर्फबाट उम्मेदवार भई निर्वाचित सदस्य तथा कानूनबमोजिम पार्टीमा समावेश हुन आएका अन्य सांसदहरूसमेतलाई जनाउनेछ ।

(१०) "केन्द्र" भन्नाले केन्द्रीय कार्यसमिति र पार्टीको केन्द्रीय कार्यालयलाई समेत बुझाउनेछ ।

(११) "नियमावली" भन्नाले यस विधान बमोजिम केन्द्रीय कार्यसमितिले बनाएको नियमावलीलाई बुझाउनेछ ।

(१२) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले नियमावलीमा उल्लेख भएको वा केन्द्रीय कार्यसमितिले निर्णय गरी परिपत्र जारी गरेकोलाई समेत बुझाउनेछ ।

(२) उद्देश्यः

राष्ट्रियता, लोकतन्त्र र समाजवादको आदर्श एवं सिद्धान्त अनुरूप वहुलवादमा आधारित वहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणालीको माध्यमबाट प्रत्येक नागरिकका राजनीतिक, आर्थिक, सामाजिक, भाषिक तथा सांस्कृतिक एवं धार्मिक अधिकार र वैयक्तिक स्वतन्त्रताको प्रत्याभूति गर्दै, नागरिकको सुरक्षा, संरक्षण र समान अवसर उपलब्ध गराउन, न्यायपूर्ण, समतामूलक, गतिशील र शान्तिपूर्ण लोकतान्त्रिक समाज निर्माण गरि सम्पन्न नागरिक र समुन्नत राष्ट्र निर्माण गर्दै राजनीतिक, सामाजिक तथा आर्थिक विकासको लक्ष्य पूरा गर्ने र विश्वशान्ति एवं भातृत्व कायम गर्दै विश्वसामु नेपाललाई अखण्ड, सम्पन्न र स्वाभीमानी राष्ट्रका रुपमा परिचित गराउने नेपाली कांग्रेसको उद्देश्य हुनेछ ।

३. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमाः–

(१) "विधान" भन्नाले नेपाली कांग्रेसको विधान २०१७ (संशोधन सहित) लाई बुझाउनेछ ।

(२) "सदस्य" भन्नाले यसै विधानअनुसारका नेपाली कांग्रेसका सदस्यलाई बुझाउनेछ ।

(३) "क्षेत्र" भन्नाले टोल, गाउँ वडा, नगर वडा, गाउँपालिका, नगरपालिका, प्रदेश सभा निर्वाचन क्षेत्र, प्रतिनिधि सभा निर्वाचन क्षेत्र, जिल्ला र प्रदेश क्षेत्र समेतलाई बुझाउनेछ ।

(४) "पदाधिकारी" भन्नाले नेपाली कांग्रेसको केन्द्रीय र प्रदेश कार्यसमितिका सभापति, उपसभापति, महामन्त्री, कोषाध्यक्ष र सहमहामन्त्रीलाई बुझाउने छ र सो शब्दले अन्य सबै तहका सभापति, उपसभापति, सचिव, कोषाध्यक्ष र सह-सचिवलाई समेत जनाउनेछ ।

(५) "निकाय" भन्नाले यस विधानमा व्यवस्था गरिएका पार्टीका सबै तहका कार्यसमिति, सबै तहका अधिवेशन, महाधिवेशन, महासमिति, पार्टीका विभाग, समिति, कार्यदल लगायत पार्टीका सबै संरचनालाई बुझाउनेछ ।

(६) "भ्रातृ संघ" भन्नाले नेपाली कांग्रेसको आदर्श, उद्देश्य र सिद्धान्तलाई मान्ने वर्गीय र अन्य रचनात्मक क्रियाकलापमा संलग्न यसै विधानको धारा ४२ (१) बमोजिम गठन भएका भ्रातृ संघलाई बुझाउनेछ ।

(७) "शुभेच्छुक संस्था" भन्नाले पार्टीले अँगालेका आदर्श र उद्देश्यका निम्ती क्रियाशील र सहयोगी रहने यसै विधानको धारा ४२ (२) बमोजिम गठन भएका लोकतान्त्रिक संघ, संस्था र समूहलाई जनाउनेछ ।

(८) "पार्टी" वा दल भन्नाले नेपाली कांग्रेसलाई बुझाउनेछ ।

(९) "संसदीय दल" भन्नाले नेपाली कांग्रेस पार्टीको संसदीय दललाई बुझाउनेछ । सो शब्दले प्रदेशमा नेपाली कांग्रेसको प्रदेश सभा संसदीय दललाई समेत बुझाउने छ ।

(१०) "पार्टीका सांसद" भन्नाले प्रतिनिधि सभा, राष्ट्रिय सभा तथा प्रदेश सभाका सदस्यहरु र कानून बमोजिम पार्टीमा समावेश हुन आएका अन्य सांसदहरू समेतलाई जनाउनेछ ।

(११) "स्थानीय तह" भन्नाले यस विधान बमोजिम गठन हुने टोल, गाउँपालिका/नगरपालिका वडा, गाउँपालिका, नगरपालिका, प्रदेश सभा निर्वाचन क्षेत्र, प्रतिनिधि सभा निर्वाचन क्षेत्र र जिल्ला स्तरका अधिवेशन र कार्यसमितिलाई बुझाउनेछ ।

(१२) "केन्द्र" भन्नाले केन्द्रीय कार्यसमिति र पार्टीको केन्द्रीय कार्यालयलाई समेत बुझाउनेछ ।

(१३) "प्रदेश" भन्नाले प्रदेश कार्यसमिति र पार्टीको प्रदेश कार्यसमितिको कार्यालयलाई समेत बुझाउनेछ ।

(१४) "नगरपालिका" भन्नाले यस विधानमा अन्यथा व्यवस्था भएकोमा वाहेक उपमहानगरपालिका र महानगरपालिकालाई समेत बुझाउनेछ ।

(१५) "नियमावली" भन्नाले यस विधान बमोजिमको नियमावलीलाई बुझाउनेछ ।

| | | |
|---|---|---|
| | (१६) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले नियमावलीमा उल्लेख भएको वा केन्द्रीय कार्यसमितिले निर्णय गरि परिपत्र जारी गरेकोलाई समेत बुझाउनेछ । | |

| | | |
|---|---|---|
| परिच्छेद-२<br>सदस्यता<br><br>४. सदस्यता र सदस्यताको दर्ता किताब : (१) नेपाली कांग्रेसको विधान मानी पार्टी अनुशासनभित्र रहन मञ्जूर गर्ने अठार वर्ष उमेर पुगेको कुनै पनि नेपाली नागरिकले रू. १०/- (दश) शुल्क बुझाई साधारण सदस्य बन्न सक्नेछ ।<br>(२) क्रियाशील सदस्यताका लागि देहायबमोजिम योग्यता पुगेको साधारण सदस्यले क्षेत्रीय कार्यससमितिमा नियमावली बमोजिम आफ्नो गाउँ वा नगर कार्यसमिति मार्फत आवेदन दिनुपर्नेछ । तर छुट्टा छुट्टै संसदीय निर्वाचन क्षेत्रमा नगरका वडाहरू परेको भए नगर वडा कार्यसमिति मार्फत क्षेत्रीय कार्यसमितिमा आवेदन दिनुपर्नेछ -<br>(क) पार्टीको कार्यमा दैनिक रूपमा संलग्न रही लगातार दुई वर्ष साधारण सदस्य रहेको ।<br>(ख) कुनै भ्रातृसंस्था वा शुभेच्छुक संस्थाको साधारण सदस्य भई लगातार चार वर्ष सक्रियतापूर्वक काम गरेको ।<br><br>(३) नेपाली कांग्रेसको गाउँ, नगर कार्यसमिति वा नगर वडा कार्यसमितिले पार्टीले निर्धारित गरेको नियम र प्रक्रिया अनुसार साधारण सदस्यता दिन र नवीकरण गर्नुपर्नेछ ।<br><br>(४) गाउँ वा नगर वा नगर वडा कार्यसमितिले प्रस्तावित गरेको साधारण सदस्यलाई क्षेत्रीय कार्यसमितिको सिफारिसमा जिल्ला कार्यसमितिले अनुमोदन गरेको र केन्द्रीय सभापति वा महामन्त्रीले उपयुक्त ठानेको साधारण सदस्यलाई रू. २००/- (दुई सय) शुल्क लिई केन्द्रले क्रियाशील सदस्यता दिनेछ । | परिच्छेद-२<br>सदस्यता<br>४. नेपाली कांग्रेसको सदस्यता :<br>(१) नेपाली कांग्रेसको सदस्यता प्राप्त गर्ने योग्यता :<br>(क) देहायको योग्यता पुगेको नेपाली नागरिक तोकिए बमोजिमको शुल्क बुझाई नेपाली कांग्रेसको सदस्य बन्न सक्नेछ ।<br>(१) १८ वर्ष उमेर पुरा भएको ।<br>(२) नेपाली कांग्रेसको आदर्श, उद्देश्य, नीति र विधानमा आस्था भएको ।<br>(३) नेपाली कांग्रेसको अनुशासनभित्र रहन मञ्जूर गरेको ।<br>(४) प्रचलित कानूनले राजनीतिक दलको सदस्य हुन अयोग्य नठहरिएको<br>(५) नेपाली कांग्रेसको सदस्यता प्राप्तीको आवेदन फारममा उल्लेखित प्रतिज्ञा/सपथ लिन मन्जुर गरेको ।<br>(६) अन्य राजनीतिक दलको सदस्य नभएको ।<br>(२) सदस्यताको नवीकरण : धारा ४ (१) बमोजिमको योग्यता भई नेपाली कांग्रेसको सदस्यता प्राप्त गरेको सदस्यले प्रत्येक वर्ष तोकिए बमोजिमको शुल्क बुझाई सदस्यता नवीकरण गर्नु पर्नेछ ।<br>(३) देहाय बजोजिमको योग्यता पुगेको नेपाली कांग्रेसको सदस्यको सदस्यता नवीकरण गरिने छ ।<br>(क) पार्टीको उद्देश्य, नीति, कार्यक्रमलाई निरन्तर सहयोग पुऱ्याउँदै आएको ।<br>(ख) निर्वाचनमा पार्टीको निर्देशनमा सक्रियतापूर्वक संलग्न रहेको र निर्वाचनको समयमा पार्टी र उम्मेदवारको पक्षमा काम गरेको ।<br>(ग) पार्टीका विभिन्न कार्यक्रम, अभियान वा आन्दोलनको क्रममा विभिन्न कष्ट, यातना, जेल वा निर्वासन भोगेको ।<br>(घ) पार्टीले आयोजना गरेको प्रशिक्षण, गोष्ठी, अन्तरक्रिया लगायत राजनीतिक, सामाजिक, सांस्कृतिक एवं विविध रचनात्मक कार्यक्रमहरुमा सक्रियतापूर्वक सहभागी भएको ।<br>(ङ) पार्टी वा भ्रातृ संघको माध्यमबाट विकास निर्माण र अन्य सामाजिक कार्यमा सक्रिय रहेको ।<br>(च) प्रचलित कानूनले राजनीतिक दलको सदस्यता लिन अयोग्य नठहराएको ।<br>(छ) आफु जिम्मा रहेको वा आफूले तोकिए बमोजिम बुझाउनु पर्ने रकम तथा सम्पत्ति बुझाउन बाकी नरहेको वा बुझाउन नपर्ने गरि सम्बन्धित निकायले कारवाहीको टुंगो लगाएको ।<br>(ज) आफू प्रतिनिधि सदस्य भएको अधिवेशन र सम्मेलनमा वा उपस्थित हुनु पर्ने बैठक, अधिवेशन, सम्मेलन वा पार्टीले उपस्थित हुन निर्देशन गरेको स्थान र कार्यक्रममा अनिवार्य भाग लिएको ।<br>(झ) जिल्लाभित्र पार्टीको आयोजनामा सञ्चालन भएका विभिन्न कार्यक्रमहरुमध्ये कम्तिमा सत्तरी प्रतिशत कार्यक्रममा अनिवार्य उपस्थित भई सक्रियतापूर्वक जिम्मेवारी पुरा गरेको ।<br>तर, पार्टीको अन्य जिम्मेवारीमा जिल्ला वाहिर रहनु पर्ने सदस्यका हकमा र प्रजनन् अवधिमा बसेको महिलाको हकमा यो व्यवस्थाले वाधा पुऱ्याउने छैन ।<br>(ञ) पार्टी अनुशासन वा आचार संहिताको उल्लघंनमा पार्टीबाट कारवाहीमा नपरेको ।<br>(४) सदस्यता प्रदान गर्ने कार्यविधि : | |

(५) विदेश स्थित नेपाली जनसम्पर्क समितिको हकमा सार्क मुलुकहरूमा रहने नेपाली कांग्रेसको क्रियाशील सदस्यता शुल्क रू ३२०।- (तीन सय बीस), जापान, युरोप, अष्ट्रेलिया, अमेरिका, दक्षिण कोरिया, हङकङमा अमेरिकी डलर २५ (पच्चीस) बराबर र खाडी मुलुक र मलेसियामा अमेरिकी डलर ५ (पाँच) बराबर सदस्यता शुल्क लाग्नेछ । विदेशस्थित जनसम्पर्क समितिले नेपाली कांग्रेसको क्रियाशील सदस्यताको सिफारिससाथ शुल्क सहित केन्द्रमा नामावली पठाउनुपर्नेछ । जनसम्पर्क समितिबाट सिफारिस भएका व्यक्तिको क्रियाशील सदस्यता केन्द्रबाट स्वीकृत नभएमा त्यस्ता व्यक्तिको शुल्क जनसम्पर्क समितिमा फिर्ता पठाइनेछ । यस विधानमा जेसुकै लेखिएको भएपनि विदेशस्थित नेपाली जनसम्पर्क समितिले सक्रिय सदस्यता नवीकरण गर्दा क्रियाशील सदस्यता शुल्कको आधा रकम नवीकरण शुल्क लिई क्रियाशील सदस्यता नवीकरण गर्नुपर्नेछ । त्यस्तो नवीकरण शुल्कमध्ये तोकिएबमोजिमको रकम केन्द्रमा पठाउनु पर्नेछ ।

(६) क्रियाशील सदस्यताका लागि देहायका आधारमा सिफारिस गर्नुपर्नेछ ।

(क) पार्टीको उद्देश्य, नीति र कार्यक्रमलाई निरन्तर सघाउ पुऱ्याउँदै विभिन्न कष्ट, यातना, जेल एवं निर्वासन भोगेको ।

(ख) पार्टी र भ्रातृसंस्थाको माध्यमबाट विकास निर्माण र अन्य सामाजिक तथा रचनात्मक कार्यमा सक्रिय रहेको ।

(ग) निर्वाचनहरूमा पार्टीको निर्देशनमा सक्रियतापूर्वक संलग्न रहेको ।

(७) रू. १००/- (एक सय) शुल्क लिई क्रियाशील सदस्यताको प्रमाणपत्रमा नवीकरण गर्ने काम जिल्ला कार्यसमितिले गर्नेछ। नवीकरण शुल्कको बाँडफाँड तोकिए बमोजिम हुनेछ । क्रियाशील सदस्यता नवीकरण गर्दा उपधारा (६) मा उल्लेखित आधारहरूका अतिरिक्त देहायका आधारमा गर्नुपर्नेछ ।

(क) आफू जिम्मा रहेको वा आफूले तोकिए बमोजिम बुझाउने रकम तथा सम्पत्ति नबुझाएकोमा कारबाही भएको रहेछ भने सम्बन्धित निकायले कारवाहीको टुङ्गो लगाएको हुनुपर्नेछ ।

(ख) जिल्ला, क्षेत्र, गाउँ, नगर वा नगर वडा अधिवेशनमा काबु बाहिरको परिस्थिति आइपरेमा बाहेक भाग लिएको हुनुपर्नेछ ।

(८) नेपाली कांग्रेस पार्टीमा कानून बमोजिम विलय हुने राजनैतिक पार्टीका सदस्य वा शुभेच्छुक वा पार्टीका शुभेच्छुकलाई केन्द्रीय कार्यसमितिले पार्टीको क्रियाशील सदस्यता प्रदान गर्न सक्नेछ। यसरी क्रियाशील सदस्यता प्राप्त गर्ने व्यक्तिहरूले पार्टीको निर्वाचनमा भाग लिने वा पार्टीको कुनै पदमा मनोनयन गर्ने सम्बन्धमा केन्द्रीय कार्यसमितिले निर्णय गरे बमोजिम हुनेछ। यस धारा बमोजिम क्रियाशील सदस्यता प्राप्त गरेका व्यक्तिहरूको अभिलेख सम्बन्धित जिल्लामा पठाइनेछ ।

(९) पार्टीको भ्रातृसंस्थाको सदस्य र शुभेच्छुक सङ्घ संस्था र व्यक्तिले पनि पार्टीले निर्धारित गरेको सहयोग शुल्क बुझाउनु पर्नेछ। यसप्रकार नियमित सहयोग शुल्क बुझाउनेहरूको व्यवस्थित अभिलेख तोकिएबमोजिम राखिनेछ ।

(१०) पार्टीका साधारण र क्रियाशील सदस्यहरूको नामावली र अद्यावधिक विवरण सहितको दर्ता किताब तथा पार्टीसम्बन्धी अन्य आवश्यक अभिलेख केन्द्रीय कार्यसमितिले तोके बमोजिम राखिनेछ ।

(क) नेपाली कांग्रेसको सदस्यताको आवेदन फारम पार्टीको सबै निकायमा उपलब्ध हुनेछ ।

(ख) नेपाली कांग्रेसको सदस्यता लिन चाहने व्यक्तिले आवेदन पत्रमा उल्लेखित प्रतिवद्धतामा मंजुर भई आफ्नो सम्पूर्ण विवरण उल्लेख गरि आफ्नो मतदाता नामावलीमा नाम भएको नेपाली कांग्रेस टोल वा वडा कार्यालय मार्फत आवेदन दिनु पर्नेछ ।

(ग) टोल वा वडा कार्यालय र गाउँपालिका/नगरपालिका कार्यसमिति बाहेकको कुनै निकायमा आवेदन प्राप्त भएमा सम्बन्धित निकायले त्यस्तो आवेदन आवेदकको मतदाता नामावली रहेको वडा कार्यालयमा पठाउने छ ।

(घ) नेपाली कांग्रेस गाउँ/नगर वडा कार्यसमितिले अघिल्लो महिना भरी सदस्यताका लागि प्राप्त सबै आवेदन सम्बन्धमा आफ्नो सिफारिस प्रत्येक महिनाको पहिलो सप्ताह भित्र गाउँपालिका/नगरपालिका कार्यसमितिमा पठाउनेछ । गाउँपालिका/नगरपालिका कार्यसमितिले प्रत्येक महिना बस्ने बैठकबाट आवेदन दिने मध्ये योग्यता पुगेका सबैलाई सदस्यता प्रदान गर्ने निर्णय गरि सोको जानकारी सम्बन्धित व्यक्ति र वडा कार्यसमितिमा पठाउनेछ ।

माथि जे सुकै लेखिएको भएता पनि सदस्यताका लागि गाउँपालिका/नगरपालिका कार्यसमितिमा सोझै पनि आवेदन दिन सकिनेछ । गाउँपालिका/नगरपालिका कार्यसमितिले सम्बन्धित वडा कार्यसमितिसंग आवश्यक जानकारी लिई प्रत्येक महिना बस्ने बैठकबाट अघिल्लो महिना भरी आवेदन दिने मध्ये योग्यता पुगेका सबैलाई सदस्यता प्रदान गर्ने निर्णय गरि सो को जानकारी सम्बन्धित व्यक्ति र वडा कार्यसमितिलाई पठाउनेछ ।

(ङ) गाउँपालिका/नगरपालिका कार्यसमितिले प्रत्येक महिनाको सदस्यता वितरणको विवरण आगामी महिनाको पहिलो सप्ताहभित्र प्रदेश सभा क्षेत्रीय कार्यसमिति, प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति र जिल्ला कार्यसमितिमा पठाउनु पर्नेछ । जिल्ला कार्यसमितिले प्रत्येक महिना मातहतका निकायबाट प्राप्त सदस्यता विवरण एकत्रित गरि त्यसको विवरण आगामी महिनाको पहिलो सप्ताहभित्र प्रदेश कार्यसमिति र केन्द्रीय कार्यसमितिमा पठाउनु पर्नेछ ।

(च) आफु सदस्य रहेको कार्यसमितिको क्षेत्राधिकार भित्र रहेका सदस्यको सदस्यता नवीकरणको अद्यावधिक विवरण हेर्न मांग गर्ने कार्य समिति सदस्यलाई एक हप्ताभित्र त्यस्तो विवरण उपलब्ध गराउने जिम्मेवारी सम्बन्धित कार्यसमितिको सभापतिको हुनेछ ।

(छ) नेपाली कांग्रेसको सदस्यता प्रदान गर्ने निर्णय भएको सदस्यलाई केन्द्रीय सभापति, प्रदेश सभापति र निर्णय गर्ने कार्य समितिको सभापतिको हस्ताक्षर भएको नेपाली कांग्रेसको सदस्यताको प्रमाण पत्र प्रदान गरिनेछ ।

(ज) टोल कार्य समिति देखि केन्द्रीय कार्य समिति सम्मका सबै निकायले आ आफ्नो क्षेत्र भित्रको सदस्यको विवरण अद्यावधिक गरि दुरुस्त राख्नु पर्नेछ ।

(झ) पार्टीले विद्युतीय प्रणाली मार्फत समेत सदस्यता वितरणको प्रबन्ध मिलाउनेछ । विद्युतीय प्रणाली मार्फत सदस्यता वितरणको व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(ञ) नेपाली कांग्रेस पार्टीमा कानून बमोजिम विलय हुने राजनैतिक पार्टीका सदस्य वा शुभेच्छुक वा पार्टीका शुभेच्छुकलाई केन्द्रीय कार्यसमितिले पार्टीको क्रियाशील सदस्यता प्रदान गर्न सक्नेछ। यसरी क्रियाशील सदस्यता प्राप्त गर्ने व्यक्तिहरूले पार्टीको निर्वाचनमा भाग लिने वा पार्टीको

(११) क्रियाशील सदस्यको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(१२) क्रियाशील सदस्यको सदस्यता नवीकरण गर्दा अपनाउनुपर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

(१३) पार्टीको क्रियाशील सदस्यता जुनसुकै समयमा पनि प्रदान गर्न सकिनेछ । तर महाधिवेशनको मितिभन्दा एक वर्ष पहिलेसम्म क्रियाशील सदस्यता प्राप्त गरेका वा क्रियाशील सदस्यता नवीकरण गरेका व्यक्तिले मात्र पार्टीको निर्वाचनमा भाग लिन पाउनेछ । त्यस्ता सदस्यको नाम मात्र मतदाता नामावलीमा समावेश गरिनेछ ।

(१४) क्रियाशील सदस्यले आफ्नो सदस्यता नेपालको कुनै पनि गाउँ वा नगरको वडामा स्थानान्तरण गर्न र पार्टीको निर्वाचनमा भाग लिन सक्नेछ । तर पार्टीको कुनै तहको निर्वाचनको मितिभन्दा छ महिना अघि स्थानान्तरण नभएकाले निर्वाचनमा भाग लिन पाउने छैन ।

कुनै पदमा मनोनयन गर्ने सम्बन्धमा केन्द्रीय कार्यसमितिले निर्णय गरे बमोजिम हुनेछ । यस धारा बमोजिम क्रियाशील सदस्यता प्राप्त गरेका व्यक्तिहरूको अभिलेख सम्बन्धित जिल्लामा पठाइनेछ ।

(५) सदस्यता नवीकरण गर्ने कार्यबिधि :

(क) सदस्यता नवीकरण गर्न चाहने सदस्यले प्रत्येक वर्ष आफु सदस्य रहेको वडा समितिमा योग्यता पुगेको प्रमाण सहित नवीकरणकालागि तोकिए बमोजिमको आवेदन दिनेछ ।

(ख) वडा कार्यसमितिले धारा ४ (३) बमाजिमको योग्यता पुगेको सदस्यको सदस्यता नवीकरण गर्न पन्ध्र दिन भित्र गाउँपालिका/नगरपालिका कार्यसमितिमा सिफारिस गरि पठाउनेछ ।

(ग) गाउँपालिका/नगरपालिका कार्यसमितिले प्रत्येक महिनाको विवरण आगामी महिनाको पहिलो सप्ताहभित्र प्राप्त नवीकरण सम्बन्धि सबै आवेदनमा आफ्नो राय सहितको विवरण प्रदेश सभा क्षेत्रीय कार्यसमिति र प्रदेश सभा क्षेत्रीय कार्यसमितिले आफ्नो राय सहितको विवरण प्रत्येक महिनाको पहिलो सप्ताहभित्र प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिमा र प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिले आफ्नो राय सहितको विवरण प्रत्येक महिनाको दोश्रो सप्ताह भित्र जिल्ला कार्य समितिमा पठाउनेछ । जिल्ला कार्य समितिले मातहत समितिका सिफारिस र राय समेतको आधारमा जिल्ला कार्यसमितिले प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिबाट विवरण प्राप्त भएको अर्को महिनाको दोश्रो सप्ताह भित्र नवीकरण सम्बन्धि आवेदन उपर निर्णय गरि आवेदकलाई निर्णयको जानकारीको निस्सा दिनेछ ।

(घ) विभिन्न तहका कार्यसमितिले राय व्यक्त गर्दा नवीकरणकालागि विधान बमोजिम योग्यता पुगे नपुगेको हेर्नुका साथै पछिल्लो स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभा निर्वाचनमा आवेदकको भूमिका र अन्य जिम्मेवारी पुरा गरे नगरेको समेत हेर्नेछ । यसकालागि आवश्वयक परे विभिन्न तहका निर्वाचनका उम्मेदवारको राय पनि लिन सकिनेछ ।

(ङ) पार्टीका सबै तहका कार्यसमितिले सदस्यताको विवरण र सदस्यता नवीकरण गरे नगरेको अद्यावधिक गरि राख्नु पर्नेछ । जिल्ला कार्यसमितिले सदस्यता र नवीकरण गरेको अभिलेख आफुसंग राखी प्रदेश र केन्द्रमा पठाउनेछ र मातहतका निकायलाई अभिलेख राख्न लगाउनेछ ।

(च) सदस्यताको नवीकरण गर्न चाहने सदस्यले नविकरण गर्दा नविकरण गर्न योग्यता पुगेको प्रमाण सहित सदस्य स्वयं वडा कार्यसमितिको कार्यालयमा उपस्थित भई नवीकरणको आवेदन गर्नु पर्नेछ ।

(छ) आफु सदस्य रहेको कार्यसमितिको क्षेत्राधिकार भित्र रहेका सदस्यको सदस्यता नवीकरणको अद्यावधिक विवरण हेर्न मांग गर्ने कार्य समिति सदस्यलाई एक हप्ताभित्र त्यस्तो विवरण उपलब्ध गराउने जिम्मेवारी सम्बन्धित कार्यसमितिको सभापतिको हुनेछ ।

(ज) नेपाली कांग्रेसको सदस्यता नवीकरण भएका सदस्यलाई केन्द्रीय सभापति, प्रदेश सभापति र जिल्ला सभापतिको हस्ताक्षर भएको पार्टीको क्रियाशील सदस्यताको प्रमाणपत्र दिइनेछ ।

(६) सदस्यता सम्बन्धि उजुरी तथा पुनरावेदन :

(क) नयाँ सदस्यता वा सदस्यता नवीकरणका लागि आवेदन लिन नमानेकोमा वा नपाउने गरि निर्णय भएको अवस्थामा वा समयमा निर्णय नगरेकोमा सम्बन्धित व्यक्ति र नपाउनु पर्ने कुनै व्यक्तिले पाएकोमा चित्त नबुझेमा कुनैपनि निकाय वा कुनै सदस्यले उजुरी गर्न सक्नेछ ।

(ख) सदस्यता सम्बन्धमा प्रारम्भिक उजुरी हेर्न प्रत्येक जिल्ला तहमा तीन सदस्यीय सदस्यता छानविन समिति रहनेछ । उक्त समितिमा प्रदेश कार्य

| | | |
|---|---|---|
| | समितिले तोकेको प्रदेश कार्य समितिको सदस्य एक जना संयोजक र जिल्ला कार्य समितिले तोकेको जिल्ला कार्यसमितिको सदस्य दुई जना सदस्य रहनेछन ।<br>(ग) जिल्ला छानविन समितिले उजुरीमा निर्णय गरि सम्बन्धित व्यक्ति र सबै निकायलाई जानकारी गराउने छ ।<br>(घ) सदस्यता सम्बन्धि उजुरीको निर्णयमाथी प्रदेश तहमा पुनरावेदन दिन सकिनेछ । प्रदेश तहमा केन्द्रीय कार्य समितिले केन्द्रीय सदस्य मध्ये तोकेको एक जना संयोजक र प्रदेश कार्य समितिले प्रदेश कार्य समितिको सदस्य मध्येवाट तोकेको दुई जना सदस्य रहेको सदस्यता छानबिन पुनरावेदन समिति रहनेछ । उक्त समितिले गरेको निर्णय अन्तीम हुनेछ । अन्तीम निर्णयको जानकारी सम्बन्धित व्यक्ति र सबै निकायलाई दिनु पर्नेछ ।<br>(ङ) केन्दीय कार्यसमितिले सदस्यता सम्बन्धमा मातहतका कुनै पनि निकायलाई सैद्धान्तिक सुझाव वा निर्देशन दिन सक्नेछ ।<br>(७) केन्द्रीय सदस्यता व्यवस्थापन समिति :<br>(क) केन्द्रीय कार्यसमितिले महामन्त्रीको संयोजकत्वमा दुई जना केन्द्रीय सदस्य रहेको केन्द्रीय सदस्यता व्यवस्थापन समिति गठन गर्नेछ । उक्त समितिले देशभरिको सदस्यको अभिलेख राख्ने, सम्बन्धित निकायलाई अभिलेख राख्न लगाउने, सदस्यता वितरण र नवीकरणको अनुगमन गर्ने र आवश्यक निर्देशन दिने काम गर्नेछ ।<br>(ख) केन्द्रीय सदस्यता व्यवस्थापन समितिले विद्युतीय माध्यमवाट सदस्यता वितरणको आवश्यक व्यवस्था मिलाउनेछ ।<br>(ग) केन्द्रीय सदस्यता व्यवस्थापन समितिले कम्तीमा प्रत्येक चार महिनामा आफ्नो आवधिक प्रतिवेदन केन्द्रीय कार्य समितिमा प्रस्तुत गर्नेछ ।<br>(घ) सदस्यता बारे प्रारम्भिक उजुरी सुन्ने र पुनरावेदन सुन्ने समितिले आफ्नो प्रतिवेदन केन्द्रीय सदस्यता व्यवस्थापन समितिमा पेश गर्नेछ ।<br>(ङ) केन्द्रीय सदस्यता व्यवस्थापन समिति सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।<br>(८) सदस्यता सम्बन्धि अन्य व्यवस्था :<br>(क) पार्टी परित्याग गरि अर्को पार्टीमा गएको व्यक्ति पुनः पार्टीमा प्रवेश गरेमा नयाँ सदस्यता लिनु पर्नेछ । त्यस्तो व्यक्तिको पुरानो सदस्यता सामान्यतया नवीकरण गरिने छैन ।<br>(ख) नेपाली कांग्रेस पार्टीमा कानून बमोजिम गाभिएका वा एकिकृत भएका राजनीतिक दलका पदाधिकारी वा सदस्य अथवा अन्य पार्टी परित्याग गरि नेपाली कांग्रेसमा प्रवेश गरेका व्यक्ति, जुन तहको पदीय दायित्व र जिम्मेवारीमा कायम रहदा नेपाली कांग्रेस पार्टीमा प्रवेश गरेको हो, पार्टीको सोही तहको कार्यसमितिले निर्णय गरि त्यस्तो व्यक्तिलाई नेपाली कांग्रेसको सदस्यता प्रदान गर्ने तथा सम्बन्धित तहको कार्यसमिति वा मातहतका अन्य निकायको पदमा मनोनयन गर्ने निर्णय गर्न सक्नेछ ।<br>(ग) कुनै पनि व्यक्तिले मतदाता नामावलीमा आफ्नो नाम समावेश भएको स्थानमा मात्र सदस्यता प्राप्त गर्न र नवीकरण गर्न सक्नेछ । तर, मतदाताको स्थान परिर्वतन भएमा वा मतदाता भएको क्षेत्र भन्दा अन्यत्र पार्टीले उम्मेदवार बनाएमा सदस्यता स्थानान्तरण हुन सक्नेछ ।<br>(घ) कुनै पनि व्यक्ति कुनै एक स्थानबाट मात्र सदस्य बन्न सक्नेछ । दोहोरो सदस्यता हुनेछैन ।<br>(ङ) पार्टीको सदस्यता जुनसुकै समयमा पनि प्राप्त गर्न सकिनेछ । तर सदस्यता नवीकरण गरेका व्यक्तिले मात्र पार्टीको निर्वाचनमा भाग लिन पाउनेछ । | |

| | | |
|---|---|---|
| | त्यस्ता सदस्यको नाम मात्र मतदाता नामावलीमा समावेश गरिनेछ। सदस्यता नवीकरण गर्ने अवधी गणना गर्दा सदस्यता प्रदान गर्ने निर्णय भएको मितिले एक वर्ष मानिनेछ।<br>(च) नेपाली कांग्रेसको सदस्यता शुल्क र नवीकरण शुल्कको बाँडफाड तोकिए बमोजिम हुनेछ।<br>(ज) सदस्यताको लागि प्रतिवद्धता सहितको आवेदन फारम तोकिए बमोजिम अनुसूचिमा उल्लेख गरे बमोजिम हुनेछ।<br>(झ) सदस्यताको नवीकरण सम्बन्धि आवेदन फारम तोकिए बमोजिम हुनेछ।<br>(ञ) नेपाली काग्रेसको सदस्यको लोगो तोकिए बमोजिम अनुसूचिमा उल्लेख गरि अनुसारको हुनेछ।<br><br>(९) सदस्यताको दर्ता किताव :<br>(क) पार्टीको प्रत्येक निकायले नेपाली कांग्रेसको सदस्यको नामावली र अद्यावधिक विवरण सहितको दर्ता किताब तथा अन्य आवश्यक अभिलेख राख्नेछ। सदस्यता दर्ता किताव राखी प्रत्येक निकायले माथिल्लो निकायमा सदस्यता दर्ताको विवरण पठाउनु पर्नेछ।<br>(ख) सदस्यता दर्ता कितावमा सदस्यको व्यक्तिगत विवरण, फोटो, प्रारम्भमा सदस्य लिएको मिति, नवीकरणको विवरण, सदस्यले जिम्मेवारी निर्वाह गरेको रेकर्ड समेतको सबै विवरण उल्लेख गरि राख्नु पर्नेछ।<br>(ग) प्रत्येक सदस्यलाई फोटो सहितको सदस्यताको प्रमाण पत्र, पार्टीको कार्यक्रममा उपस्थित भएको र पार्टीले जिम्मा दिएको काम सम्पादन गरेको रेकर्ड राख्नका लागि तोकिए बमोजिमको डायरी र पार्टीको लोगो उपलब्ध गराइनेछ।<br><br>(१०) विदेशस्थित जनसम्पर्क समितिको सदस्यता सम्बन्धी व्यवस्था :<br>(क) नेपाली कांग्रेसको सदस्यता प्राप्त गर्न योग्यता पुगेका विदेशमा बसेका नेपाली नागरिकले सम्बन्धित देशको नेपाली जनसम्पर्क समितिमा सदस्यताको प्राप्तीका लागि र नवीकरणका लागि आवेदन गर्न सक्नेछन्। नेपाली जनसम्पर्क समितिले त्यस्तो आवेदनमा छानवीन गरि कार्यसमितिको बैठकको निर्णय, सदस्यता आवेदकको नेपाली नागरिकता र नेपाली राहदानीको प्रमाणित प्रतिलिपी सहित केन्द्रमा सिफारिस गर्नेछ।<br>(ख) यसरी सदस्यताको सिफारिस पठाउँदा सम्बन्धित सदस्यहरुको नेपालको स्थायी घर, ठेगाना र मतदाता नामावली रहेको ठाउँ स्पष्ट खुलाई पठाउनु पर्नेछ।<br>(ग) केन्द्रीय सदस्यता व्यवस्थापन समितिले आवश्यक छानबिन गरि सदस्यता प्रदान गर्ने निर्णय गर्नेछ। निर्णय गरिएका सदस्यको विवरण मतदाता नामावलीमा नाम समावेश भएको स्थान वा स्थायी ठेगाना रहेको प्रदेश कार्यसमिति लगायत मातहतका सम्बन्धित निकायमा पठाउनेछ। साथै, सोको जानकारी सम्बन्धित व्यक्ति र जनसम्पर्क समितिमा पठाउनेछ।<br>(घ) जनसम्पर्क समितिहरु र जनसम्पर्क समितिसंग आवद्ध सदस्यको नेपाली कांग्रेसको सदस्यता शुल्क र नवीकरण शुल्क सहितका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।<br>(ङ) नेपाली कांग्रेसको सदस्य रहेको व्यक्तिको तोकिए बमोजिमको प्रक्रिया पुरा गरि विदेशस्थित जनसम्पर्क समितिहरुमा र विदेशस्थित जनसम्पर्क समितिमा पार्टीको सदस्य रहेको व्यक्तिको सदस्यता नेपालमा सम्बन्धित व्यक्तिको मतदाता नामावली रहेको स्थानमा स्थानान्तरण हुन सक्नेछ। साथै, एउटा जनसम्पर्क समितिबाट नेपाली कांग्रेसको सदस्यता प्राप्त गरेको व्यक्ति अर्को देशमा गई वसोवास गरेको भएमा नीजको सदस्यता | |

| | | |
|---|---|---|
| | तोकिए बमोजिमको प्रक्रिया पुरा गरि स्थानान्तरण हुन सक्नेछ ।<br>(च) जनसम्पर्क समितिको सदस्यता सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।<br>(११) पार्टी सदस्यता नरहने : देहायको अवस्थामा पार्टीको सदस्यता रहने छैन ।<br>(क) मृत्यु भएमा ।<br>(ख) पार्टी परित्याग गरेमा ।<br>(ग) कुनै पनि निर्वाचनमा पार्टीले प्रस्तुत गरेको आधिकारिक उम्मेदवारको विरूद्ध उम्मेदवार भई चुनाव लडेमा वा त्यस्ता उम्मेदवारको प्रस्तावक/समर्थक भएमा ।<br>(घ) पार्टी अनुशासनको कारवाहीबाट निष्कासित भएमा ।<br>(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अन्तिम अदालतबाट दोषि ठहर भएमा ।<br>(च) अनुशासनको कार्वाहीको सिलसिलामा निलम्बनमा परेको सदस्य निलम्बनको अवधिभरी पार्टीको निर्वाचनमा उम्मेदवार हुन, मतदान गर्न र बैठकमा भाग लिन पाउने छैन । | |
(ग) प्रदेश सभा क्षेत्रीय कार्यसमितिको सभापतिले प्रदेश सभा क्षेत्रीय अधिवेशनको सभापतित्व गर्नेछ ।

(३) प्रदेश सभा क्षेत्रीय अधिवेशनबाट प्रदेश महाधिवेशन प्रतिनिधिको निर्वाचन :

(क) प्रदेश सभा क्षेत्रीय अधिवेशनले आफुमध्येबाट कम्तिमा चार महिला सहित चौध जना प्रत्यक्ष र महिला, दलित, आदिवासी जनजाती, खसआर्य, मधेशी, थारु, मुस्लिम समुदायबाट दश जना प्रदेश सभा क्षेत्रको जनसंख्याको बनोट अनुसार समानुपातिक आधारमा गरी जम्मा चौबीस जना प्रतिनिधि निर्वाचित गर्नेछ ।

(ख) प्रदेश सभा निर्वाचन क्षेत्रका क्षेत्रीय सभापति पदेन प्रदेश महाधिवेशन प्रतिनिधि हुनेछन् ।

(४) प्रदेश महासमितिको गठन :

(क) प्रदेश महासमितिको गठन देहाय बमोजिम हुनेछ :

(१) प्रदेश सभापति, प्रदेश उपसभापति, प्रदेश महामन्त्री, प्रदेश कोषाध्यक्ष, प्रदेश सहमहामन्त्री र प्रदेश कार्यसमितिका सदस्य ।

(२) प्रदेश सभा क्षेत्रीय अधिवेशनले प्रदेश महाधिवेशन प्रतिनिधिमध्येबाट दुई महिला सहित सात जना प्रत्यक्ष र महिला, दलित, आदिवासी जनजाती, खसआर्य, मधेशी, थारु, मुस्लिम समुदायबाट प्रदेश महासमिति चार जना प्रदेश सभा क्षेत्रको जनसंख्याको बनोट अनुसार समानुपातिक आधारमा निर्वाचित सदस्य ।

(५) प्रदेश महासमितिको काम, कर्तव्य र अधिकार :

(क) प्रदेश महासमितिले एउटा प्रदेश महाधिवेशन समाप्त भई अर्को प्रदेश महाधिवेशन प्रारम्भ नहुदाको अवस्थामा प्रदेश कार्यसमितिका पदाधिकारी र सदस्यको निर्वाचन बाहेक प्रदेश महाधिवेशनको सबै कार्य गर्नेछ ।

(ख) पार्टीको विधान संशोधनको प्रक्रियामा राय सुझाव लिने ।

(६) प्रदेश महासमितिको कार्यविधि :

(क) प्रदेश महासमितिको बैठक कम्तिमा प्रत्येक वर्षमा एक पटक बस्नेछ । तर प्रदेश महाधिवेशन हुने वर्षमा प्रदेश महासमितिको बैठक हुनेछैन ।

(ख) प्रदेश कार्यसमितिले आवश्यक ठानेमा वा प्रदेश महासमितिका चालीस प्रतिशत सदस्यहरूले कारण खोली बैठक बोलाउन प्रदेश कार्यसमिति समक्ष लिखित अनुरोध गरेमा अनुरोध प्राप्त भएको तीन महिनाभित्र प्रदेश महासमितिको विशेष बैठक बोलाउनुपर्नेछ ।

(ग) प्रदेश महासमितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा दश प्रतिशत सदस्यले प्रदेश कार्यसमितिको कुनैपनि निर्णय पुनरावलोकन गर्न प्रदेश महासमितिमा प्रस्ताव प्रस्तुत गर्न सक्नेछन् । त्यसरी प्रस्तुत हुने प्रस्तावमा छलफल गरि निर्णय गरिनेछ ।

(७) प्रदेश सभा क्षेत्रीय कार्यसमिति :

(क) क्षेत्रीय अधिवेशनले आफुमध्येबाट :

(१) सभापति, सचिव एक, कोषाध्यक्ष एक निर्वाचित गर्नेछ । नेपाली

| | | |
|---|---|---|
| | कांग्रेसको सदस्यता नवीकरण गरेको चार वर्ष पुगेको सदस्य मात्र प्रदेश सभा क्षेत्रीय कार्यसमितिको पदाधिकारीको उम्मेदवार बन्न सक्नेछ ।<br>(२) प्रदेश सभा क्षेत्रमा रहेका गाउँ/नगरपालिकाका प्रत्येक वडाबाट एक जना सदस्य प्रत्यक्ष निर्वाचित गर्नेछ ।<br>(३) माथि (२) बमोजिम प्रत्यक्ष निर्वाचित हुने सदस्य संख्यालाई पाँच अंश मानि यसको दुई अंश हुने संख्यामा महिला सदस्य प्रत्यक्ष निर्वाचित गर्नेछ ।<br>(४) महिला, दलित, आदिवासी जनजाती, खसआर्य, मधेशी, थारु, मुस्लिम समुदायबाट माथि (२) र (३) बमोजिम प्रत्यक्ष निर्वाचित हुने कूल सदस्य संख्याको दुई तिहाई संख्यामा प्रदेश सभा निर्वाचन क्षेत्रको जनसंख्याको बनोट अनुसार समानुपातिक आधारमा निर्वाचित गर्नेछ ।<br>(ख) सभापतिको प्रस्तावमा निर्वाचित सदस्यमध्येबाट क्षेत्रीय कार्यसमितिमा उपसभापति एक, सहसचिव एक निर्वाचित सदस्य संख्याको वहुमतबाट अनुमोदन गर्नेछ ।<br>(ग) सभापतिले कार्यसमितिमा एक तिहाई सदस्य महिला हुनु पर्ने व्यवस्था, समानुपातिक समावेशी प्रतिनिधित्व र अपाङ्ग वा अल्पसंख्यक वा पिछडिएको क्षेत्रको प्रतिनिधित्व समेतलाई ध्यानमा राखी कार्यसमितिको कूल संख्याको पच्चीस प्रतिशत सदस्य मनोनित गर्न सक्नेछ ।<br>(घ) मातहतका वडा कार्यसमितिका सभापतिलाई कार्यसमितिको बैठकमा आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।<br>(८) प्रदेश सभा क्षेत्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार :<br>(क) प्रदेश सभा क्षेत्रीय अधिवेशन, प्रदेश सभा क्षेत्रीय कार्यसमिति, प्रदेश सभा क्षेत्रीय सम्मेलन र माथिल्लो निकायको निणर्य र निर्देशन कार्यान्वयन गर्ने गराउने ।<br>(ख) आफु मातहतका गाउँपालिका र नगरपालिका कार्यसमितिबाट स्वीकृत नेपाली कांग्रेसको सदस्यताको प्राप्त विवरणको अभिलेख राखी माथिल्लो निकायमा विवरण पठाउने ।<br>(ग) तोकिए बमोजिमको योग्यता पुगेका नेपाली कांग्रेसका सदस्यको सदस्यता नवीकरण गर्नका लागि मातहत तहबाट प्राप्त सिफारिस राय सहित माथिल्लो निकायमा पठाउने ।<br>(घ) प्रदेश सभा निर्वाचन क्षेत्र अन्तर्गतका नगरपालिका, गाउँपालिका र मातहतका कार्यसमितिलाई परिचालन र समन्वय गरि आवश्यक निर्देशन दिने ।<br>(ङ) प्रदेश सभा निर्वाचन क्षेत्रभित्रका मतदाताहरुको विवरण राख्ने, अद्यावधि गर्ने, मतदाता नामावलीमा थपघट गर्नु पर्ने कार्य गर्ने गराउने ।<br>(च) निर्वाचनको समयमा निर्वाचन तथा मतदानसंग सम्बन्धित आवश्यक व्यवस्थापन गर्ने र निर्वाचनको समग्र मुल्याङ्कन र समिक्षा गरि माथिल्लो निकायमा प्रतिवेदन पठाउने ।<br>(छ) प्रदेश सभा निर्वाचन क्षेत्रभित्रका मतदातासंग निरन्तर सम्पर्क, सम्वाद र सहयोग गर्ने तथा विभिन्न अन्तरक्रियात्मक कार्यक्रमहरु संचालन गर्ने गराउने ।<br>(ज) आफ्नो क्षेत्रभित्रका विकास निर्माणका कार्यको अनुगमन, मुल्याकंन गर्ने र विकास निर्माणका कामलाई सम्पन्न गर्नका लागि पार्टीका तर्फबाट आवश्यक कार्य गर्ने गराउने ।<br>(झ) पार्टीको नगरपालिका कार्यसमिति, गाउँपालिका कार्यसमिति र वडा कार्यसमिति, टोल कार्यसमितिलाई सक्रिय बनाउन आवश्यक निर्देशन र | |

| | | | |
|---|---|---|---|
| | | समन्वय गर्ने ।<br>(ञ) प्रदेश सभा निर्वाचन क्षेत्रभित्र पार्टीको प्रभाव र अन्य पार्टीको प्रभावको समिक्षा गरि पार्टीका पक्षमा जनतालाई आकर्षित गर्न आवश्यक कार्य गर्ने गराउने ।<br>(ट) कम्तिमा प्रत्येक दुई महिनामा प्रदेश सभा निर्वाचन क्षेत्रभित्रका नेपाली कांग्रेसका सदस्यहरुको भेला र अन्तरक्रियात्मक कार्यक्रम गर्ने ।<br>(ठ) प्रदेश सभा निर्वाचन क्षेत्र भित्रका भ्रातृ संघ र शुभेच्छुक संस्थाहरूलाई परिचालन र समन्वय गरि आवश्यक निर्देशन दिने ।<br>(ड) समय समयमा पार्टी कार्यकर्ता प्रशिक्षण, गोष्ठी, भ्रमण जस्ता कार्यक्रमको सञ्चालन गर्ने गराउने ।<br>(ढ) स्थानीय नागरिकका आवश्यकता र समस्याहरूको पहिचान गरि समाधान गर्न सक्रिय रहने ।<br>(ण) धार्मिक, सांस्कृतिक, सार्वजनिक एवं ऐतिहासिक सम्पदाको संरक्षण गर्न क्रियाशील रहने ।<br>(त) पर्यटनस्थल, सार्वजनिक उद्यान एवं विश्राम स्थलहरूको निर्माण एवं संरक्षण निम्ति उत्प्रेरित गर्ने ।<br>(थ) स्वास्थ्य, शिक्षा तथा खानेपानीको प्रबन्धका साथै वातावरण एवं पर्यावरणको सुरक्षा, वृक्षारोपण, सरसफाईका निम्ति क्रियाशील रहने ।<br>(ध) सरकारी तथा गैरसरकारी सामाजिक संघ संस्थाहरूसँग सम्पर्क र समन्वय राखी विकास कार्यमा सरिक हुने ।<br>(द) महिला हिंसा, घरेलु हिंसा, छुवाछुत, लैङ्गिक विभेद, वोक्सी र छाउँपडी लगायतका सामाजिक कुरीति र अन्धविश्वासका विरुद्ध जनचेताना वढाउने ।<br>(न) जुवा, धुम्रपान, मद्यपान, लागूपदार्थ, दुव्यर्सन जस्ता सामाजिक विकृतिका विरूद्ध जनचेतना जगाउने ।<br>(प) भुकम्प, बाढी, पहिरो लगायतका प्राकृतिक विपद्‌वाट पीडितहरुको उद्धार, राहत र पुर्नस्थापना कार्यमा सक्रिय रहने ।<br>(फ) अपाङ्ग, असहाय, बालक र बृद्धहरूको हितका लागि क्रियाशील रहने ।<br>(ब) महिला, किसान, मजदुर, साना व्यवसायी एवं आर्थिक र सामाजिक दृष्टिले पछाडि परेका वर्गको हक हितको संरक्षणमा क्रियाशील रहने ।<br>(भ) सार्वजनिक पुस्तकालय, वाचनालय, खेलकूद, सांस्कृतिक क्रियाकलाप आदिको स्थापना, संचालन र विकास गर्न क्रियाशील रहने ।<br>(म) विभिन्न रचनात्मक क्रियाकलापहरुमा संलग्न प्रतिभाहरूलाई प्रेरणा दिन र प्रोत्साहन गर्नका लागि क्रियाशील रहने ।<br>(य) प्रदेश सभा निर्वाचन क्षेत्रभित्रका नागरिकका आवश्यकता र समस्याको पहिचान गरि तिनको समाधान गर्न क्रियाशील रहने ।<br>(र) पार्टीबाट निर्वाचित जनप्रतिनिधिहरुसंग समन्वय गर्ने र सो कार्यका लागि पार्टीको तर्फबाट प्रदेश सभामा निर्वाचित प्रदेश सभाका सदस्य र प्रदेश सभा क्षेत्रीय कार्यसमितिकाबीच प्रत्येक महिनामा कम्तिमा एक पटक बैठक वसी छलफल परामर्श र आवश्यक निर्णय गर्ने ।<br>(ल) नागरिकका हितसंग सम्बन्धित कार्यक्रमहरु समय समयमा अभियानकारुपमा सञ्चालन गर्ने गराउने ।<br>(व) सञ्चार माध्यम तथा सामाजिक सञ्जाल मार्फत पार्टीका गतिविधिको व्यापक प्रचार प्रसार गर्न आवश्यक कार्य गर्ने गराउने ।<br>(श) पार्टीद्वारा वर्ष भरिमा संचालन हुने विविध कार्यक्रमहरुको वार्षिक क्यालेण्डर बनाई सोही अनुसार कार्य गर्ने गराउने ।<br>(ष) आवश्यकता अनुसार विभिन्न समिति, उपसमिति गठन गर्ने ।<br>(स) पार्टीको हितमा तोकिए बमोजिमका अन्य आवश्यक कार्य गर्ने | |

| | | |
|---|---|---|
| | गराउने ।<br>(९) प्रदेश सभा क्षेत्रीय सभापतिको काम, कर्तव्य र अधिकार :<br>(क) प्रदेश सभा निर्वाचन क्षेत्रमा पार्टीको नेतृत्व गर्ने । प्रदेश सभा क्षेत्रीय अधिवेशन, प्रदेश सभा क्षेत्रीय कार्यसमिति, प्रदेश सभा क्षेत्रीय सम्मेलन र प्रदेश सभा क्षेत्रीय कार्यसम्पादन समितिको सभापतित्व गर्ने ।<br>(ख) पार्टीको माथिल्लो निकायबाट प्राप्त नीति-निर्देशन र प्रदेश सभा क्षेत्रीय अधिवेशन, क्षेत्रीय कार्यसमिति र क्षेत्रीय सम्मेलनको निर्णय कार्यान्वयन गर्ने गराउने ।<br>(ग) प्रदेश सभा क्षेत्रीय कार्यसमितिका पदाधिकारीको कार्य विभाजन गर्ने र आवश्यकता अनुसार कार्य विभाजन हेरफेर गर्ने ।<br>(घ) आवश्यकता अनुसार प्रतिनिधिहरु खटाउने ।<br>(ङ) पार्टीको प्रदेश सभा क्षेत्रीय तहको संगठनको नेतृत्व गर्ने, आफु मातहतका निकायहरुको नियमित बैठक वसे नवसेको अनुगमन मुल्याङ्कन गरि बैठक नवसेको देखिएमा नियमित बैठक गर्न लगाउने ।<br>(च) मातहतका कार्यसमितिहरुले पूर्णता पाए नपाएको हेरी नपाएको भए पूर्णता प्रदान गर्नका लागि निर्देश गर्ने ।<br>(छ) यसै विधानको धारा १० (७) (ख) बमोजिमका पदाधिकारीहरुका नाम प्रस्ताव गर्ने र धारा १० (७) (ग) बमोजिम प्रदेश सभा क्षेत्रीय कार्यसमितिका सदस्यहरुको मनोनयन गर्ने ।<br>(ज) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।<br>(१०) प्रदेश सभा क्षेत्रीय कार्यसम्पादन समिति :<br>(क) प्रदेश सभा क्षेत्रीय कार्यसमितिले सभापतिको सभापतित्वमा उपसभापति, सचिव, कोषाध्यक्ष, सहसचिव सहित समानुपातिक समावेशी सिद्धान्तलाई ध्यानमा राखि कार्यसमितिको सदस्य संख्यालाई पाँच अंश मानि भएको दुई अंश वा एक्काइस मध्ये जुन अंक सानो हुन्छ त्यही संख्यामा हुने गरि कार्यसम्पादन समितिको गठन गर्नेछ ।<br>(११) प्रदेश सभा क्षेत्रीय कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकार :<br>(क) कार्यसमितिको बैठक नभएको बेला प्रदेश सभा क्षेत्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकारको प्रयोग कार्यसम्पादन समितिले गर्नेछ ।<br>(ख) कार्यसम्पादन समितिले आफुले गरेका निर्णय प्रदेश सभा अनुमोदनका लागि प्रस्तुत गर्नेछ ।<br>(१२) प्रदेश सभा क्षेत्रीय सम्मेलन :<br>(क) प्रदेश सभा क्षेत्रीय कार्यसमितिले कम्तिमा प्रत्येक छ महिनामा प्रदेश सभा क्षेत्रीय सम्मेलन गर्नुपर्नेछ। प्रदेश सभा क्षेत्रीय अधिवेशनका सदस्य प्रदेश सभा क्षेत्रीय सम्मेलनका पनि सदस्य हुनेछन् ।<br>(ख) प्रदेश सभा क्षेत्रीय कार्यसमितिको सभापति प्रदेश सभा क्षेत्रीय सम्मेलनको पनि सभापति हुनेछ ।<br>(ग) नेपाली कांग्रेसको केन्द्रीय महाधिवेशन हुने वर्षको पछिल्लो छ महिना बाहेक अन्य वर्षहरूमा प्रदेश सभा क्षेत्रीय सम्मेलन बस्नेछ। प्रदेश सभा क्षेत्रीय सम्मेलनले निर्वाचन बाहेक प्रदेश सभा क्षेत्रीय अधिवेशनले गर्ने सबै काम गर्नेछ ।<br>(घ) प्रदेश सभा क्षेत्रीय सम्मेलनले विभिन्न कार्यक्रम स्वीकृत गर्नेछ ।<br>(ङ) प्रदेश सभा क्षेत्रीय कार्यसमितिले सम्मेलनमा प्रदेश सभा निर्वाचन क्षेत्र भित्रका आवश्यक व्यक्तिहरुलाई आमन्त्रित गर्न सक्नेछ । | |
| ८. क्षेत्रीय अधिवेशन, महाधिवेशन प्रतिनिधि, महासमिति सदस्य, क्षेत्रीय कार्यसमितिको गठन :<br>(१) क्षेत्रीय अधिवेशन : संसदीय निर्वाचन क्षेत्र भित्रका प्रत्येक गाउँ र क्षेत्रभित्र परेको नगर वडा अधिवेशनबाट निर्वाचित क्षेत्रीय प्रतिनिधिहरू तथा गाउँ कार्यसमिति, नगर वडा र नगर | | |

| | | |
|---|---|---|
| कार्यसमितिका सभापतिहरू, सो क्षेत्रका सांसद एवं संविधानसभा, प्रतिनिधिसभाको पछिल्लो निर्वाचनमा पार्टीको उम्मेदवार भएको व्यक्ति, सो क्षेत्रमा रहेका संविधानसभाको निर्वाचनमा पार्टीको तर्फबाट समानुपातिकमा उम्मेदवार भएका व्यक्ति तथा सो क्षेत्रमा रहेका पार्टीको केन्द्रीय कार्यसमितिका पदाधिकारी एवं सदस्यहरू मिलेर पार्टीको क्षेत्रीय अधिवेशन बन्नेछ ।<br>(२) क्षेत्रीय कार्यसमिति : क्षेत्रीय कार्यसमितिको गठन देहायबमोजिम हुनेछ ।<br>(१) क्षेत्रीय अधिवेशनले आफ्ना सदस्यहरूमध्येबाट सभापति, एक सचिव, एक कोषाध्यक्षको निर्वाचन गर्नेछ ।<br>(२) क्षेत्रीय अधिवेशनले आफ्ना सदस्यहरूमध्येबाट क्षेत्रीय कार्यसमितिका लागि नौ जना सदस्यहरू निर्वाचन गर्नेछ ।<br>(३) क्षेत्रीय सभापतिले निर्वाचित सदस्यहरू वा महाधिवेशन प्रतिनिधि, महासमिति सदस्यहरूमध्येबाट कार्यसमितिका लागि एक उपसभापति, एक सचिव र एक सहसचिवको नाम प्रस्ताव गरी निर्वाचित क्षेत्रीय कार्यसमितिले चयन गर्नेछ ।<br>(४) क्षेत्रीय सभापतिले क्षेत्रीय प्रतिनिधिमध्येबाट क्षेत्रीय कार्यसमितिका लागि बढीमा आठ जना सदस्यहरू मनोनित गर्नेछ ।<br>(५) महाधिवेशनका प्रतिनिधि एवं महासमिति सदस्यहरू क्षेत्रीय कार्यसमितिका पदेन सदस्य हुनेछन् ।<br>(३) क्षेत्रीय कार्यसम्पादन समिति : क्षेत्रीय कार्यसम्पादन समितिको गठन देहायबमोजिम हुनेछ ।<br>(१) क्षेत्रीय कार्यसमितिले सभापतिको अध्यक्षतामा उपसभापति, सचिव, कोषाध्यक्ष, सह-सचिव सहित समावेशी सिद्धान्तलाई समेत ध्यानमा राखी बढीमा सत्र जनासम्मको क्षेत्रीय कार्यसम्पादन समिति गठन गर्नेछ ।<br>(२) क्षेत्रीय कार्यसमितिको बैठक नभएको बेला क्षेत्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार कार्यसम्पादन समितिले गर्नेछ ।<br>(३) कार्यसम्पादन समितिले क्षेत्रीय कार्यसमितिको बैठकमा आफ्ना निर्णय अनुमोदनका लागि प्रस्तुत गर्नेछ ।<br>(४) पार्टीको तर्फबाट प्रतिनिधित्व गर्ने सांसद वा पछिल्लो आम निर्वाचनमा प्रतिनिधि सभा तथा संविधानसभाका लागि उम्मेदवार भएको व्यक्ति आफू निर्वाचित भएको वा उम्मेदवार भएको क्षेत्रको क्षेत्रीय अधिवेशन र क्षेत्रीय कार्यसमितिको पदेन सदस्य रहनेछ । यस्तो सदस्यलाई निर्वाचनमा भाग लिन र मतदानको अधिकार पनि हुनेछ । तर धारा ५ को उपधारा (५) र धारा ६ को उपधारा (९) को प्रयोग गरेमा यस उपधाराको अधिकार प्रयोग गर्न पाइने छैन ।<br>(५) क्षेत्रीय कार्यसमितिको सभापति क्षेत्रीय अधिवेशन तथा क्षेत्रीय सम्मेलनको पनि सभापति हुनेछ ।<br>(६) क्षेत्रीय कार्यसमितिले प्रत्येक वर्ष क्षेत्रीय सम्मेलन गर्नुपर्नेछ । क्षेत्रीय अधिवेशनका सदस्यहरू क्षेत्रीय सम्मेलनका पनि सदस्य हुनेछन् ।<br>(७) महाधिवेशन प्रतिनिधि :<br>(१) क्षेत्रीय अधिवेशनले आफ्ना सदस्यहरूमध्येबाट महाधिवेशनका लागि कम्तिमा दुई महिला, एक दलित, एक आदिवासी जनजाति, एक मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्ग सहित एघार जना प्रतिनिधिको निर्वाचन गर्नेछ ।<br>(२) क्षेत्रीय सभापति महाधिवेशनका पदेन प्रतिनिधि हुनेछ र निजलाई महाधिवेशन प्रतिनिधि सरह अधिकार हुनेछ ।<br>(८) महासमिति सदस्य : क्षेत्रीय अधिवेशनका सदस्यहरूले उपधारा (७) बमोजिम निर्वाचित गरेका महाधिवेशनका प्रतिनिधिहरूमध्येबाट महासमितिका लागि कम्तिमा एक महिला सहित पाँच जना सदस्यहरूको निर्वाचन गर्नेछन् ।<br>(९) नेपाली कांग्रेसको महाधिवेशन हुने वर्षदेखि बाहेक अन्य वर्षहरूमा क्षेत्रीय सम्मेलन बस्नेछ । क्षेत्रीय सम्मेलनले निर्वाचन बाहेक क्षेत्रीय अधिवेशनले गर्ने सबै काम गर्नेछ । | | |
| ९. क्षेत्रीय अधिवेशन तथा क्षेत्रीय सम्मेलन र क्षेत्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार : क्षेत्रीय अधिवेशन र क्षेत्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।<br>(१) कम्तीमा पनि वर्षको एक पटक क्षेत्रीय सम्मेलनको बैठक बसी वार्षिक कार्यक्रम स्वीकृत गर्ने तथा क्षेत्रीय कार्यसमितिको मूल्याङकन गरी निर्देशन दिने । | ११. प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन, केन्द्रीय महाधिवशेन प्रतिनिधि, केन्द्रीय महासमिति सदस्य, प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति, प्रतिनिधि सभा क्षेत्रीय सम्मेलन :<br>(१) प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन :<br>(क) प्रतिनिधि सभा निर्वाचन क्षेत्रभित्रका प्रदेश सभा क्षेत्रीय अधिवेशनका | |

(२) क्षेत्रीय कार्यसमितिको बैठक सामान्यतया एक महिनामा र बढीमा आवश्यकता अनुसार बस्न सक्नेछ ।

(३) क्षेत्रीय कार्यसमितिले आफ्नो क्षेत्र अन्तर्गत नगर तथा गाउँ क्षेत्रको निर्वाचनमा पार्टीको तर्फबाट उठ्ने व्यक्तिहरूको उम्मेदवारको नाम सम्बन्धित गाउँ कार्यसमिति, नगर कार्यसमितिको सिफारिशमा चयन गर्नेछ । क्षेत्रीय कार्यसमितिले क्षेत्रीय अधिवेशनको राय लिई सांसद उम्मेदवारका लागि समावेशी सिद्धान्तलाई समेत ध्यान दिई तीन जनाको नाम सिफारिश गरी जिल्ला कार्यसमिति मार्फत् केन्द्रमा पठाउनेछ । जिल्ला कार्यसमितिले आफ्नो राय सहित क्षेत्रीय कार्यसमितिको सिफारिश तुरून्तै केन्द्रमा पठाउनु पर्नेछ । क्षेत्रीय कार्यसमितिले सांसद र अन्य सबै तहको निर्वाचनको तयारी, संचालन तथा व्यवस्थापन सम्बन्धी सबै काम गर्नेछ ।

(४) निर्वाचन क्षेत्रको राजनीतिक परिस्थिति, पार्टीका गाउँ तथा नगर एकाइहरूको क्रियाकलाप र अन्य आवश्यक विषयहरूमा जिल्ला कार्यसमितिमा कम्तीमा पनि वार्षिक प्रतिवेदन पठाउने ।

(५) गाउँ, नगर वडा वा नगर कार्यसमितिबाट क्रियाशील सदस्यहरूका बारेमा प्राप्त प्रतिवेदनको आवश्यक छानबीन गरी सम्बन्धित क्रियाशील सदस्यलाई नयाँ दायित्व दिने ।

(६) संसदीय र स्थानीय निर्वाचनमा पार्टीका उम्मेदवारलाई सक्रिय सहयोग पुऱ्याउने ।

(७) जिल्ला कार्यसमिति र गाउँ, नगर वडा तथा नगर कार्यसमितिका बीच सम्बन्ध सूत्रको काम गर्ने ।

(८) क्षेत्रीय कार्यसमितिको आर्थिक कारोबारको वार्षिक विवरण जिल्ला कार्यसमितिमा पठाउने ।

(९) गाउँ, नगर र जिल्लासँग सम्पर्क र समन्वय राखी सङ्गठनको विस्तार र सुदृढीकरणका लागि सक्रिय रहने ।

(१०) आवश्यकता अनुसार प्रशिक्षण शिविर र गोष्ठी आदि आयोजना गर्ने । पार्टीको उद्देश्य, नीति र कार्यक्रम बारे जानकारी गराउने ।

(११) पार्टी साहित्य, घोषणापत्र तथा अन्य प्रचार-सामग्रीको वितरण र प्रचार-प्रसार गर्ने ।

(१२) जिल्ला कार्यसमितिको निर्देशन पालना गर्नु क्षेत्रीय कार्यसमितिको कर्तव्य हुनेछ ।

(१३) क्षेत्रीय कार्यसमितिले सम्बन्धित इलाकाको क्षेत्रीय कार्यसमितिको सदस्यको संयोजकत्वमा सात सदस्यीय इलाका समिति गठन गर्नेछ । यसको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(१४) क्षेत्रीय कार्यसमितिले तोकिएका समिति बाहेकका पनि आवश्यकता अनुसार विभिन्न समितिहरू गठन गर्न सक्नेछ ।

(१५) क्षेत्रीय सभापतिको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ-

(क) पार्टीको माथिल्लो निकायबाट प्राप्त नीति-निर्देशन र क्षेत्रीय अधिवेशनको निर्णय कार्यान्वयन गर्ने गराउने ।

(ख) क्षेत्रीय कार्यसमितिका उपसभापति, सचिव, कोषाध्यक्ष, सहसचिवको कार्यविभाजन गर्ने र आवश्यकता अनुसार कार्यविभाजन हेरफेर गर्ने ।

(ग) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

प्रतिनिधिहरु प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय अधिवेशनका सदस्य हुनेछन् ।

(ख) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिको सभापति प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनको पनि सभापति हुनेछ ।

(ग) प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनले केन्द्रीय महाधिवेशन प्रतिनिधि, केन्द्रीय महासमिति सदस्यको निर्वाचन गर्नेछ र आफुमध्येबाट प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिको गठन गर्नेछ ।

(२) <u>केन्द्रीय महाधिवेशन प्रतिनिधि :</u>

(क) प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनले आफुमध्येबाट कम्तिमा चार महिला सहित चौध जना प्रत्यक्ष र महिला, दलित, आदिवासी जनजाती, खसआर्य, मधेशी, थारु, मुस्लिम समुदायबाट दश जना प्रतिनिधि समानुपातिक आधारमा प्रतिनिधि सभा क्षेत्रको जनसंख्याको बनोट अनुसार निर्वाचित गर्नेछ ।

(ख) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिको सभापति पदेन केन्द्रीय महाधिवेशन प्रतिनिधि हुनेछ ।

(ग) प्रदेश महाधिवेशन प्रतिनिधि केन्द्रीय महाधिवेशन प्रतिनिधि पदको निर्वाचनमा उम्मेदवार भएमा निजको प्रदेश महाधिवेशन प्रतिनिधि पद स्वतः समाप्त हुनेछ ।

(घ) केन्द्रीय महाधिवेशन प्रतिनिधि प्रदेश महाधिवेशनको पनि प्रतिनिधि हुनेछ ।

(३) <u>केन्द्रीय महासमिति सदस्य :</u>

(क) प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनले केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट दुई महिला सहित सात जना प्रत्यक्ष र महिला, दलित, आदिवासी जनजाती, खसआर्य, मधेशी, थारु, मुस्लिम समुदायबाट चार जना प्रतिनिधि सभा क्षेत्रको जनसंख्याको बनोट अनुसार समानुपातिक आधारमा केन्द्रीय महासमिति सदस्य निर्वाचित गर्नेछ ।

(४) <u>प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति :</u>

(क) एक भन्दा बढी प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लामा प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनले क्षेत्रीय अधिवेशन प्रतिनिधिमध्येबाट :

(१) सभापति, सचिव एक, कोषाध्यक्ष एक र मातहतका प्रदेश सभा क्षेत्रीय कार्यसमितिको वडाबाट निर्वाचित सदस्य संख्याको एक तिहाई संख्यामा सदस्य निर्वाचित गर्नेछ । नेपाली कांग्रेसको सदस्यता नवीकरण गरेको चार बर्ष पुगेको सदस्य मात्र प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिको पदाधिकारीको लागि उम्मेदवार बन्न सक्नेछ ।

(२) उपधारा ४ (क) (१) बमोजिम प्रत्यक्ष निर्वाचित हुने सदस्य संख्यालाई पाँच अंशमानी यसको दुई अंश हुने संख्यामा महिला सदस्य प्रत्यक्ष निर्वाचित गर्नेछ ।

(३) महिला, दलित, आदिवासी जनजाती, खसआर्य, मधेशी, थारु, मुस्लिम समुदायबाट माथि (१) र (२) बमोजिम निर्वाचित कुल सदस्य संख्याको दुई तिहाई सदस्य सम्पूर्ण क्षेत्रको जनसंख्याको बनोट अनुसार समानुपातिक आधारमा निर्वाचित गर्नेछ ।

(ख) सभापतिको प्रस्तावमा निर्वाचित सदस्यमध्येबाट क्षेत्रीय कार्यसमितिमा उपसभापति एक, सचिव एक, सहसचिव एक निर्वाचित सदस्य संख्याको वहुमतबाट अनुमोदन गर्नेछ ।

(ग) सभापतिले कार्यसमितिमा एक तिहाई सदस्य महिला हुनु पर्ने व्यवस्था, समानुपातिक समावेशी सिद्धान्त र अपाङ्ग वा अल्पसंख्यक वा पिछडिएको क्षेत्रको प्रतिनिधित्व समेतलाई ध्यानमा राखी कार्यसमितिको कूल संख्याको पच्चीस प्रतिशत सदस्य मनोनित गर्न सक्नेछ ।

(घ) मातहतका वडा कार्यसमितिका सभापतिलाई कार्यसमितिको बैठकमा

| | | |
|---|---|---|
| | आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।<br>(५) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार :<br>(क) प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन, क्षेत्रीय कार्यसमिति र क्षेत्रीय सम्मेलनको निणर्यहरु तथा माथिल्लो निकायको निर्णय र निर्देशन कार्यान्वय गर्ने गराउने ।<br>(ख) आफु मातहतका गाउँपालिका र नगरपालिका कार्यसमितिबाट स्वीकृत नेपाली कांग्रेसको सदस्यताको प्रदेश सभा क्षेत्रीय कार्यसमिति मार्फत प्राप्त विवरणको अभिलेख राखी माथिल्लो निकायमा विवरण पठाउने ।<br>(ग) नेपाली कांग्रेसका सदस्यहरु मध्येबाट योग्यता पुगेका सदस्यहरुलाई नेपाली कांग्रेसको सदस्यता नवीकरण गर्नका लागि मातहतका निकायबाट प्राप्त सिफारिस अनुसार अभिलेख राखी राय सिफारिस साथ माथिल्लो निकायमा पठाउने ।<br>(घ) क्षेत्रीय कार्यसमितिको बैठक सामान्यतया महिनामा एक पटक र बढीमा आवश्यकता अनुसार बस्न सक्नेछ ।<br>(ङ) धारा ३२ बमोजिम उम्मेदवारको नाम सिफारिस गर्ने र उम्मेदवार छनोट गर्न बैठक बोलाउने ।<br>(च) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिले सांसद र अन्य सबै तहको निर्वाचनको तयारी, संचालन तथा व्यवस्थापन सम्बन्धी सबै काम गर्नेछ ।<br>(छ) निर्वाचन क्षेत्रको राजनीतिक परिस्थिति, पार्टीका गाउँ तथा नगर एकाइहरूको क्रियाकलाप र अन्य आवश्यक विषयहरूमा जिल्ला कार्यसमितिमा मासिक प्रतिवेदन पठाउने ।<br>(ज) संसदीय निर्वाचन, प्रदेश सभा निर्वाचन र स्थानीय तहको निर्वाचनमा पार्टीका उम्मेदवारलाई सहयोग पुर्‍याउने ।<br>(झ) क्षेत्रीय कार्यसमितिको आर्थिक कारोबारको वार्षिक विवरण जिल्ला कार्यसमितिमा पठाउने ।<br>(ञ) मातहतका निकाय र जिल्लासँग सम्पर्क र समन्वय राखी सङ्गठनको विस्तार र सुदृढीकरणका लागि सक्रिय रहने ।<br>(ट) क्षेत्रीय अधिवेशनमा राजनीतिक, आर्थिक र समसामयिक प्रस्ताव पेश गर्ने ।<br>(ठ) पार्टी साहित्य, घोषणापत्र तथा अन्य प्रचार-सामग्रीको वितरण र प्रचार-प्रसार गर्ने तथा आवश्यकता अनुसार प्रशिक्षण, शिविर र गोष्ठीको आयोजना गर्ने ।<br>(ड) तोकिए बमोजिमका वाहेक आवश्यकता अनुसार अन्य विभिन्न समिति/उसमिति गठन गर्ने ।<br>(ढ) प्रतिनिधि सभा निर्वाचन क्षेत्रभित्रका विकास निर्माणका कार्यहरुको अनुगमन, मुल्याकंन गर्ने र विकास निर्माणका कामहरुलाई सम्पन्न गर्नका लागि पार्टीका तर्फबाट आवश्यक कार्य गर्ने गराउने ।<br>(ण) प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन र प्रतिनिधि सभा क्षेत्रीय सम्मेलनहरुको निर्णय कार्यान्वयन गर्ने गराउने ।<br>(त) प्रतिनिधि सभा निर्वाचन क्षेत्रभित्र पार्टीको प्रभाव र अन्य पार्टीको प्रभावको जानकारी राखी पार्टीका पक्षमा नागरिकलाई आकर्षित गर्न आवश्यक कार्य गर्ने गराउने ।<br>(थ) प्रतिनिधि सभा निर्वाचन क्षेत्रस्तरका भ्रातृ संघ र शुभेच्छुक संस्थाहरूलाई परिचालन, समन्वय र आवश्यक निर्देशन दिने ।<br>(ध) स्थानीय नागरिकका आवश्यकता र समस्याको पहिचान गरि समाधान गर्न सक्रिय रहने ।<br>(द) धार्मिक, सांस्कृतिक, सार्वजनिक एवं ऐतिहासिक सम्पदाको संरक्षण गर्न क्रियाशील रहने । | |

(न) पर्यटनस्थल, सार्वजनिक उद्यान एवं विश्राम स्थलहरूको निर्माण एवं संरक्षण निम्ति उत्प्रेरित गर्ने ।

(प) स्वास्थ्य, शिक्षा तथा खानेपानीको प्रवन्धका साथै पर्यावरणको सुरक्षा, वृक्षारोपण, वातावरण संरक्षण र सरसफाईका निम्ती क्रियाशील रहने ।

(फ) सरकारी तथा गैरसरकारी सामाजिक संघ संस्थाहरूसँग आवश्यक सम्पर्क र समन्वय राखी विकास कार्यमा सरिक हुने ।

(ब) महिला हिंसा, घरेलु हिंसा, छुवाछुत, लैङ्गिक विभेद, वोक्सी र छाउँपडी लगायतका सामाजिक कुरीति र अन्धविश्वासका विरुद्ध जनचेतना वढाउने ।

(भ) जुवा, धुम्रपान, मद्यपान, लागूपदार्थ दुव्यर्सन जस्ता सामाजिक विकृतिका विरूद्ध जनचेतना जगाउने ।

(म) भुकम्प, वाढी, पहिरो लगायतका प्राकृतिक विपद्बाट पीडितहरुको उद्धार, राहत र पुर्नस्थापना कार्यमा सक्रिय रहने ।

(य) अपाङ्ग, असहाय, बालक र बृद्धहरूको हितका लागि क्रियाशील रहने ।

(र) महिला, किसान, मजदुर, साना व्यवसायी एवं आर्थिक र सामाजिक दृष्टिले पछाडि परेका वर्गको हक हितको संरक्षणमा क्रियाशील रहने ।

(ल) सार्वजनिक पुस्तकालय, वाचनालय, खेलकूद, सांस्कृतिक क्रियाकलाप आदिको स्थापना, सञ्चालन र विकास गर्न क्रियाशील रहने ।

(व) विभिन्न रचनात्मक क्रियाकलापहरुमा संलग्न प्रतिभाहरूको संरक्षण र प्रोत्साहनका लागि क्रियाशील रहने र सम्वन्धित निकायलाई निर्देशन दिने ।

(श) नागरिकका दैनिक हितसंग सम्वन्धित कार्यक्रमहरु समय समयमा अभियानका रुपमा सञ्चालन गर्ने गराउने ।

(ष) पार्टीको तर्फबाट प्रतिनिधि सभामा निर्वाचित सांसद र पार्टीको प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिकाबीच प्रत्येक दुई महिनामा कम्तिमा एक पटक अनिवार्य बैठक बस्ने ।

(स) सञ्चार माध्यम तथा सामाजिक सञ्जाल मार्फत पार्टीका गतिविधिको व्यापक प्रचार प्रसार गर्न आवश्यक कार्य गर्ने गराउने ।

(ह) पार्टीद्वारा वर्ष भरिमा संचालन हुने विविध कार्यक्रमको वार्षिक क्यालेण्डर बनाई सोही अनुसार कार्य गर्ने गराउने ।

(क्ष) एक भन्दा वढी प्रदेश सभा निर्वाचन क्षेत्रमा कुनै गाउँपालिका वा नगरपालिका परेको रहेछ भने त्यस्ता गाउँपालिका वा नगरपालिकाको अध्यक्ष/उपाध्यक्ष र प्रमुख/उपप्रमुख पदमा पार्टीको तर्फबाट हुने उम्मेदवारको निर्णय सम्बन्धित प्रदेश सभा कार्यसमितिको राय समेतलाई ध्यान दिई प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिले जिल्ला कार्यसमितिमा आफ्नो राय पठाउने ।

(त्र) धारा ३२ बमोजिम उम्मेदवारको नाम टुङ्गो लगाउने तथा जिल्ला कार्यसमिति, प्रदेश कार्यसमिति र केन्द्रमा सिफारिस गर्ने ।

(ज्ञ) पार्टीको हितमा तोकिए बमोजिमका अन्य आवश्यक कार्य गर्ने गराउने ।

(६) प्रतिनिधि सभा क्षेत्रीय सभापतिको काम, कर्तव्य र अधिकार :

(क) प्रतिनिधि सभा निर्वाचन क्षेत्रमा पार्टीको नेतृत्व गर्ने । प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन; प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति र प्रतिनिधि सभा क्षेत्रीय सम्मेलनको सभापतित्व गर्ने ।

(ख) पार्टीको माथिल्लो निकायबाट प्राप्त नीति-निर्देशन र प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन, क्षेत्रीय कार्यसमिति र क्षेत्रीय सम्मेलनको निर्णय कार्यान्वयन गर्ने गराउने ।

(ग) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिका पदाधिकारीको कार्य विभाजन गर्ने र आवश्यकता अनुसार कार्य विभाजन हेरफेर गर्ने ।

(घ) आवश्यकता अनुसार प्रतिनिधिहरु खटाउने ।

| | | |
|---|---|---|
| | (ङ) आफु मातहतका निकायहरुको नियमित बैठक वसे नवसेको, अनुगमन मुल्याङ्कन गरि बैठक नवसेको देखिएमा नियमित बैठक गर्न लगाउने ।<br>(च) मातहतका कार्यसमितिहरुले पूर्णता पाए नपाएको हेरी नपाएको भए पूर्णता प्रदान गर्नका लागि निर्देश गर्ने ।<br>(छ) यसै विधानको धारा ११ को उपधारा (४) (ख) बमोजिमका पदाधिकारीहरुका नाम प्रस्ताव गर्ने र धारा ११ को उपधारा (४) (ग) बमोजिम प्रदेश सभा क्षेत्रीय कार्यसमितिका सदस्यहरुको मनोनयन गर्ने ।<br>(ज) प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन, क्षेत्रीय सम्मेलन, क्षेत्रीय कार्यसमिति, क्षेत्रीय कार्य सम्पादन समितिको अध्यक्षता गर्ने ।<br>(झ) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।<br><br>(७) प्रतिनिधि सभा क्षेत्रीय कार्यसम्पादन समिति :<br>(क) एक भन्दा बढी प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लामा प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिले सभापतिको सभापतित्वमा उपसभापति, सचिव, कोषाध्यक्ष, सहसचिव सहित समानुपातिक समावेशी सिद्धान्तलाई ध्यानमा राखि कार्यसमितिको सदस्य संख्यालाई पाँच अंश मानि यसको दुई अंश वा एक्काइस मध्ये जुन अंक सानो हुन्छ त्यही संख्यामा हुने गरि कार्यसम्पादन समितिको गठन गर्नेछ ।<br>(८) प्रतिनिधि सभा क्षेत्रीय कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकार :<br>(क) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिको बैठक नभएको बेला प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार कार्यसम्पादन समितिले गर्नेछ ।<br>(ख) कार्यसम्पादन समितिले प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिको बैठकमा आफ्ना निर्णय अनुमोदनका लागि प्रस्तुत गर्नेछ ।<br>(९) प्रतिनिधि सभा क्षेत्रीय सम्मेलन :<br>(क) प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनका सदस्य प्रतिनिधि सभा क्षेत्रीय सम्मेलनका पनि सदस्य हुनेछन् ।<br>(ख) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिको सभापति प्रतिनिधि सभा क्षेत्रीय सम्मेलनको सभापति हुनेछ ।<br>(१०) प्रतिनिधि सभा क्षेत्रीय सम्मेलनको काम, कर्तव्य र अधिकार :<br>(क) प्रतिनिधि सभा क्षेत्रिय कार्य समितिले कम्तीमा प्रत्येक छ महिनामा एक पटक प्रतिनिधि सभा क्षेत्रीय सम्मेलनको बैठक राखि वार्षिक कार्यक्रम स्वीकृत गर्ने र सम्मेलनले प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिको मूल्याङकन गरि निर्देशन दिनेछ ।<br>(ख) नेपाली कांग्रेसको केन्द्रीय महाधिवेशन हुने वर्षको पछिल्लो छ महिना वाहेक अन्य वर्षहरुमा प्रतिनिधि सभा क्षेत्रीय सम्मेलन वस्नेछ । प्रतिनिधि सभा क्षेत्रीय सम्मेलनले निर्वाचन वाहेक प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनले गर्ने सबै काम गर्नेछ ।<br>(ग) प्रतिनिधि सभा क्षेत्रीय सम्मेलनले विभिन्न कार्यक्रम स्वीकृत गर्नेछ ।<br>(घ) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिले सम्मेलनमा प्रतिनिधि सभा निर्वाचन क्षेत्रभित्रका आवश्यक व्यक्तिहरुलाई आमन्त्रीत गर्न सक्नेछ । | |
| १०. जिल्ला अधिवेशन र जिल्ला कार्यसमितिको गठन : (१) जिल्लाभित्रको प्रत्येक क्षेत्रीय अधिवेशनका लागि निर्वाचित क्षेत्रीय प्रतिनिधिहरू तथा गाउँ, नगर, नगर वडाका कार्यसमितिका सभापतिहरू, जिल्लाका सांसद एवं संविधानसभा, प्रतिनिधि सभाको पछिल्लो प्रत्यक्ष निर्वाचनमा पार्टीको उम्मेदवार भएको व्यक्ति, सो जिल्लामा रहेका संविधानसभाको निर्वाचनमा पार्टीको तर्फबाट समानुपातिकमा उम्मेदवार भएका व्यक्ति तथा सो जिल्लामा रहेका पार्टीको केन्द्रीय कार्यसमितिका पदाधिकारी एवं सदस्यहरू जिल्ला अधिवेशनको सदस्य हुने गरी जिल्ला अधिवेशनको गठन हुनेछ । | १२. जिल्ला अधिवेशन, जिल्ला कार्यसमिति, जिल्ला सम्मेलन :<br>(१) जिल्ला अधिवेशनको गठन :<br>(क) जिल्लाभित्रको प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनका सदस्यहरु ।<br>(ख) जिल्ला कार्यसमितिको सभापति जिल्ला अधिवेशनको पनि सभापति हुनेछ ।<br>(२) जिल्ला अधिवेशनको काम, कर्तव्य र अधिकार :<br>(क) जिल्ला अधिवेशनको बैठकले जिल्लाको सङ्गठन र कार्यसमितिको मूल्याङ्कन गरि आवश्यक निर्देशन दिने र प्रदेश कार्यसमितिमा प्रतिवेदन पठाउने । यसरी प्रतिवेदन पठाउँदा केन्द्रीय महासमितिका सदस्य एवं केन्द्रीय महाधिवेशनका प्रतिनिधिहरूले | |

(२) जिल्ला कार्यसमितिको निर्वाचन :

(क) जिल्ला कार्यसमितिको पदाधिकारीको निर्वाचन देहायबमोजिम हुनेछ :

(१) जिल्ला अधिवेशनले कम्तिमा दश वर्ष निरन्तर क्रियाशील सदस्य भएका महाधिवेशनका प्रतिनिधिहरूमध्येबाट जिल्ला कार्यसमितिका लागि एक जना सभापतिको निर्वाचन गर्नेछ । निर्वाचनमा विजयी हुन खसेको मतको पचास प्रतिशतभन्दा बढी मत ल्याउनु अनिवार्य हुनेछ । पहिलो चरणको निर्वाचनमा कसैले पनि पचास प्रतिशतभन्दा बढी मत नल्याएमा सबैभन्दा बढी मत ल्याउने दुई जना उम्मेदवारहरूका बीच पुनः मतदान गरी बढी मत ल्याउने उम्मेदवार विजयी हुनेछ ।

तर पहिलोपटक नै दुई जना मात्र उम्मेदवार भएमा, बढी मत ल्याउने उम्मेदवार विजयी हुनेछ ।

(२) जिल्ला अधिवेशनले कम्तिमा पाँच वर्ष निरन्तर क्रियाशील सदस्य भएका जिल्ला अधिवेशनका सदस्यहरू मध्येबाट जिल्ला कार्यसमितिका लागि एक सचिव र एक कोषाध्यक्षको निर्वाचन गर्नेछ । सचिव र कोषाध्यक्ष पदको निर्वाचनमा जतिसुकै उम्मेदवार भए पनि बढी मत ल्याउने उम्मेदवार विजयी हुनेछ ।

(३) जिल्ला सभापतिले निर्वाचित सदस्यहरू वा महाधिवेशन प्रतिनिधि, महासमिति सदस्यहरूमध्येबाट कार्यसमितिका लागि एक उपसभापति, एक सचिव र एक सह-सचिवको नाम प्रस्ताव गरी निर्वाचित जिल्ला कार्यसमितिले चयन गर्नेछ ।

(ख) जिल्ला कार्य समितिका सदस्यहरूको निर्वाचन :

(१) एक निर्वाचन क्षेत्र भएको जिल्ला :

(क) एक निर्वाचन क्षेत्र भएका जिल्लामा जिल्ला अधिवेशनका सदस्यहरूले आफूहरूमध्येबाट कम्तिमा तीन महिला, एक दलित, एक आदिवासी जनजाति, एक मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्ग सहित जिल्ला कार्यसमितिको सदस्यका लागि दश जना निर्वाचित गर्नेछन् ।

(ख) जिल्ला सभापतिले जिल्ला अधिवेशनका सदस्यहरूमध्येबाट बढीमा सात जनालाई जिल्ला कार्यसमितिको सदस्यमा मनोनित गर्नेछ ।

(ग) महाधिवेशन प्रतिनिधि एवं महासमिति सदस्य जिल्ला कार्य समितिका पदेन सदस्य हुनेछन् ।

(२) दुई निर्वाचन क्षेत्र भएका जिल्ला :

(क) दुई निर्वाचन क्षेत्र भएका जिल्लामा प्रत्येक क्षेत्रीय अधिवेशनका सदस्यहरूले आफूहरूमध्येबाट कम्तिमा दुई महिला, एक दलित, एक आदिवासी जनजाति, एक मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएका वर्ग सहित दश जना निर्वाचन हुने गरी जिल्ला कार्यसमितिका सदस्यका लागि दुई क्षेत्रबाट बीस जना सदस्य निर्वाचित गर्नेछन् ।

(ख) जिल्ला अधिवेशनका सदस्यहरू मध्येबाट प्रत्येक क्षेत्रबाट बढीमा चार जना पर्ने गरी जिल्ला सभापतिले जिल्ला कार्यसमितिका लागि बढीमा आठ जना सदस्य मनोनित गर्नेछ ।

(३) तीन निर्वाचन क्षेत्र भएका जिल्ला :-

(क) तीन निर्वाचन क्षेत्र भएका जिल्लामा प्रत्येक क्षेत्रीय अधिवेशनका सदस्यहरूले आफूहरू मध्येबाट कम्तिमा दुई महिला, एक दलित, एक आदिवासी जनजाति, एक मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्ग सहित सात जना निर्वाचन हुने गरी जिल्ला कार्यसमितिका सदस्यका लागि तीन क्षेत्रबाट एक्काइस जना सदस्य निर्वाचित

दिएको सुझाव समेत उल्लेख हुनु पर्नेछ ।

(ख) जिल्लाभित्रको प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनका सदस्यहरुले आफुमध्येबाट धारा १२ (५) बमोजिमका जिल्ला सभापति र कार्यसमितिका पदाधिकारी एवं सदस्यहरुको निर्वाचन गर्नेछ ।

(३) जिल्ला सम्मेलन :

(क) जिल्ला अधिवेशनका सदस्य सहित गाउँपालिका कार्यसमितिका सभापति र नगरपालिका कार्यसमितिका सभापति जिल्ला सम्मेलनका सदस्य हुनेछन ।

(४) जिल्ला सम्मेलनको काम, कर्तव्य र अधिकार :

(क) जिल्ला सम्मेलन वर्षमा एक पटक हुनेछ तर जिल्ला अधिवेशन हुने वर्षमा जिल्ला सम्मेलन बस्नेछैन । जिल्ला सम्मेलनले एउटा जिल्ला अधिवेशन भई अर्को जिल्ला अधिवेशन प्रारम्भ नहुँदाको अवस्थामा निर्वाचन बाहेक जिल्ला अधिवेशनको सबै कार्य गर्नेछ ।

(ख) जिल्ला कार्यसमितिले जिल्ला सम्मेलन बोलाउनेछ । जिल्ला सम्मेलनले जिल्ला कार्यसमितिबाट प्रस्तुत वार्षिक कार्यक्रम तथा प्रतिवेदन माथि छलफल गरि पारित गर्नेछ । साथै, अन्य विषयमा समेत छलफल गरि निर्णय गर्नेछ ।

(ग) जिल्ला भित्रका प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिहरुको आवधिक मुल्याङ्कन गरि आवश्यक निर्देशन दिनेछ ।

(५) जिल्ला कार्यसमितिको गठन :

(क) पदाधिकारीको सम्बन्धमा :

(१) जिल्ला अधिवेशनले कम्तिमा दश वर्ष निरन्तर नेपाली कांग्रेसको सदस्य भएको केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट जिल्ला सभापतिको निर्वाचन गर्नेछ ।

(२) सभापति पदको निर्वाचनमा विजयी हुन खसेको मतको पचास प्रतिशत भन्दा बढी मत ल्याउनु पर्नेछ ।

(३) सभापति पदको पहिलो चरणको निर्वाचनमा कसैले पनि पचास प्रतिशत भन्दा बढी मत नल्याएमा, सबैभन्दा वढी मत ल्याउने दुई जना उम्मेदवारका विचमा पुनः मतदान गरि बढि मत ल्याउने उम्मेदवार विजयी हुनेछ । तर, पहिलो पटक नै दुईजना मात्र उम्मेदवार भएमा, वढी मत प्राप्त गर्ने उम्मेदवार विजयी हुनेछ ।

(४) जिल्ला अधिवेशनले कम्तिमा पाँच वर्ष निरन्तर नेपाली कांग्रेसको सदस्य भएका जिल्ला अधिवेशनका सदस्यमध्येबाट जिल्ला कार्यसमितिका लागि एक सचिव र एक कोषाध्यक्षको निर्वाचन गर्नेछ । सचिव र कोषाध्यक्ष पदको निर्वाचनमा जतिसुकै उम्मेदवार भए पनि बढी मत ल्याउने उम्मेदवार विजयी हुनेछ ।

(५) सभापतिको प्रस्तावमा निर्वाचित सदस्यमध्येबाट उपसभापति एक, सचिव एक र सहसचिव एक निर्वाचित सदस्य संख्याको वहुमतबाट अनुमोदन गर्नेछ ।

(ख) सदस्यको सम्बन्धमा :

(१) जिल्ला अधिवेशनले जिल्ला अधिवेशनका प्रतिनिधिमध्येबाट :

(क) प्रत्येक गाउँपालिकाबाट कम्तिमा एक महिला सहित दुई जना, नगरपालिकाबाट कम्तिमा एक महिला सहित तीन जना, उपमहानगरपालिकाबाट कम्तिमा दुई महिला सहित पाँच जना, महानगरपालिकाबाट कम्तिमा तीन महिला सहित सात जना सदस्य प्रत्यक्ष निर्वाचित गर्नेछ ।

(ख) महिला, दलित, आदिवासी जनजाती, खसआर्य, मधेशी, थारु, मुस्लिम समुदायबाट सबै स्थानीय तहबाट जोडेर

गर्नेछन् ।

(ख) जिल्ला अधिवेशनका सदस्यहरू मध्येबाट प्रत्येक क्षेत्रबाट बढीमा तीन जना पर्ने गरी जिल्ला सभापतिले जिल्ला कार्यसमितिका लागि बढीमा नौं जना सदस्य मनोनित गर्नेछ ।

(४) चार निर्वाचन क्षेत्र भएका जिल्ला :

(क) चार निर्वाचन क्षेत्र भएका जिल्लामा प्रत्येक क्षेत्रीय अधिवेशनका सदस्यहरूले आफूहरू मध्येबाट कम्तिमा एक महिला सहित छ जना निर्वाचन हुने गरी जिल्ला कार्यसमितिका सदस्यका लागि चार क्षेत्रबाट चौबीस जना सदस्य निर्वाचित गर्नेछन् ।

(ख) जिल्ला अधिवेशनका सदस्यहरू मध्येबाट प्रत्येक क्षेत्रबाट बढीमा दुई जना पर्ने गरी जिल्ला सभापतिले जिल्ला कार्यसमितिका लागि बढीमा आठ जना सदस्य मनोनित गर्नेछ । यसरी मनोनित गर्दा कम्तिमा एक दलित, एक आदिवासी जनजाति, एक मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्गबाट मनोनित गर्नु पर्नेछ ।

(५) पाँच निर्वाचन क्षेत्र भएका जिल्ला :

(क) पाँच निर्वाचन क्षेत्र भएका जिल्लामा प्रत्येक क्षेत्रीय अधिवेशनका सदस्यहरूले आफूहरू मध्येबाट कम्तिमा एक महिला सहित पाँच जना निर्वाचन हुने गरी जिल्ला कार्यसमितिका सदस्यका लागि पाँच क्षेत्रबाट पच्चीस जना सदस्य निर्वाचित गर्नेछन् ।

(ख) जिल्ला अधिवेशनका सदस्यहरू मध्येबाट प्रत्येक क्षेत्रबाट बढीमा दुई जना पर्ने गरी जिल्ला सभापतिले जिल्ला कार्यसमितिका लागि बढीमा दश जना सदस्य मनोनित गर्नेछ । यसरी मनोनित गर्दा कम्तिमा एक दलित, एक आदिवासी जनजाति, एक मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्गबाट मनोनित गर्नु पर्नेछ ।

(६) छ निर्वाचन क्षेत्र भएका जिल्ला :-

(क) छ निर्वाचन क्षेत्र भएका जिल्लामा प्रत्येक क्षेत्रीय अधिवेशनका सदस्यहरूले आफूहरूमध्येबाट कम्तिमा एक महिला सहित पाँच जना निर्वाचन हुने गरी जिल्ला कार्यसमितिका सदस्यका लागि छ क्षेत्रबाट तीस जना सदस्य निर्वाचित गर्नेछन् ।

(ख) जिल्ला अधिवेशनका सदस्यहरू मध्येबाट प्रत्येक क्षेत्रबाट बढीमा दुई जना पर्ने गरी जिल्ला सभापतिले जिल्ला कार्यसमितिका लागि बढीमा बाह्र जना सदस्य मनोनित गर्नेछ । यसरी मनोनित गर्दा कम्तिमा दुई दलित, दुई आदिवासी जनजाति, दुई मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्गबाट मनोनित गर्नु पर्नेछ ।

(७) सात निर्वाचन क्षेत्र भएका जिल्ला :

(क) सात निर्वाचन क्षेत्र भएका जिल्लामा प्रत्येक क्षेत्रीय अधिवेशनका सदस्यहरूले आफूहरू मध्येबाट कम्तिमा एक महिला सहित पाँच जना निर्वाचन हुने गरी जिल्ला कार्यसमितिका सदस्यका लागि सात क्षेत्रबाट पैतीस जना सदस्य निर्वाचित गर्नेछन् ।

(ख) जिल्ला अधिवेशनका सदस्यहरू मध्येबाट प्रत्येक क्षेत्रबाट बढीमा दुई जना पर्ने गरी जिल्ला सभापतिले जिल्ला कार्यसमितिका लागि बढीमा चौध जना सदस्य मनोनित गर्नेछ । यसरी मनोनित गर्दा कम्तिमा दुई दलित, दुई आदिवासी जनजाति, दुई मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्गबाट मनोनित गर्नु पर्नेछ ।

प्रत्यक्ष निर्वाचित हुने सदस्य संख्याको दुई तिहाई सदस्य सम्पूर्ण जिल्लाको जनसंख्याको बनोट अनुसार समानुपातिक आधारमा निर्वाचित गर्नेछ ।

(२) सभापतिले कार्यसमितिमा एक तिहाई सदस्य महिला हुनु पर्ने व्यवस्था, समानुपातिक समावेशी सिद्धान्त र अपाङ्ग वा अल्पसंख्यक वा पिछडिएको क्षेत्रको प्रतिनिधित्व समेतलाई ध्यानमा राखी कार्यसमितिको कूल संख्याको पच्चीस प्रतिशत सदस्य मनोनित गर्नेछ ।

(३) प्रदेश सभा महाधिवेशन र प्रतिनिधि सभा महाधिवेशन प्रतिनिधिलाई जिल्ला कार्यसमितिको बैठकमा आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

(४) मातहतका स्थानीय तह कार्यसमितिका सभापतिलाई कार्यसमितिको बैठकमा आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ ।

(६) <u>जिल्ला कार्य समितिको काम, कर्तव्य र अधिकार :</u>

(क) जिल्ला भित्रका प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति, प्रदेश सभा क्षेत्रीय कार्यसमिति र गाउँपालिका, नगरपालिका कार्यसमितिबीच सम्पर्क र समन्वयको काम गर्ने । मातहतका निकायलाई आवश्यक सहयोग र निर्देशन दिने ।

(ख) जिल्ला भित्र नेपाली कांग्रेस र अन्य राजनीतिक दलहरुको प्रभाव बारे जानकारी लिने । पार्टीप्रति जन आकर्षण बढाउन आवश्यक कार्य गर्ने गराउने ।

(ग) जिल्ला भित्रको जनसंख्या, मतदाता संख्या र वसोवासको अवस्था जानकारी हुने गरि जिल्ला प्रोफाइल बनाउने र अद्यावधिक गर्ने । आफु मातहतका सबै निकायलाई आफ्नो क्षेत्रभित्रका प्रोफाइल बनाउन लगाउने ।

(घ) जिल्ला अधिवेशन, जिल्ला कार्यसमिति र जिल्ला सम्मेलनका निर्णयहरु र माथिल्लो तहका निर्णय र निर्देशनहरु कार्यान्वयन गर्ने गराउने ।

(ङ) नेपाली कांग्रेसको सदस्यता निरन्तर वितरण गर्ने गराउने र यसको अभिलेख राखी माथिल्लो निकायमा विवरण पठाउने ।

(च) नेपाली कांग्रेसको सदस्यता नवीकरण गरि अभिलेख राख्ने तथा प्रदेश र केन्द्रमा विवरण पठाउने ।

(छ) जिल्ला कार्यसमितिको बैठक साधारणतया महिनामा एक पटक र बढीमा आवश्यकता अनुसार बस्नेछ ।

(ज) जिल्लाका समस्याहरूको समय-समयमा जानकारी लिई भ्रातृसंघ, शुभेच्छुक संस्था, गाउँपालिका, नगरपालिका, जिल्ला समन्वय समिति, सरकारी र गैर सरकारी कार्यालय एवं संस्थाहरूसँग सम्पर्क राखी पार्टी हितमा समस्याको समाधानका लागि आवश्यक प्रयत्न गर्ने ।

(झ) पार्टीको उद्देश्य, नीति, कार्यक्रम, घोषणापत्र र पार्टी साहित्य आदिको व्यापक प्रचार-प्रसार गर्ने गराउने ।

(ञ) समय-समयमा गोष्ठी, प्रशिक्षण शिविर र भ्रमण आदिको आयोजना गर्ने ।

(ट) आफ्नो जिल्लामा महासमिति, महाधिवेशन वा प्रदेश अधिवेशन हुने भएमा त्यसको व्यवस्थापन गर्ने ।

(ठ) राष्ट्रिय र पार्टी महत्वका अवसरमा रक्तदान, वृक्षारोपण सरसफाई आदि विभिन्न रचनात्मक कामको आयोजना गर्ने, गराउने ।

(ड) जिल्ला अन्तर्गतका निकायहरूद्वारा हुने निर्वाचित पद रिक्त भएमा त्यसको जानकारी केन्द्रीय निर्वाचन समितिमा तुरून्त गराउने ।

(ढ) आफ्नो जिल्लाभित्र तोकिए बाहेकका पनि आवश्यकता अनुसार विभिन्न समितिहरू गठन गर्न गराउन सक्नेछ ।

(ण) धारा ३२ अनुसार मातहत निकायको राय सहित उम्मेदवारको सिफारिस

(८) आठ निर्वाचन क्षेत्र भएका जिल्ला :

(क) आठ निर्वाचन क्षेत्र भएका जिल्लामा प्रत्येक क्षेत्रीय अधिवेशनका सदस्यहरूले आफूहरू मध्येबाट कम्तिमा एक महिला सहित पाँच जना निर्वाचन हुने गरी जिल्ला कार्यसमितिका सदस्यका लागि आठ क्षेत्रबाट चालीस जना सदस्य निर्वाचित गर्नेछन् ।

(ख) जिल्ला अधिवेशनका सदस्यहरू मध्येबाट प्रत्येक क्षेत्रबाट बढीमा दुई जना पर्ने गरी जिल्ला सभापतिले जिल्ला कार्यसमितिका लागि बढीमा सोह्र जना सदस्य मनोनित गर्नेछ । यसरी मनोनित गर्दा कम्तिमा तीन दलित, तीन आदिवासी जनजाति, तीन मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्गबाट मनोनित गर्नु पर्नेछ ।

(९) नौ निर्वाचन क्षेत्र भएका जिल्ला :

(क) नौ निर्वाचन क्षेत्र भएका जिल्लामा प्रत्येक क्षेत्रीय अधिवेशनका सदस्यहरूले आफूहरूमध्येबाट कम्तिमा एक महिला सहित पाँच जना निर्वाचन हुने गरी जिल्ला कार्यसमितिका सदस्यका लागि नौ क्षेत्रबाट पैतालीस जना सदस्य निर्वाचित गर्नेछन् ।

(ख) जिल्ला अधिवेशनका सदस्यहरू मध्येबाट प्रत्येक क्षेत्रबाट बढीमा दुई जना पर्ने गरी जिल्ला सभापतिले जिल्ला कार्यसमितिका लागि बढीमा अठार जना सदस्य मनोनित गर्नेछ । यसरी मनोनित गर्दा कम्तिमा तीन दलित, तीन आदिवासी जनजाति, तीन मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्गबाट मनोनित गर्नु पर्नेछ ।

(१०) दश निर्वाचन क्षेत्र भएका जिल्ला :

(क) दश निर्वाचन क्षेत्र भएका जिल्लामा प्रत्येक क्षेत्रीय अधिवेशनका सदस्यहरूले आफूहरूमध्येबाट कम्तिमा एक महिला सहित पाँच जना निर्वाचन हुने गरी जिल्ला कार्यसमितिका सदस्यका लागि दश क्षेत्रबाट पचास जना सदस्य निर्वाचित गर्नेछन् ।

(ख) जिल्ला अधिवेशनका सदस्यहरू मध्येबाट प्रत्येक क्षेत्रबाट बढीमा दुई जना पर्ने गरी जिल्ला सभापतिले जिल्ला कार्यसमितिका लागि बढीमा बीस जना सदस्य मनोनित गर्नेछ । यसरी मनोनित गर्दा कम्तिमा तीन दलित, तीन आदिवासी जनजाति, तीन मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्गबाट मनोनित गर्नु पर्नेछ ।

(११) क्षेत्रीय सभापतिहरू जिल्ला कार्यसमितिका पदेन सदस्य हुनेछन् ।

(३) जिल्ला सम्मेलनको गठन देहायबमोजिम हुनेछ ।

(क) गाउँ कार्यसमितिका सभापतिहरू ।

(ख) नगर वडा कार्यसमितिका सभापतिहरू ।

(ग) नगर कार्यसमितिका सभापतिहरू ।

(घ) क्षेत्रीय कार्यसमितिका सभापति, उपसभापति, सचिव, कोषाध्यक्ष र सहसचिव ।

(ङ) महाधिवेशनका प्रतिनिधिहरू ।

(च) जिल्ला कार्यसमितिका सदस्यहरू ।

(४) यस विधानमा अन्यत्र जेसुकै लेखिएको भए पनि एक मात्र संसदीय निर्वाचन क्षेत्र भएको जिल्लामा क्षेत्रीय अधिवेशन र क्षेत्रीय कार्यसमिति हुने छैन । एक निर्वाचन क्षेत्र भएको जिल्लामा जिल्ला कार्यसमितिको सभापतिको निर्वाचनमा दश वर्ष निरन्तर क्रियाशील सदस्य भएका क्षेत्रीय प्रतिनिधिहरू उम्मेदवार हुन सक्नेछन् । सचिव र कोषाध्यक्षमा पाँच वर्ष निरन्तर क्रियाशील

गर्ने, टुङ्गो लगाउने । निर्वाचनको तयारी, संचालन र व्यवस्थापन सम्बन्धी सबै काम गर्ने गराउनेछ ।

(त) जिल्ला स्तरका भ्रातृ संघ एवं शुभेच्छुक संस्थालाई परिचालन, समन्वय र आवश्यक निर्देशन दिने ।

(थ) महिला हिंसा, घरेलु हिंसा, छुवाछुत, लैङ्गिक विभेद, बोक्सी र छाउँपडी लगायतका सामाजिक कुरीति र अन्धविश्वासका विरुद्ध जनचेतना बढाउने ।

(ध) जुवा, धुमपान, मद्यपान, लागूपदार्थ, दुव्र्यसन जस्ता सामाजिक विकृतिका विरूद्ध जनचेतना जगाउने ।

(द) भुकम्प, बाढी, पहिरो लगायतका प्राकृतिक विपद्बाट पीडितहरुको उद्धार, राहत र पुर्नस्थापना कार्यमा सक्रिय रहने ।

(न) अपाङ्ग, असहाय, बालक र बृद्धहरूको हितका लागि क्रियाशील रहने ।

(प) महिला, किसान, मजदुर, साना व्यवसायी एवं आर्थिक र सामाजिक दृष्टिले पछाडि परेका वर्गको हक हितको संरक्षणमा क्रियाशील रहने ।

(फ) सार्वजनिक पुस्तकालय, वाचनालय, खेलकूद, सांस्कृतिक क्रियाकलाप आदिको स्थापना, संचालन र विकास गर्न क्रियाशील रहने ।

(ब) विभिन्न रचनात्मक क्रियाकलापहरुमा संलग्न प्रतिभाहरूको संरक्षण र प्रोत्साहनका लागि क्रियाशील रहने र सम्बन्धित निकायलाई निर्देशन दिने ।

(भ) स्थानीय विकास निर्माण कार्यमा जनसहभागीता जुटाउन सक्रिय रहने तथा विकास निर्माण कार्यको अनुगमन गर्ने ।

(म) पार्टीबाट निर्वाचित जिल्ला स्तरका जनप्रतिनिधिहरुसंग दुई महिनामा कम्तिमा एक पटक छलफल र परामर्श गर्ने ।

(य) नागरिकका दैनिक हितसंग सम्बन्धित कार्यक्रमहरु समय समयमा अभियानकारुपमा सञ्चालन गर्ने गराउने ।

(र) सञ्चार माध्यम र सामाजिक सञ्जाल मार्फत पार्टीका गतिविधिको व्यापक प्रचार प्रसार गर्न आवश्यक कार्य गर्ने गराउने ।

(ल) पार्टीद्वारा वर्ष भरिमा संचालन हुने विविध कार्यक्रमहरुको वार्षिक क्यालेण्डर बनाई सोही अनुसार कार्य गर्ने गराउने ।

(व) पार्टीको हितमा तोकिए बमोजिमका अन्य आवश्यक कार्य गर्ने गराउने ।

(७) जिल्ला सभापतिको काम, कर्तव्य र अधिकार :

(क) जिल्लामा पार्टीको नेतृत्व गर्ने ।

(ख) जिल्ला अधिवेशन, जिल्ला सम्मेलन र जिल्ला कार्यसमिति तथा जिल्ला कार्यसम्पादन समितिको बैठकको अध्यक्षता गर्ने, आवश्यक परेमा निर्णायक मत दिने ।

(ग) मातहत निकायबाट आवश्यक प्रक्रिया पुऱ्याई पेश हुन आएका र जिल्ला कार्यसमितिबाट अनुमोदन भएका नेपाली कांग्रेसको सदस्यता नवीकरण प्रमाणित गर्ने ।

(घ) पार्टीको माथिल्लो निकायबाट प्राप्त नीति-निर्देशन कार्यान्वयन गर्ने गराउने ।

(ङ) जिल्ला कार्यसमितिका पदाधिकारीहरुको कार्यविभाजन गर्ने र आवश्यकता अनुसार कार्यविभाजन हेरफेर गर्ने ।

(च) मातहत निकायहरूलाई नीति-निर्देशन दिने र कार्यान्वयन गर्ने गराउने ।

(छ) जिल्लास्तरीय विभिन्न विभाग तथा समितिहरूका प्रमुख तथा सदस्यहरूको नियुक्ति, मनोनयन वा हेरफेर गर्ने ।

(ज) जिल्लामा पार्टीका तर्फबाट प्रतिनिधि तोक्ने ।

(झ) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(८) जिल्ला कार्यसम्पादन समिति :

(क) जिल्ला कार्यसमितिले सभापतिको सभापतित्वमा उपसभापति, सचिव,

| | | |
|---|---|---|
| सदस्य भएका क्षेत्रीय प्रतिनिधिहरू उम्मेदवार हुन सक्नेछन् । जिल्ला सभापति महाधिवेशनका पदेन प्रतिनिधि हुनेछ र निजलाई महाधिवेशन प्रतिनिधि सरह अधिकार हुनेछ । त्यस्तो जिल्लामा जिल्ला अधिवेशन, जिल्ला सम्मेलन, जिल्ला कार्यसमिति र जिल्ला कार्य सम्पादन समिति मात्र हुनेछ ।<br><br>(५) <u>जिल्ला कार्यसम्पादन समिति :</u><br>(क) जिल्ला सभापतिको अध्यक्षतामा उपसभापति, सचिव, कोषाध्यक्ष, सह-सचिवसहित समावेशी सिद्धान्तलाई समेत ध्यानमा राखी कार्यसमितिले बढीमा सत्र जनासम्मको जिल्ला कार्यसम्पादन समिति गठन गर्नेछ ।<br>(ख) जिल्ला कार्यसमितिको बैठक नभएको बेला जिल्ला कार्यसमितिको काम, कर्तव्य र अधिकार कार्यसम्पादन समितिले गर्नेछ ।<br>(ग) कार्यसम्पादन समितिले जिल्ला कार्यसमितिको बैठकमा आफ्नो निर्णय अनुमोदनका लागि प्रस्तुत गर्नेछ । | कोषाध्यक्ष, सहसचिव सहित समानुपातिक समावेशी सिद्धान्तलाई ध्यानमा राखि कार्यसमितिको सदस्य संख्यालाई पाँच अंश मानि भएको दुई अंश वा पच्चीस मध्ये जुन अंक सानो हुन्छ त्यही संख्यामा हुने गरि कार्यसम्पादन समितिको गठन गर्नेछ ।<br>(ख) कार्यसम्पादन समितिले आफुले गरेका निर्णय जिल्ला कार्यसम्पादन समितिमा अनुमोदनका लागि प्रस्तुत गर्नेछ ।<br>(९) <u>जिल्ला कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकार :</u><br>(क) कार्यसमितिको एउटा बैठक र अर्को बैठकको अन्तरालमा जिल्ला कार्यसमितिले गर्ने काम कार्यसम्पादन समितिले गर्नेछ ।<br>(ख) कार्यसम्पादन समितिले आफुले गरेका निर्णय कार्यसमितिमा अनुमोदनका लागि प्रस्तुत गर्नेछ ।<br>(ग) पार्टीको जिल्ला कार्यसमिति अन्तर्गत रहेका निकाय तथा जिल्ला कार्यालय अन्तर्गत रहेका सम्पूर्ण शाखाको क्रियाकलापको समीक्षा गर्नेछ ।<br>(घ) समय-समयमा स्थानीय निकायमा पार्टीका तर्फबाट निर्वाचित पदाधिकारीसँग विचार-विमर्श गरि समन्वय कायम गर्ने गराउनेछ । | |
| ११. <u>जिल्ला अधिवेशन, जिल्ला सम्मेलन र जिल्ला कार्यसमितिको काम, कर्तव्य, र अधिकार :</u><br>(१) जिल्ला अधिवेशन र जिल्ला सम्मेलनको बैठकले जिल्लाको सङ्गठन र कार्यसमितिको मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र केन्द्रमा प्रतिवेदन पठाउने । यसरी प्रतिवेदन पठाउँदा महासमितिका सदस्य एवं महाधिवेशनका प्रतिनिधिहरूले दिएको प्रतिवेदनका प्रमुख बुँदाहरूसमेत उल्लेख हुनु अनिवार्य हुनेछ ।<br>(२) जिल्ला सम्मेलनले एउटा जिल्ला अधिवेशन भई अर्को जिल्ला अधिवेशन प्रारम्भ नहुँदाको अवस्थामा निर्वाचन बाहेक जिल्ला अधिवेशनको सबै कार्य गर्नेछ । जिल्ला सम्मेलन वर्षमा एक पटक हुनेछ तर जिल्ला अधिवेशन हुने वर्षमा जिल्ला सम्मेलन बस्नेछैन । जिल्ला कार्यसमितिले आवश्यक ठानेका अवस्थामा जिल्ला सम्मेलनको बैठक बोलाउन सक्नेछ ।<br>(३) जिल्ला कार्यसमितिको बैठक साधारणतया एक महिनामा एक पटक र बढीमा आवश्यकता अनुसार बस्नेछ ।<br>(४) क्षेत्रीय कार्यसमितिहरूका बीच समन्वय कायम गर्ने, आवश्यक सहयोग र निर्देशन दिने ।<br>(५) जिल्लाका समस्याहरूको समय-समयमा जानकारी लिई भ्रातृसंस्थाहरू, शुभेच्छुक संस्थाहरू, गाउँ विकास समिति, नगरपालिका, जिल्ला विकास समिति, सरकारी र गैर सरकारी कार्यालय एवं संस्थाहरूसँग सम्पर्क राखी प्रशासनिक दृष्टिबाट समेत हेरी पार्टी हितका निमित्त समस्याको समाधानका लागि आवश्यक प्रयत्न गर्ने ।<br>(६) केन्द्रका निर्णय र निर्देशनहरूको पालन गर्ने गराउने ।<br>(७) पार्टीको उद्देश्य, नीति, कार्यक्रम, घोषणापत्र र पार्टी साहित्य आदिको व्यापक प्रचार-प्रसार गर्ने गराउने ।<br>(८) समय-समयमा गोष्ठी, प्रशिक्षण शिविर र भ्रमण आदिको आयोजना गर्ने ।<br>(९) आफ्नो जिल्लामा महासमिति वा महाधिवेशन हुने भएमा त्यसको व्यवस्थापन गर्ने ।<br>(१०) राष्ट्रिय र पार्टी महत्वका अवसरमा रक्तदान, वृक्षारोपण सरसफाई आदि विभिन्न रचनात्मक कामको आयोजना गर्ने, गराउने ।<br>(११) केन्द्रको निर्देशन पालना गर्नु गराउनु जिल्ला कार्यसमितिको कर्तव्य हुनेछ ।<br>(१२) जिल्ला कार्य सम्पादन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ-<br>(क) जिल्ला कार्यसमितिको एउटा बैठक र अर्को बैठकको अन्तरमा जिल्ला कार्यसमितिले गर्ने काम यो समितिले गर्नेछ । आफ्नो कामको विवरण त्यसपछि बस्ने जिल्ला कार्यसमितिको बैठकमा पेस गरी अनुमोदन गराउनेछ ।<br>(ख) पार्टीको जिल्ला कार्यसमिति अन्तर्गत रहेका निकायहरू तथा जिल्ला कार्यालय अन्तर्गत रहेका सम्पूर्ण शाखाहरूको क्रियाकलापको समीक्षा गर्नेछ ।<br>(ग) समय-समयमा स्थानीय निकायमा पार्टीका तर्फबाट निर्वाचित पदाधिकारीहरूसँग विचार-विमर्श गरी समन्वय कायम गर्ने गराउनेछ ।<br>(१३) जिल्ला कार्यसमितिले जिल्ला अन्तर्गतका निकायहरूद्वारा हुने निर्वाचित पद रिक्त भएमा त्यसको | | |

| | | |
|---|---|---|
| जानकारी केन्द्रीय निर्वाचन समितिमा तुरुन्त गराउनु पर्नेछ र रिक्त पदमा केन्द्रीय निर्वाचन समितिले छ महिनाभित्र विधान बमोजिम निर्वाचन गरी पदपूर्ति गर्नेछ ।<br>(१४) जिल्ला कार्यसमितिले आफ्नो जिल्लाभित्र तोकिए बाहेकका पनि आवश्यकता अनुसार विभिन्न समितिहरू गठन गर्न गराउन सक्नेछ ।<br>(१५) जिल्ला कार्यसमितिले जिल्ला विकास समितिका सभापति, उपसभापति र सदस्यहरू, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाका प्रमुख र उपप्रमुखको निर्वाचनमा उम्मेदवारहरू चयन गर्नेछ र निर्वाचनको तयारी, संचालन र व्यवस्थापन सम्बन्धी सबै काम गर्ने/गराउनेछ । नगरमा प्रमुख, उपप्रमुखका उम्मेदवार चयन गर्दा सम्बन्धित नगर तथा क्षेत्रको राय बुझेर गर्नेछ । नगरपालिका विभिन्न निर्वाचन क्षेत्रमा परेकोमा क्षेत्रीय कार्यसमितिलाई समन्वय गरी राय सुझाव लिनु पर्नेछ ।<br>(१६) जिल्ला सभापतिको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ ।<br>(क) पार्टीको माथिल्लो निकायबाट प्राप्त नीति-निर्देशन कार्यान्वयन गर्ने गराउने ।<br>(ख) जिल्ला कार्यसमिति गठन गर्ने, कार्यविभाजन गर्ने र आवश्यकता अनुसार हेरफेर गर्ने ।<br>(ग) तल्लो निकायहरूलाई नीति-निर्देशन दिने र कार्यान्वयन गर्ने गराउने ।<br>(घ) जिल्लास्तरीय विभिन्न विभाग तथा समितिहरूका प्रमुख तथा सदस्यहरूको नाम प्रस्ताव गरी कार्यसमितिबाट निर्णय गराउने ।<br>(ङ) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।<br>(१७) प्रत्येक वर्ष जिल्ला कार्यसमितिले जिल्ला सम्मेलन बोलाउनु पर्नेछ । जिल्ला सम्मेलनले जिल्ला कार्यसमितिबाट प्रस्तुत वार्षिक कार्यक्रम तथा प्रतिवेदन कार्यक्रम र छलफल गरी पारित गर्नेछ । साथै वार्षिक प्रतिवेदन प्रस्तुत अरू विषयमा छलफल र निर्णय गर्नेछ ।<br>(१८) जिल्ला अधिवेशन, जिल्ला सम्मेलन र जिल्ला कार्यसमिति तथा जिल्ला कार्यसम्पादन समितिको बैठक जिल्ला सभापतिको अध्यक्षतामा बस्नेछ । सभापतिले आवश्यक परेमा निर्णायक मत दिनसक्नेछ । | | |
| १२. <u>प्रदेश समिति</u> : नयाँ संविधान घोषणा भएपछि संविधानले व्यवस्था गरेका प्रदेशहरूभित्र रहेका महाधिवेशन प्रतिनिधिहरूको प्रदेश अधिवेशन हुनेछ । प्रदेश अधिवेशनले प्रदेश कार्यसमितिको गठन तोकिए बमोजिम गर्नेछ । प्रदेश अधिवेशन तथा प्रदेश कार्यसमितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ । | परिच्छेद-४<br><u>प्रदेश महाधिवेशन, प्रदेश कार्यसमिति</u><br>१३. प्रदेश महाधिवेशन, प्रदेश कार्यसमितिको गठन तथा काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :<br>(१) <u>प्रदेश महाधिवेशन :</u><br>(क) कम्तिमा पाँच बर्ष निरन्तर नेपाली कांग्रेसको सदस्य रहेका सदस्यमध्येबाट प्रदेश सभा निर्वाचन क्षेत्रबाट निर्वाचित प्रदेश महाधिवेशन प्रतिनिधि सदस्य ।<br>(ख) प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनबाट केन्द्रीय महाधिवेशनका लागि निर्वाचित केन्द्रीय महाधिवेशन प्रतिनिधि सदस्य ।<br>(ग) प्रदेश भित्रका जिल्ला कार्य समितिका सभापति ।<br>(घ) प्रदेश कार्यसमितिको सभापति प्रदेश महाधिवेशनको सभापति हुनेछ ।<br>(२) <u>प्रदेश महाधिवेशनको काम, कर्तव्य र अधिकार :</u><br>(क) प्रदेश महाधिवेशनले आफुमध्येबाट यस विधान बमोजिम प्रदेश कार्यसमितिको सभापति, पदाधिकारी र सदस्यको निर्वाचन गर्नेछ ।<br>(ख) प्रदेश महाधिवेशनले कम्तिमा दश वर्ष निरन्तर नेपाली कांग्रेसको सदस्य रहेको प्रदेश महाधिवेशन प्रतिनिधिमध्येबाट यस विधानमा तोकिए बमोजिमका प्रदेश कार्यसमितिका पदाधिकारी र सदस्य निर्वाचित गर्नेछ ।<br>(ग) प्रदेश महासमिति र प्रदेश कार्यसमितिद्वारा प्रस्तुत गरिएका विषयमा छलफल गरि निर्णय गर्ने ।<br>(घ) प्रदेश महाधिवेशनले आफ्नो कुनै अधिकार प्रदेश कार्यसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।<br>(ङ) प्रदेश महाधिवेशनले प्रदेश संगठन र कार्यसमितिको आवधिक मुल्याकंन गरि | |

आवश्यक निर्देशन दिने र केन्द्रमा प्रतिवेदन पठाउनेछ । यसरी प्रतिवेदन पठाउँदा प्रदेश महाधिवेशनका प्रतिनिधिहरुले दिएको राय समेत आवश्यकता अनुसार उल्लेख गर्नेछ ।

(३) प्रदेश कार्यसमिति :

(१) प्रदेश कार्यसमितिको गठन देहाय बमोजिम हुनेछ :

(क) प्रदेश महाधिवेशनका प्रतिनिधिहरुले कम्तिमा पन्ध्र वर्ष निरन्तर नेपाली कांग्रेसको सदस्य रहेको प्रदेश भित्रका प्रदेश महाधिवेशन प्रतिनिधिमध्येबाट निर्वाचित गरेको सभापति ।

(ख) सभापति पदमा निर्वाचित हुन खसेको मतको पचास प्रतिशत भन्दा बढी मत ल्याउनु अनिवार्य हुनेछ । पहिलो पटक कुनै पनि उम्मेदवारले पचास प्रतिशत भन्दा बढी मत नल्याएमा सबै भन्दा बढी मत ल्याउने दुई जना उम्मेदवारबीच पुनः मतदान गरिनेछ । पुनः मतदान हुँदा बढी मत प्राप्त गर्ने उम्मेदार विजयी हुनेछ । तर, पहिलो पटक नै दुई जना मात्र उम्मेदवार भएमा बढी मत प्राप्त गर्ने उम्मेदवार विजयी हुनेछ ।

(ग) प्रदेश महाधिवेशनका प्रतिनिधिहरुले कम्तिमा दश वर्ष निरन्तर नेपाली कांग्रेसको सदस्य रहेका प्रदेशभित्रका प्रदेश महाधिवेशन प्रतिनिधिमध्येबाट निर्वाचित गरेका प्रदेश कार्यसमितिका महामन्त्री एक र कोषाध्यक्ष एक ।

(घ) कार्यसमितिको सभापतिको प्रस्तावमा निर्वाचित सदस्यमध्येबाट उपसभापति एक, महामन्त्री एक, सहमहामन्त्री एक निर्वाचित सदस्य संख्याको वहुमतबाट अनुमोदन गर्नेछ ।

(ङ) प्रदेश महाधिवेशन प्रतिनिधिले कम्तिमा दश वर्ष निरन्तर नेपाली कांग्रेसको सदस्य रहेको प्रतिनिधिमध्येबाट प्रदेश सभा निर्वाचन क्षेत्रको कुल संख्यामा एक तिहाई संख्यामा प्रत्यक्ष निर्वाचित गरेको सदस्य ।

(च) प्रदेश महाधिवेशन प्रतिनिधिले कम्तिमा दश वर्ष निरन्तर नेपाली कांग्रेसको सदस्य रहेको प्रतिनिधिमध्येबाट प्रत्येक जिल्लाबाट कम्तिमा एक महिला हुने गरि दुई जना प्रत्यक्ष निर्वाचित सदस्य ।

(छ) महिला, दलित, आदिवासी जनजाती, खसआर्य, मधेशी, थारु, मुस्लिम प्रत्येक समुदायबाट कम्तीमा एक जना सदस्य हुने गरी माथि (ङ) र (च) बमोजिम प्रत्यक्ष निर्वाचित सदस्य संख्याको दुई तिहाई संख्यामा प्रदेशको जनसंख्याको बनोट अनुसार समानुपातिक आधारमा निर्वाचत सदस्य ।

(ज) सभापतिले कार्यसमितिमा एक तिहाई सदस्य महिला हुनु पर्ने व्यवस्था, समानुपातिक सिद्धान्त र अपाङ्ग वा अल्पसंख्यक वा पिछडिएको क्षेत्रको प्रतिनिधित्व समेतलाई ध्यानमा राखी कार्यसमितिको कूल संख्याको पच्चीस प्रतिशत सदस्य मनोनित गर्न सक्नेछ ।

(झ) प्रदेश सभा संसदीय दलको नेता प्रदेश कार्यसमितिको पदेन सदस्य हुनेछ ।

(ञ) प्रदेश भित्रका जिल्ला कार्यसमितिका सभापतिलाई प्रदेश कार्यसमितिको बैठकमा अनिवार्य आमन्त्रण गरिनेछ ।

(ट) प्रदेश कार्यसमितिमा प्रत्येक समावेशी समुहबाट कम्तिमा महिला एक र पुरुष एक हुनु पर्नेछ ।

(४) प्रदेश कार्यसमितिको काम, कर्तव्य र अधिकार :

(क) प्रदेश भित्रका जिल्ला कार्यसमिति, प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति र प्रदेश सभा क्षेत्रीय कार्यसमितिबीच समन्वय गर्ने, पार्टीको हितमा

आवश्यक सहयोग र निर्देशन दिने ।

(ख) प्रदेश भित्र पार्टीको हितका लागि आवश्यक सबै कार्य गर्ने गराउने ।

(ग) जिल्लाबाट प्राप्त नेपाली कांग्रेसको सदस्यताको र सदस्यता नवीकरणको नामावलीको अभिलेख राखी केन्द्रमा पठाउने ।

(घ) प्रदेश महासमिति, प्रदेश महाधिवेशन र प्रदेश कार्यसमितिका निर्णयहरु कार्यान्वयन गर्ने गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।

(ङ) प्रदेश महासमिति, प्रदेश महाधिवेशन, प्रदेश कार्यसमितिको बैठक नभएको बेला आवश्यक विषयमा निर्णय गर्ने र पछि हुने प्रदेश महासमिति वा प्रदेश महाधिवेशनमा त्यस्तो निर्णय पेश गर्ने ।

(च) प्रदेश महासमिति र प्रदेश महाधिवेशनमा प्रतिवेदन तथा प्रस्ताव पेश गर्ने ।

(छ) पार्टीको आचार संहिता पालना गराउने र अनुशासन कायम राख्ने ।

(ज) प्रदेश स्तरमा तोकिए बमोजिमका विभिन्न विभागहरु तथा निकायहरु गठन गर्ने ।

(झ) प्रदेश महाधिवेशन र प्रदेश महासमितिद्वारा स्वीकृत कार्यक्रम र घोषणा पार्टीको प्रदेश सभा संसदीय दललाई उपलब्ध गराउने तथा प्रदेश सभा संसदीय दलको प्रतिवेदन प्रदेश महाधिवेशन र प्रदेश महासमितिमा प्रस्तुत गर्ने ।

(ञ) पार्टी प्रदेश सरकारमा सहभागी हुने वा नहुने वा कसैलाई समर्थन गर्ने वा नगर्ने सम्बन्धमा केन्द्रसंग समन्वय गरि नीतिगत निर्णय गर्ने र सरकारमा सहभागी हुने अवस्थामा केन्द्रको स्वीकृतिमा प्रदेश सरकारमा जाने मन्त्रीहरुको मापदण्ड तयार गर्ने ।

(ट) प्रदेश भित्र सम्पन्न संसदीय निर्वाचन र स्थानीय निर्वाचनमा पार्टीको पक्षमा प्रचार प्रसार गर्ने गराउने, पार्टीको स्थितिको मुल्याङ्कन गर्ने र त्यसपछि हुने प्रदेश महासमितिमा प्रतिवेदन प्रस्तुत गर्ने ।

(ठ) प्रदेश कार्यसमितिको बैठक महिनामा एक पटक अनिवार्य र बढीमा आवश्यकता अनुसार बस्नेछ ।

(ड) प्रदेशका समस्याहरुको समय समयमा जानकारी लिई भ्रातृ/शुभेच्छुक संघ संस्थाहरु, जिल्ला र क्षेत्रीय समितिहरु, सरकार र गैरसरकारी सामाजिक संघ संस्थाहरुसंग सम्पर्क राख्ने र समस्याहरु भए समाधानको लागि आवश्यक कार्य गर्ने ।

(ढ) केन्द्रका निर्णयहरु र निर्देशनहरुको पालना गर्ने गराउने ।

(ण) पार्टीको उद्देश्य, नीति, कार्यक्रम, घोषणापत्र र पार्टी साहित्य आदिको व्यापक प्रचार प्रसार गर्ने गराउने ।

(त) समय समयमा प्रशिक्षण, गोष्ठी, शिविर र भ्रमण आदिको आयोजना गर्ने गराउने ।

(थ) महत्वपूर्ण अवसरहरुमा रक्तदान, वृक्षारोपण, सरसफाई वातावरण संरक्षण आदि रचनात्मक र समाजसेवाका कार्यक्रमहरु गर्ने गराउने ।

(ध) प्रदेश कार्यसमितिले आफ्नो प्रदेशभित्र तोकिएका बाहेक पनि आवश्यकता अनुसार विभिन्न समिति, उपसमितिहरु गठन गर्न गराउन सक्नेछ ।

(५) प्रदेश कार्यसम्पादन समिति :

(क) प्रदेश कार्यसमितिले सभापतिको सभापतित्वमा उपसभापति, सचिव, कोषाध्यक्ष, सहसचिव सहित समानुपातिक समावेशी सिद्धान्तलाई ध्यानमा राखि कार्यसमितिको सदस्य संख्यालाई पाँच अंश मानि भएको दुई अंश वा सत्ताईस मध्ये जुन अंक सानो हुन्छ त्यही संख्यामा हुने गरि कार्यसम्पादन समितिको गठन गर्नेछ ।

(६) प्रदेश कार्य सम्पादन समितिको काम, कर्तव्य र अधिकार :

(क) प्रदेश कार्यसमितिको एउटा बैठक र अर्को बैठकको बीचमा प्रदेश

कार्यसमितिले गर्ने काम प्रदेश कार्य सम्पादन समितिले गर्नेछ । आफ्नो निर्णयहरु त्यसपछि बस्ने प्रदेश कार्यसमितिको बैठकमा अनुमोदन गराउनेछ ।

(ख) पार्टीको प्रदेश कार्यालय अन्तर्गत रहेका सम्पूर्ण विभागहरुको समिक्षा गर्नेछ ।

(ग) समय समयमा प्रदेश सभा संसदीय दलको कार्यसमिति, प्रदेश सभा संसदीय दलका विषय समितिका संयोजकसंग संयुक्त रुपमा समन्वय बैठकको आयोजना गर्नेछ ।

(७) <u>प्रदेश कार्यसमितिका सभापतिको काम, कर्तव्य र अधिकार :</u>

(क) प्रदेशमा पार्टीको नेतृत्व गर्ने ।

(ख) प्रदेश महाधिवेशन, प्रदेश महासमिति, प्रदेश कार्यसमिति, प्रदेश कार्यसम्पादन समिति र प्रदेश संसदीय समितिको अध्यक्षता गर्ने, आवश्कता परे निर्णायक मत दिने ।

(ग) यसै विधान बमोजिम प्रदेश कार्यसमितिका पदाधिकारीहरुको नाम प्रदेश कार्यसमितिको बैठकमा प्रस्ताव गर्ने ।

(घ) तोकिए अनुसार प्रदेश कार्यसमिति गठन गर्ने, प्रदेश कार्यसमितिका पदाधिकारीहरुको कार्यविभाजन गर्ने र आवश्यकता अनुसार कार्यविभाजन हेरफेर गर्ने ।

(ङ) प्रदेश कार्यसमितिका पदाधिकारी एवं सदस्यमध्येबाट प्रवक्ता तोक्ने ।

(च) पार्टीको आदर्श, सिद्धान्त र मर्यादालाई उच्च राख्ने तथा राख्न लगाउने र प्रदेशमा पार्टीलाई सवल र सक्षम संगठनका रुपमा सञ्चालन गर्न नेतृत्व प्रदान गर्ने ।

(छ) तत्काल परि आएका कार्यहरु गर्ने र त्यसको जानकारी प्रदेश कार्यसमितिलाई दिने ।

(ज) पार्टीका प्रदेश निकायहरुद्वारा भएका निर्णयहरुको कार्यान्वयन भए नभएको रेखदेख गर्ने र नभएको भए गर्न लगाउने ।

(झ) प्रदेश स्तरका विभाग, समिति र अन्य निकायका प्रमुख र सदस्यहरुको नियुक्ति, मनोनयन वा हेरफेर गर्ने ।

(ञ) प्रदेश कार्यालयका लागि आवश्यक कर्मचारीहरुको नियुक्ति र हेरफेर गर्ने ।

(ट) केन्द्रबाट प्राप्त नीति, निर्देशन कार्यान्वयन गर्ने गराउने ।

(ठ) मातहतका निकायहरुलाई नीति, निर्देशन दिने तथा कार्यान्वयन गर्ने गराउने ।

(ड) प्रदेश सभापतिले आफु विदेश गएको अवस्थामा वा आवश्यकता अनुसार प्रदेश उपसभापतिलाई कार्यवाहक प्रदेश सभापति तोक्नेछ ।

(ढ) अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(८) <u>प्रदेश विभागहरू</u> :

(क) प्रदेश कार्यसमितिले प्रदेश तहमा प्रदेश कार्यसमितिको सदस्य प्रमुख रहने गरि - (१) संगठन विभाग, (२) प्रदेश कानून तथा संसदीय मामिला विभाग, (३) प्रदेश तथा स्थानीय निकाय विभाग, (४) सूचना, संचार तथा प्रचार प्रसार विभाग, (५) भ्रातृ संघ समन्वय विभाग, (६) शुभेच्छुक संस्था समन्वय विभाग, (७) पेशागत तथा बुद्धिजीवी विभाग, (८) भाषा, साहित्य, कला तथा संस्कृति विभाग, (९) शिक्षा, विज्ञान तथा प्रविधि विभाग, (१०) स्वास्थ्य विभाग, (११) गैरसरकारी संस्था एवं सामाजिक सेवा विभाग, (१२) अभिलेख अनुगमन तथा मूल्याङ्कन विभाग, (१३) उद्योग, व्यापार, वाणिज्य तथा आपूर्ति विभाग, (१४) भौतिक पूर्वाधार निर्माण तथा यातायात विभाग, (१५) कृषि तथा भूमिसुधार विभाग, (१६) युवा तथा खेलकूद विभाग, (

| | | |
|---|---|---|
| | १७) जल उर्जा तथा प्राकृतिक स्रोत विभाग, (१८) शान्ति सुरक्षा तथा प्रशासन सेवा विभाग, (१९) ट्रेड यूनियन तथा श्रमिक विभाग, (२०) वैदेशिक रोजगार समन्वय विभाग, (२१) द्वन्द व्यवस्थापन विभाग, (२२) अन्य पार्टी सम्पर्क विभाग आदि विभिन्न विभागहरू एवं अन्य निकायहरू तोकिए बमोजिम गठन गर्नेछ ।<br>(ख) प्रदेश विभागमा प्रमुख सहित पच्चीस जना सदस्य रहनेछन् । प्रदेश विभाग एवं निकायहरूको काम, कर्तव्य र अधिकार तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । विभागका सदस्य हुन नेपाली कांग्रेसको सदस्यता प्राप्त गरेको हुनुपर्नेछ । विभागहरूको गठन गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिनु पर्नेछ । | |
| १३. उपत्यका समन्वय समिति : काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला कार्यसमितिका सभापतिहरू र क्षेत्रीय कार्यसमितिका सभापतिहरू सदस्य रहने गरी केन्द्रीय कार्यसमितिले तोकेको केन्द्रीय सदस्यको संयोजकत्वमा उपत्यका समन्वय समिति गठन हुनेछ । पार्टी विधान तथा केन्द्रको निर्देशन बमोजिम उपत्यका भित्र पार्टी निकायहरूलाई समन्वय गरी पार्टी परिचालन गर्नु समितिको कर्तव्य हुनेछ । | | |
| १४. विदेश क्षेत्रका नेपाली जनसम्पर्क समितिको गठन र प्रतिनिधित्व :<br>(१) नेपाली कांग्रेसको उद्देश्य र आदर्शप्रति प्रतिवद्ध र समर्पित रहने विदेशस्थित नेपाली नागरिकहरूले पार्टीको केन्द्रीय कार्यसमितिको स्वीकृति लिई विदेशस्थित नेपाली जनसम्पर्क समिति गठन गर्न सक्नेछन् ।<br>(२) पार्टीले तोकेको शर्त पूरा गर्ने यस्ता संस्थालाई नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिले मान्यता प्रदान गर्न सक्नेछ ।<br>(३) नेपाली जनसम्पर्क समितिको विधान नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिबाट स्वीकृत हुनु पर्नेछ । नेपाली कांग्रेस केन्द्रीय पर्यवेक्षकको उपस्थितिमा जनसम्पर्क समितिको नियमित अधिवेशन हुनुपर्नेछ । सो अधिवेशनद्वारा पार्टीको महाधिवेशन, महासमितिका लागि पार्टी केन्द्रीय कार्यसमितिले तोकेको संख्यामा अध्यक्षसहित महाधिवेशन प्रतिनिधि र महासमिति सदस्यको चयन गर्ने व्यवस्था जनसम्पर्क समितिको विधानमा हुनुपर्नेछ ।<br>(४) पार्टीको महाधिवेशन हुनुभन्दा दुई महिना अगावै पार्टीको केन्द्रीय कार्यसमितिले महाधिवेशन प्रतिनिधि तथा महासमिति सदस्य पठाउन सक्ने विदेशस्थित नेपाली जनसम्पर्क समितिहरूको नाम संख्याका बारेमा निर्णय गरी जानकारी दिनेछ । यसरी महाधिवेशन प्रतिनिधि तथा महासमिति सदस्य पठाउन सक्ने नेपाली जनसम्पर्क समितिले देहायबमोजिम गर्नु पर्नेछ ।<br>(१) नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिले मान्यता प्रदान गरेका विदेशस्थित नेपाली जनसम्पर्क समितिले पार्टी केन्द्रीय कार्यसमितिले तोकेको संख्यामा महाधिवेशन प्रतिनिधि र महासमिति सदस्य पठाउन सक्नेछन् । तर त्यसरी प्रतिनिधि तथा सदस्य तोक्दा कम्तिमा पाँच सय क्रियाशील सदस्य भएका जनसम्पर्क समिति र दुई हजार भन्दा बढी क्रियाशील सदस्य भएका जनसम्पर्क समितिबाट फरक फरक संख्यामा महाधिवेशन प्रतिनिधि र महासमिति सदस्य तोक्न सक्नेछ ।<br>(२) उपधारा ४ (१) बमोजिम पार्टी केन्द्रीय कार्यसमितिले विदेशस्थित जनसम्पर्क समितिबाट महाधिवेशन प्रतिनिधि संख्या तोक्दा एउटा देशबाट बढीमा चौध जनाभन्दा बढी जनसम्पर्क समितिबाट प्रतिनिधि गराउने गरी तोक्न सक्नेछैन ।<br>(३) विदेश स्थित नेपाली जनसम्पर्क समितिले सात जना महाधिवेशन प्रतिनिधि छनोट गर्न पाउने अवस्थामा अध्यक्ष सहित महाधिवेशन प्रतिनिधिहरूमध्येबाट तीन जनालाई महासमितिको सदस्यमा छनोट गर्न सक्नेछ । चौध जना महाधिवेशन प्रतिनिधि छनौट गर्न पाउने अवस्थामा महाधिवेशन प्रतिनिधिहरूमध्येबाट अध्यक्ष सहित छ जनालाई महासमिति सदस्यमा छनोट गर्न सक्नेछ । | १४. विदेश क्षेत्रका नेपाली जनसम्पर्क समितिको गठन र प्रतिनिधित्व :<br>(१) नेपाली कांग्रेसको उद्देश्य र आदर्शप्रति प्रतिवद्ध र समर्पित रहने विदेशस्थित नेपाली नागरिकहरूले पार्टीको केन्द्रीय कार्यसमितिको स्वीकृति लिई विदेशस्थित नेपाली जनसम्पर्क समिति गठन गर्न सक्नेछन् ।<br>(२) पार्टीले तोकेको शर्त पूरा गर्ने यस्ता संस्थालाई नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिले मान्यता प्रदान गर्न सक्नेछ ।<br>(३) नेपाली जनसम्पर्क समितिको विधान नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिबाट स्वीकृत हुनु पर्नेछ । नेपाली कांग्रेस केन्द्रीय पर्यवेक्षकको उपस्थितिमा जनसम्पर्क समितिको नियमित अधिवेशन हुनुपर्नेछ । सो अधिवेशनद्वारा पार्टीको महाधिवेशन, महासमितिका लागि पार्टी केन्द्रीय कार्यसमितिले तोकेको संख्यामा अध्यक्षसहित महाधिवेशन प्रतिनिधि र महासमिति सदस्यको चयन गर्ने व्यवस्था जनसम्पर्क समितिको विधानमा हुनुपर्नेछ ।<br>(४) पार्टीको महाधिवेशन हुनुभन्दा दुई महिना अगावै पार्टीको केन्द्रीय कार्यसमितिले महाधिवेशन प्रतिनिधि तथा महासमिति सदस्य पठाउन सक्ने विदेशस्थित नेपाली जनसम्पर्क समितिहरूको नाम संख्याका बारेमा निर्णय गरी जानकारी दिनेछ । यसरी महाधिवेशन प्रतिनिधि तथा महासमिति सदस्य पठाउन सक्ने नेपाली जनसम्पर्क समितिले देहायबमोजिम गर्नु पर्नेछ ।<br>(१) नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिले मान्यता प्रदान गरेका विदेशस्थित नेपाली जनसम्पर्क समितिले पार्टी केन्द्रीय कार्यसमितिले तोकेको संख्यामा महाधिवेशन प्रतिनिधि र महासमिति सदस्य पठाउन सक्नेछन् । तर त्यसरी प्रतिनिधि तथा सदस्य तोक्दा कम्तिमा पाँच सय क्रियाशील सदस्य भएका जनसम्पर्क समिति र दुई हजार भन्दा बढी क्रियाशील सदस्य भएका जनसम्पर्क समितिबाट फरक फरक संख्यामा महाधिवेशन प्रतिनिधि र महासमिति सदस्य तोक्न सक्नेछ ।<br>(२) उपधारा ४ (१) बमोजिम पार्टी केन्द्रीय कार्यसमितिले विदेशस्थित जनसम्पर्क समितिबाट महाधिवेशन प्रतिनिधि संख्या तोक्दा एउटा देशबाट बढीमा चौध जनाभन्दा बढी जनसम्पर्क समितिबाट प्रतिनिधि गराउने गरी तोक्न सक्नेछैन ।<br>(३) विदेश स्थित नेपाली जनसम्पर्क समितिले सात जना महाधिवेशन प्रतिनिधि छनोट गर्न पाउने अवस्थामा अध्यक्ष सहित महाधिवेशन प्रतिनिधिहरूमध्येबाट तीन जनालाई महासमितिको सदस्यमा छनोट गर्न सक्नेछ । चौध जना महाधिवेशन प्रतिनिधि छनौट गर्न पाउने अवस्थामा महाधिवेशन प्रतिनिधिहरूमध्येबाट अध्यक्ष सहित छ जनालाई महासमिति | |

| | | |
|---|---|---|
| | सदस्यमा छनोट गर्न सक्नेछ । | |
| परिच्छेद–४<br>महाधिवेशन र महासमिति<br><br>१५. महाधिवेशनको गठन : (१) महाधिवेशन पार्टीको सर्वोच्च अधिकार सम्पन्न निकाय हुनेछ ।<br>(२) महाधिवेशनको गठन देहायअनुसार हुनेछ ।<br>(क) एक निर्वाचन क्षेत्र भएको जिल्लामा जिल्ला अधिवेशनद्वारा निर्वाचित जिल्ला सभापति सहित बाह्र/बाह्र जना प्रतिनिधिहरू । दुई वा सो भन्दा बढी निर्वाचन क्षेत्र भएको जिल्लामा प्रत्येक क्षेत्रीय अधिवेशनद्वारा निर्वाचित क्षेत्रीय सभापति सहित बाह्र/बाह्र जना प्रतिनिधिहरू ।<br>(ख) निवर्तमान केन्द्रीय सभापति, उपसभापति, महामन्त्री, कोषाध्यक्ष, सह-महामन्त्री र केन्द्रीय सदस्यहरू एक अवधिका लागि महाधिवेशन प्रतिनिधि ।<br>(ग) पार्टीको भ्रातृ तथा शुभेच्छुक संस्थाहरूले आफ्नो केन्द्रीय अधिवेशनबाट अध्यक्षसहित देहायबमोजिमको महाधिवेशन प्रतिनिधिको चयन गरी पठाउनु पर्नेछ । प्रतिनिधित्व गर्ने अध्यक्ष र अन्य प्रतिनिधिले नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्राप्त गरिसकेको हुनुपर्नेछ र यी संस्थाको विधान पार्टीको विधानसँग बाँझिएको हुनु हुनेछैन ।<br>(१) नेपाल महिला संघ, नेपाल तरूण दल, नेपाल विद्यार्थी संघ, नेपाल प्रजातन्त्र सेनानी संघ, नेपाल किसान संघ, नेपाल दलित संघ, नेपाल भूतपूर्व सैनिक संघ प्रत्येकबाट अध्यक्ष सहित पाँच/पाँच जना प्रतिनिधि ।<br>(२) राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग संघ, नेपाल सांस्कृतिक संघ र लोकतान्त्रिक गैर सरकारी संस्था महासंघ नेपाल प्रत्येकबाट केन्द्रीय अध्यक्ष सहित तीन/तीन जना प्रतिनिधि ।<br>(३) प्रजातन्त्रवादी प्राध्यापक संघ, नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएसन, नेपाल प्रजातन्त्रवादी इञ्जिनियर्स एसोसिएसन, प्रजातन्त्रवादी चिकित्सक संघ, नेपाल प्रेस युनियन प्रत्येकबाट अध्यक्ष सहित पाँच/पाँच जना प्रतिनिधि ।<br>(४) नेपाल शिक्षक संघबाट केन्द्रीय अध्यक्ष सहित सात जना प्रतिनिधि ।<br>(५) नेपाल आदिवासी जनजाति संघ र नेपाल ट्रेड युनियन कांग्रेस (नेपाल शिक्षक संघ र नेपाल प्रेस युनियन बाहेक) प्रत्येकबाट केन्द्रीय अध्यक्ष सहित एघार/एघार जना प्रतिनिधि ।<br>(घ) विदेशस्थित नेपाली जनसम्पर्क समितिले यस विधान बमोजिम छनौट गरी पठाएका प्रतिनिधिहरू ।<br>(ङ) धारा ४९ को १३ को खण्ड (क) बमोजिमका महाधिवेशन प्रतिनिधि ।<br>(३) केन्द्रीय सभापति र महामन्त्री महाधिवेशनको सभापति र महामन्त्री रहनेछन् । | परिच्छेद -५<br>केन्द्रीय महाधिवेशन र केन्द्रीय महासमिति<br>१५. केन्द्रीय महाधिवेशन सम्बन्धी व्यवस्था :<br>(१) केन्द्रीय महाधिवेशनको गठन :<br>(क) केन्द्रीय महाधिवेशन पार्टीको सर्वोच्च अधिकार सम्पन्न निकाय हुनेछ ।<br>(ख) कम्तिमा पाँच बर्ष निरन्तर नेपाली कांग्रेसको सदस्य रहेका सदस्यमध्येबाट एक मात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लामा जिल्ला अधिवेशन प्रतिनिधिले आफुमध्येबाट निर्वाचित गरेका केन्द्रीय महाधिवेशन प्रतिनिधि, जिल्ला सभापति सहित पच्चीस जना ।<br>(ग) कम्तिमा पाँच बर्ष निरन्तर नेपाली कांग्रेसको सदस्य रहेका सदस्यमध्येबाट दुई वा सो भन्दा बढी प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लामा प्रत्येक प्रतिनिधि सभा क्षेत्रबाट प्रतिनिधि सभा निर्वाचन क्षेत्र अधिवेशन प्रतिनिधिले आफुमध्येबाट निर्वाचित गरेका केन्द्रीय महाधिवेशन प्रतिनिधि र प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय कार्यसमिति सभापति सहित पच्चीस जना ।<br>(घ) तोकिए बमोजिमका भ्रातृ संघ एवं शुभेच्छुक संस्थाबाट निर्वाचित भई आउने केन्द्रीय महाधिवेशन प्रतिनिधि ।<br>(ङ) तोकिए बमोजिम विदेशस्थित जनसम्पर्क समितिहरुबाट निर्वाचित भई आउने केन्द्रीय महाधिवेशन प्रतिनिधि ।<br>(च) धारा ५१ (१) (क) बमोजिमका महाधिवेशन प्रतिनिधि । | |
| १६. महाधिवेशनको काम, कर्तव्य र अधिकार : (१) महाधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।<br>(क) महाधिवेशनले कम्तीमा पन्ध्र वर्ष निरन्तर क्रियाशील सदस्य रहेको महाधिवेशन प्रतिनिधिहरूमध्येबाट केन्द्रीय सभापतिको निर्वाचन गर्नेछ । यसरी निर्वाचित हुँदा खसेको मतको पचास प्रतिशत भन्दा बढी मत ल्याउनु अनिवार्य हुनेछ । पहिलो पटक कुनै पनि उम्मेदवारले पचास प्रतिशत भन्दा बढी मत नल्याएमा सबैभन्दा बढी मत ल्याउने दुई जनाका बीच पुनः मतदान गरिनेछ । पुनः मतदान हुँदा साधारण बहुमत प्राप्त उम्मेदवार विजयी हुनेछ । तर पहिलो पटक नै दुई जना उम्मेदवार भएमा बढी मत ल्याउने उम्मेदवार विजयी हुनेछ ।<br>(ख) महाधिवेशनले कम्तीमा दश वर्ष निरन्तर क्रियाशील सदस्य रहेको महाधिवेशन प्रतिनिधिहरूमध्येबाट यस विधानमा तोकिएबमोजिम केन्द्रीय कार्यसमितिको पदाधिकारी र सदस्य निर्वाचन गर्नेछ ।<br>(ग) महासमिति र केन्द्रीय कार्यसमितिद्वारा प्रस्तुत गरिएको विषयमा विचार गरी निर्णय गर्ने ।<br>(घ) अल्पकालिन वा दीर्घकालीन महत्वका राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयहरूमा पार्टीको नीति | १६. केन्द्रीय महाधिवेशनको काम, कर्तव्य र अधिकार : (१) केन्द्रीय महाधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।<br>(क) केन्द्रीय महाधिवेशनले कम्तीमा पन्ध्र वर्ष निरन्तर नेपाली कांग्रेसको सदस्य रहेको केन्द्रीय महाधिवेशन प्रतिनिधिहरूमध्येबाट केन्द्रीय सभापतिको निर्वाचन गर्नेछ ।<br>(ख) सभापतिमा निर्वाचित हुनका लागि खसेको मतको पचास प्रतिशत भन्दा बढी मत प्राप्त गर्नु अनिवार्य हुनेछ ।<br>(ग) पहिलो पटक कुनै पनि उम्मेदवारले पचास प्रतिशत भन्दा बढी मत नल्याएमा सबैभन्दा बढी मत ल्याउने दुई जनाका बीच पुनः मतदान गरिनेछ ।<br>(घ) पुनः मतदान हुँदा बढी मत प्राप्त गर्ने उम्मेदवार विजयी हुनेछ ।<br>(ङ) तर पहिलो पटक नै दुई जना मात्र उम्मेदवार भएमा बढी मत ल्याउने उम्मेदवार विजयी हुनेछ ।<br>(च) केन्द्रीय महाधिवेशनले कम्तीमा दश वर्ष निरन्तर नेपाली कांग्रेसको सदस्य रहेको केन्द्रीय महाधिवेशन प्रतिनिधिहरूमध्येबाट यस विधानमा तोकिएबमोजिम केन्द्रीय कार्यसमितिका पदाधिकारी र सदस्य निर्वाचन गर्नेछ । | |

| | | |
|---|---|---|
| निर्धारण गर्ने ।<br>(ङ) पार्टी संगठन सम्बन्धी विषयमा नीतिगत निर्णय लिने ।<br>(२) महाधिवेशनले आफ्नो अधिकार महासमिति, केन्द्रीय कार्यसमिति र केन्द्रीय सभापतिलाई प्रत्यायोजन गर्न सक्नेछ । | (छ) केन्द्रीय महासमिति र केन्द्रीय कार्यसमितिद्वारा प्रस्तुत गरिएको विषयमा छलफल गरि निर्णय गर्ने ।<br>(ज) अल्पकालिन वा दीर्घकालीन महत्वका विषयहरूमा पार्टीको नीति निर्धारण गर्ने ।<br>(झ) पार्टी संगठन सम्बन्धी विषयमा नीतिगत निर्णय लिने ।<br>(२) केन्द्रीय महाधिवेशनले आफ्नो अधिकार केन्द्रीय महासमिति, केन्द्रीय कार्यसमिति र केन्द्रीय सभापतिलाई प्रत्यायोजन गर्न सक्नेछ । | |
| १७. महाधिवेशनको कार्यविधि : (१) पार्टीको महाधिवेशन केन्द्रीय कार्यसमितिले तोकेको मिति र स्थानमा सामान्यतया प्रत्येक चार वर्षमा हुनेछ ।<br>(२) केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा वा महाधिवेशनका चालीस प्रतिशत सदस्यहरूले महाधिवेशनको बैठक बोलाउन विशेष कारण खुलाई केन्द्र समक्ष लिखित अनुरोध गरेमा निवेदन परेको तीन महिनाभित्रमा विशेष महाधिवेशन बोलाउनुपर्नेछ ।<br>(३) महाधिवेशनको पन्ध्र दिनअगाडि महाधिवेशनका प्रतिनिधिहरूले आ-आफ्नो जिल्लामार्फत महाधिवेशनमा प्रस्तुत गरिने प्रस्ताव केन्द्रमा बुझाउनु पर्नेछ । | १७. केन्द्रीय महाधिवेशनको कार्यविधि :<br>(१) पार्टीको केन्द्रीय महाधिवेशन केन्द्रीय कार्यसमितिले तोकेको मिति र स्थानमा प्रत्येक चार वर्षमा हुनेछ ।<br>(२) केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा वा केन्द्रीय महाधिवेशनका चालीस प्रतिशत सदस्यहरूले केन्द्रीय महाधिवेशनको बैठक बोलाउन विशेष कारण खुलाई केन्द्र समक्ष लिखित अनुरोध गरेमा निवेदन परेको तीन महिनाभित्रमा विशेष केन्द्रीय महाधिवेशन बोलाउनुपर्नेछ ।<br>(३) केन्द्रीय महाधिवेशनको एक महिना अगाडी केन्द्रीय महाधिवेशनका प्रतिनिधिहरूले आ-आफ्नो जिल्लामार्फत केन्द्रीय महाधिवेशनमा प्रस्तुत गरिने प्रस्ताव केन्द्रमा बुझाउनु पर्नेछ ।<br>(४) केन्द्रीय महाधिवेशनको सम्पूर्ण सदस्य संख्याको कम्तीमा दश प्रतिशत सदस्यले केन्द्रीय कार्य समितिको कुनैपनि निर्णय पुनरावलोकन गर्न केन्द्रीय महाधिवेशनमा प्रस्ताव प्रस्तुत गर्न सक्नेछन् । त्यसरी प्रस्तुत हुने प्रस्तावमा छलफल गरि निर्णय गरिनेछ ।<br>(५) महाधिवेशनबाट पार्टीको केन्द्रीय कार्यसमितिको निर्वाचन गर्ने व्यवस्था गर्न र नीति निर्माण तथा विधान पारित गर्न महाधिवेशन फरक फरक समयमा गर्न सकिनेछ । सो का लागि पार्टी केन्द्रीय कार्यसमितिले आवश्यक निर्णय गर्नेछ । | |
| १८. महासमितिको गठनः (१) महासमितिको गठन देहाय बमोजिम हुनेछ ।<br>(क) केन्द्रीय सभापति, उपसभापति, महामन्त्री, कोषाध्यक्ष, सह-महामन्त्री र केन्द्रीय सदस्यहरू ।<br>(ख) एक निर्वाचन क्षेत्र भएको जिल्लामा जिल्ला अधिवेशनले महाधिवेशन प्रतिनिधिहरूमध्येबाट निर्वाचित गरेका कम्तिमा एक महिला सहित पाँच/पाँच जना सदस्यहरू । दुई वा सो भन्दा बढी निर्वाचन क्षेत्र भएको जिल्लामा प्रत्येक क्षेत्रीय अधिवेशनले महाधिवेशन प्रतिनिधिमध्येबाट निर्वाचित गरेका कम्तिमा एक महिला सहित पाँच/पाँच जना सदस्यहरू ।<br>(ग) निवर्तमान केन्द्रीय सभापति, उपसभापति, महामन्त्री, कोषाध्यक्ष, सह-महामन्त्री र केन्द्रीय सदस्यहरू एक अवधिका लागि सदस्य ।<br>(घ) धारा ४९ को उपधारा १३ को खण्ड (ख) बमोजिम मनोनित सदस्यहरू ।<br>(ङ) महाधिवेशनमा प्रतिनिधित्व गरेका भातृ एवं शुभेच्छुक संस्था प्रत्येकबाट सम्बन्धित संस्थाको केन्द्रीय अधिवेशनले महाधिवेशन प्रतिनिधिहरू मध्येबाट निर्वाचित गरेका केन्द्रीय अध्यक्ष सहित तीन/तीन जना सदस्यहरू ।<br>(च) विदेश स्थित नेपाली जनसम्पर्क समितिले यस विधान बमोजिम निर्वाचन गरी पठाएका अध्यक्ष सहित तीन/तीन जना सदस्यहरू ।<br>(२) केन्द्रीय सभापति र महामन्त्री महासमितिको सभापति र महामन्त्री रहनेछन् । | १८. केन्द्रीय महासमितिको गठनः (१) केन्द्रीय महासमितिको गठन देहाय बमोजिम हुनेछ ।<br>(क) केन्द्रीय सभापति, उपसभापति, महामन्त्री, कोषाध्यक्ष, सह-महामन्त्री र केन्द्रीय सदस्य ।<br>(ख) प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनले केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट दुई महिला सहित सात जना प्रत्यक्ष र महिला, दलित, आदिवासी जनजाती, खसआर्य, मधेशी, थारु, मुस्लिम समुदायबाट चार जना प्रतिनिधि सभा क्षेत्रको जनसंख्याको बनोट अनुसार समानुपातिक आधारमा निर्वाचित गरेका केन्द्रीय महासमिति सदस्य ।<br>(ग) केन्द्रीय महाधिवेशनमा प्रतिनिधित्व गरेका भ्रातृ संघ एवं शुभेच्छुक संस्था प्रत्येकबाट सम्बन्धित संस्थाको केन्द्रीय अधिवेशनले केन्द्रीय महाधिवेशन प्रतिनिधि मध्येबाट निर्वाचित गरेका केन्द्रीय अध्यक्ष सहित तीन/तीन जना सदस्य ।<br>(घ) विदेश स्थित नेपाली जनसम्पर्क समितिले यस विधान बमोजिम निर्वाचन गरि पठाएका अध्यक्ष सहितका सदस्य ।<br>(ङ) धारा ५१ (१) (ख) बमोजिमका महासमिति सदस्य ।<br>(२) केन्द्रीय सभापति र महामन्त्री केन्द्रीय महासमितिको सभापति र महामन्त्री रहनेछन् । | |
| १९. महासमितिको काम, कर्तव्य र अधिकार : महासमितिले एउटा महाधिवेशन समाप्त भई अर्को महाधिवेशन प्रारम्भ नहुँदाको अवस्थामा केन्द्रीय कार्यसमितिका पदाधिकारी र सदस्यको निर्वाचन बाहेक महाधिवेशनको सबै कार्य गर्नेछ । | १९. केन्द्रीय महासमितिको काम, कर्तव्य र अधिकार : केन्द्रीय महासमितिले एउटा केन्द्रीय महाधिवेशन समाप्त भई अर्को केन्द्रीय महाधिवेशन प्रारम्भ नहुँदाको अवस्थामा केन्द्रीय कार्यसमितिका पदाधिकारी र सदस्यको निर्वाचन बाहेक केन्द्रीय महाधिवेशनको सबै कार्य गर्नेछ । | |
| २०. महासमितिको कार्यविधि : (१) महासमितिको साधारण बैठक प्रत्येक एक वर्षमा एक पटक हुनेछ । तर महाधिवेशन हुने वर्षमा भने महासमितिको बैठक हुनेछैन । | २०. केन्द्रीय महासमितिको कार्यविधि :<br>(१) केन्द्रीय महासमितिको बैठक कम्तिमा प्रत्येक वर्षमा एक पटक बस्नेछ । तर केन्द्रीय महाधिवेशन हुने वर्षमा महासमितिको बैठक हुनेछैन । | |

| | | |
|---|---|---|
| (२) केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा वा महासमितिका चालीस प्रतिशत सदस्यहरूले कारण खोली बैठक बोलाउन केन्द्र समक्ष लिखित अनुरोध गरेमा अनुरोध प्राप्त भएको तीन महिनाभित्र महासमितिको विशेष बैठक आवश्यक बोलाउनुपर्नेछ । | (२) केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा वा केन्द्रीय महासमितिका चालीस प्रतिशत सदस्यहरूले कारण खोली बैठक बोलाउन केन्द्र समक्ष लिखित अनुरोध गरेमा अनुरोध प्राप्त भएको तीन महिनाभित्र केन्द्रीय महासमितिको विशेष बैठक बोलाउनुपर्नेछ ।<br>(३) केन्द्रीय महासमितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा दश प्रतिशत सदस्यले केन्द्रीय कार्य समितिको कुनैपनि निर्णय पुनरावलोकन गर्न केन्द्रीय महासमितिमा प्रस्ताव प्रस्तुत गर्न सक्नेछन् । त्यसरी प्रस्तुत हुने प्रस्तावमा छलफल गरि निर्णय गरिनेछ । | |
| परिच्छेद–५<br>केन्द्रीय कार्यसमिति र अन्य समितिहरू<br><br>२१. केन्द्रीय कार्यसमितिको गठन : केन्द्रीय कार्यसमितिको गठन देहाय बमोजिम हुनेछ ।<br>(क) केन्द्रीय कार्यसमितिमा पदेन सदस्य बाहेक केन्द्रीय सभापति समेत बढीमा पचासी जना सदस्य रहनेछन् ।<br>(ख) महाधिवेशनका प्रतिनिधिहरूले कम्तिमा पन्ध्र वर्ष निरन्तर क्रियाशील सदस्य भएका महाधिवेशन प्रतिनिधिहरूमध्येबाट निर्वाचित गरेका केन्द्रीय कार्यसमितिका सभापति ।<br>(ग) महाधिवेशनका प्रतिनिधिहरूले कम्तिमा दश वर्ष निरन्तर क्रियाशील सदस्य भएका महाधिवेशन प्रतिनिधिहरूमध्येबाट निर्वाचित गरेका केन्द्रीय कार्यसमितिका एक महामन्त्री र एक कोषाध्यक्ष ।<br>(घ) केन्द्रीय सभापतिले निर्वाचित सदस्यहरूमध्येबाट कार्यसमितिका लागि नाम प्रस्ताव गरी निर्वाचित केन्द्रीय कार्यसमितिले चयन गरेका एक उपसभापति, एक महामन्त्री र एक सहमहामन्त्री ।<br>(ङ) महाधिवेशनका प्रतिनिधिहरूले कम्तीमा दश वर्ष निरन्तर क्रियाशील सदस्य भएका महाधिवेशन प्रतिनिधिहरूमध्येबाट निर्वाचित गरेका पच्चीस जना सदस्य ।<br>(च) महाधिवेशनका प्रतिनिधिहरूले कम्तिमा दश वर्ष निरन्तर क्रियाशील सदस्य भएका प्रत्येक प्रदेशका महाधिवेशन प्रतिनिधिहरूमध्येबाट दुई/दुई जना रहने गरी निर्वाचित गरेका चौध जना सदस्य ।<br>(छ) महाधिवेशनका प्रतिनिधिहरूले कम्तिमा दश वर्ष निरन्तर क्रियाशील सदस्य भएका महिला महाधिवेशन प्रतिनिधिहरूमध्येबाट निर्वाचित गरेका ६ (छ) जना र महिला महाधिवेशन प्रतिनिधिहरूमध्येबाट केन्द्रीय सभापतिबाट मनोनित एक जना समेत गरी सात जना सदस्य ।<br>(ज) महाधिवेशनका प्रतिनिधिहरूले कम्तिमा दश वर्ष निरन्तर क्रियाशील सदस्य भएका दलित महाधिवेशन प्रतिनिधिहरूमध्येबाट निर्वाचित गरेका कम्तिमा दुई जना महिला सहित पाँच जना सदस्य र दलित महाधिवेशन प्रतिनिधिहरूमध्येबाट केन्द्रीय सभापतिबाट मनोनित एक समेत गरी छ सदस्य ।<br>(झ) महाधिवेशनका प्रतिनिधिहरूले कम्तिमा दश वर्ष निरन्तर क्रियाशील सदस्य भएका आदिवासी/जनजाति महाधिवेशन प्रतिनिधिहरूमध्येबाट निर्वाचित गरेका कम्तिमा दुई महिला सहित पाँच जना र आदिवासी/जनजाति महाधिवेशन प्रतिनिधिहरूमध्येबाट केन्द्रीय सभापतिबाट मनोनित एक समेत गरी छ जना सदस्य ।<br>(ञ) महाधिवेशनका प्रतिनिधिहरूले कम्तिमा दश वर्ष निरन्तर क्रियाशील सदस्य भएका मधेशी महाधिवेशन प्रतिनिधिहरूमध्येबाट निर्वाचित कम्तिमा दुई महिला सहित पाँच जना र मधेशी महाधिवेशन प्रतिनिधिहरूमध्येबाट केन्द्रीय सभापतिबाट मनोनित एकसमेत गरी छ जना सदस्य ।<br>(ट) महाधिवेशनका प्रतिनिधिहरूले कम्तिमा दश वर्ष निरन्तर क्रियाशील सदस्य भएका मुस्लिम महाधिवेशन प्रतिनिधिहरूमध्येबाट निर्वाचित गरेका एक र मुस्लिम महाधिवेशन प्रतिनिधिहरूमध्येबाट केन्द्रीय सभापतिबाट मनोनित एक समेत गरी दुई जना सदस्य ।<br>(ठ) कम्तिमा दश वर्ष निरन्तर क्रियाशील सदस्य भएका महाधिवेशन प्रतिनिधिहरूमध्येबाट केन्द्रीय सभापतिले मनोनित गरेका बढीमा सोह्र जना सदस्य ।<br>(द) संसदीय दलको नेता पदेन सदस्य हुनेछ । | परिच्छेद–६<br>केन्द्रीय कार्यसमिति<br><br>२१. केन्द्रीय कार्यसमितिको गठन देहाय बमोजिम हुनेछ :<br>(१) केन्द्रीय महाधिवेशनका प्रतिनिधिले कम्तिमा पन्ध्र वर्ष निरन्तर नेपाली कांग्रेसको सदस्य भएका केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट निर्वाचित गरेका केन्द्रीय कार्यसमितिका सभापति ।<br>(२) केन्द्रीय महाधिवेशनका प्रतिनिधिले कम्तिमा दश वर्ष निरन्तर नेपाली कांग्रेसको सदस्य भएका केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट निर्वाचित गरेका केन्द्रीय कार्यसमितिका महामन्त्री एक र कोषाध्यक्ष एक ।<br>(३) केन्द्रीय कार्यसमितिका निर्वाचित सदस्यमध्येबाट केन्द्रीय सभापतिले प्रस्ताव गरि निर्वाचित सदस्यको वहुमतले अनुमोदन गरेको उपसभापति एक, महामन्त्री एक र सहमहामन्त्री एक ।<br>(४) केन्द्रीय महाधिवेशनका प्रतिनिधिले कम्तीमा दश वर्ष निरन्तर नेपाली कांग्रेसको सदस्य भएका केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट प्रत्यक्ष निर्वाचित गरेका छब्बीस जना सदस्य ।<br>(५) केन्द्रीय महाधिवेशनका प्रतिनिधिले कम्तिमा दश वर्ष निरन्तर नेपाली कांग्रेसको सदस्य भएका महिला केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट प्रत्यक्ष निर्वाचित गरेका छ जना सदस्य ।<br>(६) केन्द्रीय महाधिवेशनका प्रतिनिधिले कम्तिमा दश वर्ष निरन्तर नेपाली कांग्रेसको सदस्य भएका प्रत्येक प्रदेशका केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट दुई जना महिला सहित चार जना रहने गरि प्रत्यक्ष निर्वाचित गरेका अट्ठाईस जना सदस्य ।<br>(७) केन्द्रीय महाधिवेशनका प्रतिनिधिले कम्तिमा दश वर्ष निरन्तर नेपाली कांग्रेसको सदस्य भएका महिला, दलित, आदिवासी जनजाती, खसआर्य, मधेशी, थारु, मुस्लिम प्रत्येक समुदायबाट कम्तीमा तीन जना सदस्य हुने गरि त्रीचालीस जना देशको जनसंख्याको बनोट अनुसार समानुपातिक आधारमा निर्वाचित सदस्य । यो विधानको संशोधन प्रारम्भ भएपछि लगातार दुई पटक समानुपातिक आधारमा निर्वाचित वा मनोनित केन्द्रीय सदस्य तत्काल अर्को केन्द्रीय समितिको समानुपातिक आधारमा हुने निर्वाचनमा उम्मेदवार हुन वा मनोनित केन्द्रीय सदस्य हुन पाउने छैन ।<br>(८) कम्तिमा दश वर्ष निरन्तर नेपाली कांग्रेसको सदस्य भएका केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट केन्द्रीय सभापतिले कार्यसमितिमा एक तिहाई सदस्य महिला हुनु पर्ने व्यवस्था, समानुपातिक समावेशी सिद्धान्त र अपाङ्ग वा अल्पसंख्यक वा पिछडिएको क्षेत्रको प्रतिनिधित्व समेतलाई ध्यानमा राखी कार्यसमितिको कूल संख्याको पच्चीस प्रतिशत सदस्य मनोनित गर्नेछ ।<br>(९) संसदीय दलको नेता कार्यसमितिको पदेन सदस्य हुनेछ ।<br>२२. केन्द्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :<br>(१) केन्द्रीय महासमिति र केन्द्रीय महाधिवेशनका निर्णय कार्यान्वयन गर्ने, गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।<br>(२) केन्द्रीय महासमिति र केन्द्रीय महाधिवेशनको बैठक नभएको बेला आवश्यक | |

विषयमा निर्णय गर्ने र पछि हुने महासमिति वा महाविशेनमा पेस गर्ने ।

(३) केन्द्रीय महासमिति र केन्द्रीय महाधिवेशनमा प्रतिवेदन तथा प्रस्ताव पेस गर्ने ।

(४) पार्टीको आचारसंहिता बनाउने र आचारसंहिता पालना गराउने र अनुशासन कायम राख्ने ।

(५) केन्द्रीय स्तरमा आवश्यकता अनुसार काम, कर्तव्य र अधिकार तोकी यस विधानमा उल्लेख गरिएका वाहेक अन्य विभिन्न विभागहरू तथा निकायहरू गठन गर्ने ।

(६) विभिन्न प्रयोजनका लागि आवश्यकतानुसार आयोग, समिति, उपसमिति, प्रतिनिधि एवं पर्यवेक्षक बनाउने र त्यसको कार्यक्षेत्र निर्धारण गर्ने तथा प्राप्त प्रतिवेदनहरूको आवश्यक मुल्याङ्कन गरि केन्द्रीय कार्यालय अन्तर्गत रहेका विभाग र केन्द्रहरू मार्फत कार्यान्वयन गराउने ।

(७) पार्टीका भ्रातृ संघ एवं शुभेच्छुक संस्थालाई सम्बन्धन दिने तथा आवश्यक निर्देशन दिने ।

(८) पार्टीका विभिन्न निकाय र भ्रातृ संघहरूबाट प्राप्त प्रतिवेदनहरूको छानबिन गरि अनुमोदन गर्ने, नियमित गराउन निर्देशन दिने र आवश्यकतानुसार कारवाई समेत गर्ने ।

(९) केन्द्रीय महाधिवेशन र केन्द्रीय महासमितिद्वारा स्वीकृत पार्टीको नीति, कार्यक्रम र घोषणापत्र पार्टीको संसदीय दललाई उपलब्ध गराउने तथा संसदीय दलबाट प्राप्त प्रतिवेदन केन्द्रीय महाधिवेशन र केन्द्रीय महासमितिमा प्रस्तुत गर्ने ।

(१०) पार्टी सरकारमा सहभागी हुने वा नहुने वा कसैलाई समर्थन गर्ने वा नगर्ने सम्बन्धमा नीतिगत निर्णय गर्ने र सरकारमा सहभागी हुने अवस्थामा सरकारमा जाने मन्त्रीहरूको मापदण्ड तयार गर्ने ।

(११) संसदीय निर्वाचन, प्रदेश निर्वाचन र स्थानीय निर्वाचनमा पार्टीको स्थितिको मूल्याङ्कन गर्ने र त्यसपछि हुने केन्द्रीय महासमितिमा प्रतिवेदन प्रस्तुत गर्ने ।

(१२) अन्तराष्ट्रिय संघ संस्थाहरूसँग सम्पर्क तथा मैत्री कायम राखी परस्परको हितलाई संरक्षण गर्ने ।

(१३) आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति स्रोत संकलन र परिचालन गर्न कोषाध्यक्षको संयोजकत्वमा आर्थिक स्रोत व्यवस्थापन उपसमिति गठन गर्ने ।

(१४) केन्द्रीय लेखापरीक्षण समितिले दिएको लेखापरीक्षण सम्बन्धी प्रतिवेदन पारित गर्ने र सो प्रतिवेदन कोषाध्यक्ष मार्फत केन्द्रीय महाधिवेशन/केन्द्रीय महासमितिमा प्रस्तुत गर्ने ।

(१५) प्रदेश-प्रदेशबीचको समन्वय र सुपरिवेक्षण गर्ने ।

(१६) प्रदेश र मातहत तहका निर्वाचनमा आवश्यकता अनुसार प्रतिनिधि खटाउने ।

(१७) राष्ट्रिय राजनीतिका विभिन्न विषयमा छलफल गरि समसामयिक दृष्टिकोण र रणनीति निर्माण गर्ने ।

(१८) पार्टीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार अभियान घोषणा गर्ने र कार्यान्वयन गर्ने गराउने ।

(१९) पार्टीको कुनै निकाय, पदाधिकारी वा सदस्यले विधान वा केन्द्रीय निर्देशनको गम्भिर उल्लघंन गरि पार्टी हित विपरीत काममा संलग्न भएको देखिएमा र पार्टीको हितका लागि तत्काल कार्वाही गर्न आवश्यक भएमा केन्द्रीय कार्यसमितिले आवश्यक छानविन गरि त्यस्तो निकाय वा पदाधिकारीलाई निलम्बन, विघटन वा हटाउन सक्नेछ । यसरी विघटन गरिएकोमा वा हटाइएकोमा केन्द्रीय कार्यसमितिले तत्काल तदर्थ समिति गठन गर्नेछ र छ महिनाभित्र विधान बमोजिम निर्वाचन गरि पदपूर्ति गर्नेछ ।

२३. <u>केन्द्रीय कार्यसम्पादन समितिको गठन</u> :

(क) केन्द्रीय कार्यसमितिले सभापतिको सभापतित्वमा उपसभापति, महामन्त्री, कोषाध्यक्ष र सहमहामन्त्री सहित समानुपातिक समावेशी सिद्धान्तलाई ध्यानमा राखि बढीमा एकतीस सदस्यीय कार्यसम्पादन समितिको गठन गर्नेछ ।

(ख) संसदीय दलको नेता केन्द्रीय कार्यसम्पादन समितिको पदेन सदस्य हुनेछ ।

| | | |
|---|---|---|
| | २४. केन्द्रीय कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकार :<br>(१) कार्यसमितिको एउटा बैठक र अर्को बैठककोबीचमा कार्यसमितिले गनुपर्ने काम केन्द्रीय कार्यसम्पादन समितिले गर्नेछ ।<br>(२) कार्यसम्पादन समितिले आफ्नो निर्णय कार्यसमितिको बैठकमा पेस गरि अनुमोदनका लागि प्रस्तुत गर्नेछ ।<br>(३) पार्टीका केन्द्रीय विभागहरुको कामको समिक्षा गर्नेछ ।<br>(४) समय-समयमा संसदीय दलको कार्यसमिति, संसदीय दलका विषय समितिका संयोजकहरूसँग संयुक्त रूपमा विषयगत छलफलको आयोजना गर्नेछ । | |
| २२. केन्द्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार : केन्द्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।<br>(१) महासमिति र महाधिवेशनका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने र अनुगमन गर्ने ।<br>(२) महासमिति र महाधिवेशनको बैठक नभएको बेला पार्टीसँग सम्बन्धित विषयमा निर्णय गर्ने र पछि हुने महासमिति वा महाविशेनमा पेस गर्ने ।<br>(३) महासमिति र महाधिवेशनमा प्रतिवेदन तथा प्रस्ताव पेस गर्ने ।<br>(४) पार्टीको आचारसंहिता पालना गराउने र अनुशासन कायम राख्ने ।<br>(५) केन्द्रीय स्तरमा आवश्यकता अनुसार काम, कर्तव्य र अधिकार तोकी विभिन्न विभागहरू तथा निकायहरू गठन गर्ने ।<br>(६) विभिन्न प्रयोजनका लागि आवश्यकतानुसार आयोग, समिति, उपसमिति, प्रतिनिधि एवं पर्यवेक्षक बनाउने र त्यसको कार्यक्षेत्र निर्धारण गर्ने तथा प्राप्त प्रतिवेदनहरूको आवश्यक मूल्याङ्कन गरी केन्द्रीय कार्यालय अन्तर्गत रहेका विभाग र केन्द्रहरू मार्फत कार्यान्वयन गराउने ।<br>(७) पार्टीका भ्रातृसंस्थाहरूलाई सम्बन्धन दिने र आवश्यक निर्देशन दिने ।<br>(८) पार्टीका विभिन्न निकाय र भ्रातृसंस्थाहरूबाट प्राप्त प्रतिवेदनहरूको छानबिन गरी अनुमोदन गर्ने, नियमित गराउन निर्देशन दिने र आवश्यकतानुसार कारवाई समेत गर्ने ।<br>(९) महाधिवेशन र महासमितिद्वारा स्वीकृत पार्टीको नीति, कार्यक्रम र घोषणापत्र पार्टीको संसदीय दललाई उपलब्ध गराउने तथा संसदीय दलको प्रतिवेदन महाधिवेशन र महासमितिमा प्रस्तुत गर्ने ।<br>(१०) पार्टी सरकारमा सहभागी हुने वा नहुने वा कसैलाई समर्थन गर्ने वा नगर्ने सम्बन्धमा नीतिगत निर्णय गर्ने र सरकारमा सहभागी हुने अवस्थामा सरकारमा जाने मन्त्रीहरूको मापदण्ड तयार गर्ने ।<br>(११) संसदीय निर्वाचन र स्थानीय निर्वाचनमा पार्टीको स्थितिको मूल्याङ्कन गर्ने र त्यसपछि हुने महासमितिमा प्रतिवेदन प्रस्तुत गर्ने ।<br>(१२) अन्तराष्ट्रिय भ्रातृसंस्थाहरूसँग सम्पर्क तथा मैत्री कायम राखी परस्परको हितलाई संरक्षण गर्ने ।<br>(१३) पार्टीको आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति उपलब्ध स्रोतको परिचालन गर्न कोषाध्यक्षको संयोजकत्वमा आर्थिक स्रोत व्यवस्था उपसमिति गठन गर्ने ।<br>(१४) केन्द्रीय लेखापरीक्षण समितिले दिएको लेखापरीक्षण सम्बन्धी प्रतिवेदन पारित गर्ने र सो प्रतिवेदन कोषाध्यक्ष मार्फत महाधिवेशन/महासमितिमा प्रस्तुत गर्ने । | | |
| २३. महाधिवेशनबाट केन्द्रीय सभापति, महामन्त्री र कोषाध्यक्षको निर्वाचन : (१) केन्द्रीय सभापतिका लागि उम्मेदवार हुन चाहनेले महाधिवेशनका प्रतिनिधिहरूमध्येबाट कम्तीमा सात जना प्रस्तावक र सात जना समर्थक रहेको मनोनयनपत्र केन्द्रीय निर्वाचन समितिको कार्यालयमा दाखिल गर्नुपर्नेछ ।<br>(२) केन्द्रीय महामन्त्री र कोषाध्यक्षका लागि उम्मेदवार हुन चाहनेले महाधिवेशनका प्रतिनिधिहरूमध्येबाट कम्तीमा पाँच जना प्रस्तावक र पाँच जना समर्थक रहेको मनोनयनपत्र निर्वाचन समितिको कार्यालयमा दाखिल गर्नुपर्नेछ ।<br>(३) केन्द्रीय निर्वाचन समितिले निर्वाचनको मिति र कार्यक्रम तोक्नेछ तथा सम्पन्न गराउनेछ । | | |
| २४. केन्द्रीय सभापतिको काम कर्तव्य र अधिकार : केन्द्रीय सभापतिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।<br>(१) महाधिवेशन, महासमिति, केन्द्रीय कार्यसमिति, केन्द्रीय कार्यसम्पादन समिति र संसदीय समितिको | २५. केन्द्रीय सभापतिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :<br>(१) पार्टीको नेतृत्व गर्ने ।<br>(२) केन्द्रीय महाधिवेशन, केन्द्रीय महासमिति, केन्द्रीय कार्यसमिति, केन्द्रीय कार्यसम्पादन | |

| | | |
|---|---|---|
| अध्यक्षता गर्ने र आवश्यकता परे निर्णायक मत दिने ।<br>(२) विधान बमोजिम केन्द्रीय कार्यसमितिका पदाधिकारीहरूको नाम प्रस्ताव गर्ने ।<br>(३) केन्द्रीय सभापतिले पदाधिकारीहरूको कार्यविभाजन गर्ने, कार्यविभाजन हेरफेर गर्ने तथा पार्टीका पदाधिकारी एवं सदस्यहरूमध्येबाट प्रवक्ता तोक्ने वा मनोनयन समेत गर्ने ।<br>(४) पार्टीको आदर्श, सिद्धान्त र मर्यादालाई उच्च राख्ने र राख्न लगाउने तथा पार्टीलाई सबल र सक्षम सङ्गठनका रूपमा सञ्चालन गर्न नेतृत्व प्रदान गर्ने ।<br>(५) पार्टीका तर्फबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा आवश्यक प्रतिनिधित्व गर्ने वा गराउन लगाउने ।<br>(६) पार्टीका अगाडि तत्काल परिआएका कार्यहरू गर्ने र त्यसको जानकारी केन्द्रीय कार्यसमितिलाई दिने ।<br>(७) पार्टीका केन्द्रीय निकायहरूद्वारा भएका निर्णयहरूको कार्यान्वयन भए नभएको रेखदेख गर्ने र गर्न लगाउने ।<br>(८) केन्द्रीय विभाग एवं अन्य केन्द्रीय निकायका प्रमुख र सदस्यहरूको नियुक्ति, मनोनयन वा हेरफेर गर्ने ।<br>(९) केन्द्रीय कार्यालयका लागि आवश्यक कर्मचारीको नियुक्ति र हेरफेर गर्ने ।<br>(१०) केन्द्रीय सभापतिले पार्टीको निकाय, पदाधिकारी वा सदस्यका सम्बन्धमा परेको उजुरी र गतिविधिका सम्बन्धमा छानविन समिति गठन गरी जाँचबुझ गर्न सक्नेछ । केन्द्रीय कार्यसमितिले छानविन समितिको प्रतिवेदनका आधारमा वा तत्कालको आवश्यकता अनुसार पार्टीको कुनै पनि निकाय वा पदाधिकारी वा सदस्यलाई पदबाट निलम्बन गर्न सक्नेछ ।<br>(११) केन्द्रीय कार्यसमितिले पार्टीको कुनै पनि निकायलाई निलम्बन गर्दा त्यस्तो निलम्बन भएको पार्टीको निकायको कार्यसम्पादन गर्न निलम्बन भएको अवधिसम्मका लागि कुनै समिति वा सदस्य वा व्यक्तिलाई तोक्न सक्नेछ ।<br>(१२) केन्द्रीय सभापतिले आफू विदेश गएको अवस्थामा उपसभापतिलाई कार्यवाहक सभापति तोक्नेछ । | समिति र केन्द्रीय संसदीय समितिको अध्यक्षता गर्ने र आवश्यकता परे निर्णायक मत दिने ।<br>(३) विधान बमोजिम केन्द्रीय कार्यसमितिका पदाधिकारीहरूको नाम केन्द्रीय कार्यसमितिमा प्रस्ताव गर्ने ।<br>(४) केन्द्रीय कार्यसमितिका पदाधिकारीको कार्यविभाजन गर्ने, कार्यविभाजन हेरफेर गर्ने र पार्टीका पदाधिकारी एवं सदस्यमध्येबाट प्रवक्ता तोक्ने ।<br>(५) पार्टीको आदर्श, सिद्धान्त र मर्यादालाई उच्च राख्ने र राख्न लगाउने तथा पार्टीलाई सबल र सक्षम सङ्गठनका रूपमा सञ्चालन गर्न नेतृत्व प्रदान गर्ने ।<br>(६) पार्टीका तर्फबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा आवश्यक प्रतिनिधित्व गर्ने गराउने ।<br>(७) पार्टीका अगाडि तत्काल परिआएका कार्यहरू गर्ने र त्यसको जानकारी केन्द्रीय कार्यसमितिलाई दिने ।<br>(८) पार्टीका केन्द्रीय निकायहरूद्वारा भएका निर्णयहरूको कार्यान्वयन भए नभएको रेखदेख गर्ने गराउने ।<br>(९) केन्द्रीय विभाग एवं अन्य केन्द्रीय निकायका प्रमुख र सदस्यहरूको नियुक्ति, मनोनयन वा हेरफेर गर्ने ।<br>(१०) केन्द्रीय कार्यालयका लागि आवश्यक कर्मचारीको नियुक्ति र हेरफेर गर्ने ।<br>(११) केन्द्रीय सभापतिले पार्टीको निकाय, पदाधिकारी वा सदस्यका सम्बन्धमा परेको उजुरी र गतिविधिका सम्बन्धमा छानविन समिति गठन गरि छानवीन गर्न सक्नेछ । त्यसरी जाँचबुझ गरिएको अवस्थामा केन्द्रीय कार्यसमितिले छानविन समितिको प्रतिवेदनका आधारमा वा तत्कालको आवश्यकता अनुसार पार्टीको कुनै पनि निकाय वा पदाधिकारी वा सदस्यलाई पदबाट निलम्बन गर्न सक्नेछ ।<br>(१२) केन्द्रीय कार्यसमितिले पार्टीको कुनै पनि निकायलाई निलम्बन गर्दा त्यस्तो निलम्बन भएको पार्टीको निकायको कार्यसम्पादन गर्न निलम्बन भएको अवधिसम्मका लागि कुनै समिति वा सदस्य वा व्यक्तिलाई तोक्न सक्नेछ ।<br>(१३) सभापतिले आफु विदेश गएको अवस्थामा वा आवश्यकता अनुसार उपसभापतिलाई कार्यवाहक सभापति तोक्नेछ । | |
| २५. केन्द्रीय सभापतिको राजीनामा : (१) केन्द्रीय सभापतिले राजीनामा दिन चाहेमा उपसभापति मार्फत केन्द्रीय कार्यसमितिमा प्रस्तुत गर्नुपर्नेछ ।<br>(२) उक्त राजीनामा तत्काल स्वीकृत गर्नुपर्ने देखिएमा केन्द्रीय कार्यसमितिले राजीनामा स्वीकृत गरी उपसभापतिले कार्यवाहक सभापति भई कार्यभार सम्हाल्ने छ र ६ महिनाभित्रमा विशेष अधिवेशन बोलाई केन्द्रीय सभापतिको निर्वाचन गरिनेछ ।<br>(३) अन्य कुनै कारणबाट केन्द्रीय सभापतिको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि उपधारा (२) बमोजिम गरिनेछ । | २६. केन्द्रीय सभापतिको राजीनामा :<br>(१) केन्द्रीय सभापतिले राजीनामा दिन चाहेमा उपसभापति मार्फत केन्द्रीय कार्यसमितिमा प्रस्तुत गर्नुपर्नेछ ।<br>(२) केन्द्रीय कार्यसमितिले राजीनामा स्वीकृत गरेमा उपसभापतिले कार्यवाहक सभापति भई कार्यभार सम्हाल्ने छ र छ महिनाभित्रमा विशेष केन्द्रीय महाधिवेशन बोलाई केन्द्रीय सभापतिको निर्वाचन गरिनेछ ।<br>(३) अन्य कुनै कारणबाट केन्द्रीय सभापतिको पद रिक्त हुन आएमा उपधारा (२) बमोजिम गरिनेछ । | |
| २६. महामन्त्रीको काम, कर्तव्य र अधिकार : (१) नेपाली कांग्रेसको केन्द्रीय कार्यालय महामन्त्रीको मातहत रहनेछ ।<br>(२) महाधिवेशन, महासमिति, केन्द्रीय कार्यसमिति, केन्द्रीय कार्यसम्पादन समिति र अन्य केन्द्रीय समितिहरूको निर्णय कार्यान्वयन गर्ने गराउने जिम्मेवारी महामन्त्रीको हुनेछ ।<br>(३) महामन्त्रीको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।<br>(क) पार्टीको केन्द्रीय कार्यालय रेखदेख र सञ्चालन गर्ने ।<br>(ख) दैनिक कार्यसञ्चालनका लागि सभापतिलाई सहयोग पुऱ्याउने र महत्वपूर्ण विषयमा सभापतिलाई जानकारी दिने ।<br>(ग) पार्टीको सङ्गठन संरचना दुरूस्त, क्रियाशील र प्रभावकारी बनाउने र पार्टीका निकायहरूमा पार्टीसम्बन्धी गतिविधिबारे आवश्यकतानुसार सूचना प्रवाहित गर्ने, पार्टीका निर्णय तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने गराउने तथा सुपरिवेक्षण गर्ने गराउने ।<br>(घ) पार्टी सम्बन्धी कार्यमा सभापतिको निर्देशानुसार प्रतिनिधि खटाउने वा समिति वा उपसमिति बनाउने ।<br>(ङ) केन्द्रीय कार्यसमिति, महासमिति र महाधिवेशनमा प्रतिवेदन र प्रस्ताव प्रस्तुत गर्ने । | २७. महामन्त्रीको काम, कर्तव्य र अधिकार देहाय बमोजम हुनेछ :<br>(१) नेपाली कांग्रेसको केन्द्रीय कार्यालय महामन्त्रीको मातहत रहनेछ । महामन्त्रीले केन्द्रीय कार्यालयको रेखदेख र संचालन गर्नेछ ।<br>(२) केन्द्रीय महाधिवेशन, केन्द्रीय महासमिति, केन्द्रीय कार्यसमिति, केन्द्रीय कार्यसम्पादन समिति र अन्य केन्द्रीय समितिहरूको निर्णय कार्यान्वयन गर्ने गराउने जिम्मेवारी महामन्त्रीको हुनेछ ।<br>(३) दैनिक कार्यसञ्चालनका लागि सभापतिलाई सहयोग पुऱ्याउने तथा महत्वपूर्ण विषयमा सभापतिलाई जानकारी र सुझाव दिने ।<br>(४) पार्टीको सङ्गठन संरचना, क्रियाशील र प्रभावकारी बनाउने र पार्टीका निकायहरूमा पार्टीसम्बन्धी गतिविधिबारे आवश्यकतानुसार सूचना प्रवाहित गर्ने, पार्टीका निर्णय तथा कार्यक्रमहरू कार्यान्वयन तथा सुपरिवेक्षण गर्ने गराउने ।<br>(५) पार्टी सम्बन्धी कार्यमा सभापतिको निर्देशानुसार प्रतिनिधि खटाउने वा समिति वा उपसमिति बनाउने ।<br>(६) केन्द्रीय कार्यसमिति, केन्द्रीय महासमिति र केन्द्रीय महाधिवेशनमा प्रतिवेदन र | |

| | | |
|---|---|---|
| (च) पार्टीका सबै प्रकारका आधिकारिक अभिलेखको संरक्षण गर्ने र गर्न लगाउने ।<br>(छ) महाधिवेशन, महासमिति, केन्द्रीय कार्यसमिति र केन्द्रीय कार्यसम्पादन समितिको निर्णय प्रमाणित गर्ने । | प्रस्ताव प्रस्तुत गर्ने ।<br>(७) पार्टीका सबै प्रकारका आधिकारिक अभिलेखको संरक्षण गर्ने र गर्न लगाउने ।<br>(८) केन्द्रीय महाधिवेशन, केन्द्रीय महासमिति, केन्द्रीय कार्यसमिति र केन्द्रीय कार्यसम्पादन समितिको निर्णय प्रमाणित गर्ने ।<br>(९) नेपाली कांग्रेसको सदस्यता बारे धारा ४ को उपधारा ८ बमोजिमको कार्य गर्ने गराउने ।<br>(१०) पार्टी मातहतका निकायहरुलाई पार्टीको निर्णयको जानकारी गराउने तथा निर्देशन जारी गर्ने । | |
| २७. <u>कोषाध्यक्षको काम, कर्तव्य र अधिकार</u> : कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।<br>(१) पार्टीका निम्ति आवश्यक आर्थिक स्रोत-साधनको व्यवस्था गर्ने, त्यसको संरक्षण र सम्वर्द्धन गर्ने तथा सम्पूर्ण आयव्ययको अद्यावधिक अभिलेख राख्ने ।<br>(२) केन्द्रीय कार्यसमितिद्वारा निर्णय गरेको बैङ्कमा पार्टीका नाममा खाता खोल्ने र केन्द्रीय कार्यसमितिको निर्णयानुसार सञ्चालन गर्ने ।<br>(३) पार्टीका निम्ति प्राप्त हुने सदस्यता शुल्क, मासिक सहयोग रकम र अन्य शुभेच्छुक र समर्थकबाट प्राप्त हुने रकम सङ्कलन गर्ने ।<br>(४) सङ्कलित रकम पार्टीका विभिन्न काम र निकायको खर्चका लागि निर्णय अनुसार वितरण गर्ने र त्यसको हिसाब राख्ने ।<br>(५) पार्टीको वार्षिक आर्थिक प्रतिवेदन केन्द्रीय कार्यसमिति र केन्द्रीय कार्यसमिति मार्फत महासमिति र महाधिवेशनमा प्रस्तुत गर्ने ।<br>(६) केन्द्रीय कार्यसमितिले पारित गरेको लेखापरीक्षण सम्बन्धी प्रतिवेदन महाधिवेशन/महासमितिमा प्रस्तुत गर्ने । | २८. <u>कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :</u><br>(१) पार्टीका निम्ति आवश्यक आर्थिक स्रोत-साधनको व्यवस्था गर्ने, त्यसको संरक्षण र सम्वर्द्धन गर्ने तथा सम्पूर्ण आयव्ययको अद्यावधिक अभिलेख राख्ने ।<br>(२) केन्द्रीय कार्यसमितिद्वारा निर्णय गरेको बैङ्कमा पार्टीका नाममा खाता खोल्ने र केन्द्रीय कार्यसमितिको निर्णयानुसार सञ्चालन गर्ने ।<br>(३) पार्टीका निम्ति प्राप्त हुने सदस्यता शुल्क र अन्य सहयोग रकम सङ्कलन गर्ने तथा अभिलेख राख्ने ।<br>(४) सङ्कलीत रकम पार्टीका विभिन्न काम र निकायको खर्चका लागि निर्णय अनुसार भुक्तानी गर्ने र त्यसको हिसाब राख्ने ।<br>(५) पार्टीको वार्षिक आर्थिक प्रतिवेदन केन्द्रीय कार्यसमिति र केन्द्रीय कार्यसमिति मार्फत केन्द्रीय महासमिति र केन्द्रीय महाधिवेशनमा प्रस्तुत गर्ने ।<br>(६) केन्द्रीय कार्यसमितिले पारित गरेको लेखापरीक्षण सम्बन्धी प्रतिवेदन केन्द्रीय महाधिवेशन/केन्द्रीय महासमितिमा प्रस्तुत गर्ने । | |
| २८. <u>पार्टीको कोष</u> : (१) पार्टीको आफ्नो छुट्टै कोष रहनेछ । जसमा देहायका रकमहरू रहनेछन् ।<br>(क) पार्टीको सदस्यता तथा सदस्यता नवीकरणबाट प्राप्त रकम,<br>(ख) तोकिए बमोजिम पार्टीका सदस्यहरूबाट प्राप्त हुने रकमहरू,<br>(ग) अन्य विविध रकम ।<br>(२) पार्टीको आय-व्यय र हिसाब किताबको लेखापरीक्षण केन्द्रीय लेखापरीक्षण समितिले नियुक्त गरेको मान्यता प्राप्त लेखापरीक्षकबाट गराइनेछ । लेखापरीक्षकबाट प्राप्त लेखापरीक्षणको प्रतिवेदन लेखापरीक्षण समितिले केन्द्रीय कार्यसमितिमा प्रस्तुत गर्नु पर्नेछ । | २९. <u>पार्टीको कोष</u> :<br>(१) पार्टीको आफ्नो छुट्टै कोष रहनेछ । जसमा देहायका रकमहरू रहनेछन् ।<br>(क) पार्टीको सदस्यता तथा सदस्यता नवीकरणबाट प्राप्त रकम ।<br>(ख) तोकिए बमोजिम पार्टीका सदस्यहरूबाट प्राप्त हुने रकमहरू ।<br>(ग) अन्य विविध रकम ।<br>(२) पार्टी कोषको संचालन तोकिए बमोजिम हुनेछ ।<br>(३) पार्टीको आय-व्यय र हिसाब किताबको लेखापरीक्षण केन्द्रीय लेखापरीक्षण समितिले नियुक्त गरेको मान्यता प्राप्त लेखापरीक्षकबाट गराइनेछ । लेखापरीक्षकबाट प्राप्त लेखापरीक्षणको प्रतिवेदन लेखापरीक्षण समितिले केन्द्रीय कार्यसमितिमा प्रस्तुत गर्नु पर्नेछ । केन्द्रीय कार्यसमितिमा प्रस्तुत उक्त प्रतिवेदन सार्वजनिक गरिनेछ । | |
| २९. <u>केन्द्रीय कार्यसम्पादन समितिको गठन</u> : केन्द्रीय सभापतिको अध्यक्षतामा देहायबमोजिमका सदस्यहरू रहने गरी केन्द्रीय कार्यसम्पादन समिति गठन गरिनेछ ।<br>(१) केन्द्रीय कार्यसमितिको उपसभापति, महामन्त्री, कोषाध्यक्ष र सह-महामन्त्री केन्द्रीय कार्यसम्पादन समितिको पदेन सदस्य हुनेछन् ।<br>(२) संसदीय दलको नेता केन्द्रीय कार्यसम्पादन समितिको सदस्य हुनेछ ।<br>(३) केन्द्रीय कार्यसमितिले आफूमध्येबाट केन्द्रीय कार्यसम्पादन समितिका लागि बढीमा बाइस जना सदस्य चयन गर्नेछ ।<br>(४) प्रवक्ता तोकिएका पदाधिकारी वा सदस्य । | | |
| ३०. <u>केन्द्रीय कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकार</u> : (१) केन्द्रीय कार्यसमितिको एउटा बैठक र अर्को बैठकको अन्तरमा केन्द्रीय कार्यसमितिले गनुपर्ने काम यो समितिले गर्नेछ ।<br>(२) आफ्नो कामको विवरण यथाशीघ्र केन्द्रीय कार्यसमितिको बैठकमा पेस गरी अनुमोदन गराउनेछ ।<br>(३) पार्टीको केन्द्रीय कार्यालय अन्तर्गत रहेका सम्पूर्ण विभागहरूको समीक्षा गर्नेछ ।<br>(४) समय-समयमा संसदीय दलको कार्यसमिति, संसदीय दलका विषय समितिका संयोजकहरूसँग संयुक्त रूपमा विचार-विमर्शको आयोजना गर्नेछ । | | |
| ३१. <u>संसदीय समितिको गठन</u> : (१) केन्द्रीय कार्यसमितिले आफूमध्येबाट एक संसदीय समिति गठन गर्नेछ ।<br>(२) केन्द्रीय सभापति र महामन्त्री संसदीय समितिको पदेन सभापति र महामन्त्री हुनेछन् । उपसभापति, कोषाध्यक्ष र सह-महामन्त्री संसदीय समितिका सदस्य हुनेछन् । | परिच्छेद -७<br><u>नेपाली कांग्रेसको तर्फवाट हुने उम्मेदवारको योग्यता, संसदीय समिति, उम्मेदवारको सिफारिस,</u> | |

| | | |
|---|---|---|
| (३) संसदीय दलको नेता संसदीय समितिको सदस्य हुनेछन् ।<br>(४) संसदीय समितिमा बढीमा आठ जना सदस्य कार्यसमितिले चयन गर्नेछ । | निर्णय र अनुमोदन सम्बन्धि व्यवस्था :<br>३०. उम्मेदवारको योग्यता :<br>(१) देहाय बमोजिमको योग्यता भएको नेपाली नागरिक नेपाली कांग्रेसका तर्फवाट राज्यको कुनैपनि तहको पदमा उम्मेदवार हुन योग्य मानिने छ ।<br>(क) नेपाली कांग्रेसको सदस्य नवीकरण गरेको सदस्य ।<br>तर, कुनै राजनीतिक दल नेपाली कांग्रेसमा समाहित वा एकिकरण भएकोमा वा अन्य राजनीतिक दलमा काम गरि नेपाली कांग्रेसमा प्रवेश गरेको व्यक्तिको हकमा केन्द्रीय कार्यसमितिले निर्णय गरे बमोजिम हुनेछ ।<br>(ख) नेपाली कांग्रेसद्धारा संचालित गरिने विभिन्न कार्यक्रम, अभियान र आन्दोलन समेतका गतिविधिमा सक्रिय रुपले भाग लिएको ।<br>(ग) निर्वाचनमा नेपाली कांग्रेसका उम्मेदवारको पक्षमा सक्रियतापूर्वक काम गरेको ।<br>(घ) प्रचलित कानूनले उम्मेदवार हुन योग्य भएको ।<br>(ङ) समाजमा विकास निर्माण, रचनात्मक तथा सामाजिक कार्यमा क्रियाशिल रहेको ।<br>(च) उच्च नैतिक चरित्र भएको ।<br>३१. संसदीय समिति सम्बन्धि व्यवस्था :<br>(१) संघीय संसद, प्रदेश सभा र स्थानिय तहको निर्वाचनमा पार्टीका तर्फवाट उम्मेदवार चयन गर्न विभिन्न तहमा संसदीय समिति गठन गरिने छ ।<br>(क) केन्द्रीय संसदीय समिति : केन्द्रीय संसदीय समितिमा केन्द्रीय कार्यसमितिका पदाधिकारी सहित देहाय बमोजिमका सदस्य रहनेछन ।<br>(१) केन्द्रीय कार्यसमितिका सभापति केन्द्रीय संसदीय समितिका सभापति र महामन्त्री केन्द्रीय संसदीय समितिको महामन्त्री हुनेछन ।<br>(२) केन्द्रीय कार्यसमितिका पदाधिकारी केन्द्रीय संसदीय समितिका पदेन सदस्य हुनेछन ।<br>(३) केन्द्रीय सदस्यमध्येबाट केन्द्रीय सभापतिले प्रस्ताव गरि केन्द्रीय कार्यसमितिले अनुमोदन गरेका आठ जना सदस्य । सभापतिले यसरी प्रस्ताव गर्दा समावेशी सिद्धान्तलाई ध्यानमा राखि गर्नु पर्नेछ ।<br>(४) संसदीय दलको नेता संसदीय समितिको पदेन सदस्य हुनेछ ।<br>(ख) प्रदेश संसदीय समिति : प्रदेश संसदीय समितिमा पदाधिकारी सहित देहाय बमोजिमका सदस्य रहनेछन ।<br>(१) प्रदेश कार्यसमितिका सभापति प्रदेश संसदीय समितिका सभापति र प्रदेश महामन्त्री प्रदेश संसदीय समितिको महामन्त्री हुनेछन ।<br>(२) प्रदेश समितिका पदाधिकारी प्रदेश संसदीय समितिका पदेन सदस्य हुनेछन ।<br>(३) प्रदेश सभापतिले प्रदेश कार्यसमिति सदस्यमध्येबाट प्रस्ताव गरि प्रदेश कार्यसमितिले अनुमोदन गरेका छ जना सदस्य । सभापतिले यसरी प्रस्ताव गर्दा समावेशी सिद्धान्तलाई ध्यानमा राखि गर्नु पर्नेछ ।<br>(५) प्रदेश संसदीय दलको नेता संसदीय समितिको पदेन सदस्य हुनेछ ।<br>(ग) जिल्ला संसदीय समिति : जिल्ला संसदीय समितिमा पदाधिकारी सहित देहाय बमोजिमका सदस्य रहनेछन ।<br>(१) जिल्ला कार्यसमितिका सभापति जिल्ला संसदीय समितिका सभापति र सचिव जिल्ला संसदीय समितिको सचिव हुनेछन ।<br>(२) जिल्ला समितिका पदाधिकारी जिल्ला संसदीय समितिका पदेन सदस्य हुनेछन ।<br>(३) जिल्ला सभापतिले जिल्ला कार्यसमितिका सदस्यमध्येबाट प्रस्ताव गरि जिल्ला कार्यसमितिले अनुमोदन गरेका पाँच जना सदस्य । सभापतिले यसरी प्रस्ताव गर्दा समावेशी सिद्धान्तलाई ध्यानमा राखि गर्नु पर्नेछ । | |

| | | |
|---|---|---|
| | (घ) प्रतिनिधि सभा क्षेत्र संसदीय समिति : प्रतिनिधि सभा क्षेत्र संसदीय समितिमा पदाधिकारी सहित देहाय बमोजिमका सदस्य रहनेछन । <br>(१) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिका सभापति प्रतिनिधि सभा क्षेत्र संसदीय समितिका सभापति र सचिव प्रतिनिधि सभा क्षेत्र संसदीय समितिको सचिव हुनेछन । <br>(२) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिका पदाधिकारी प्रतिनिधि सभा क्षेत्र संसदीय समितिका पदेन सदस्य हुनेछन । <br>(३) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिका सभापतिले कार्यसमितिका सदस्यमध्येबाट प्रस्ताव गरि प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिले अनुमोदन गरेका तीन जना सदस्य । सभापतिले यसरी प्रस्ताव गर्दा समावेशी सिद्धान्तलाई ध्यानमा राखि गर्नु पर्नेछ । <br>(२) सबै तहका संसदीय समितिले उम्मेदवारी सम्बन्धमा गरेको निर्णय सम्बन्धित तहको पार्टीको कार्यसमितिवाट पारित गराउनु पर्नेछ । <br>(३) पार्टीको केन्द्रीय कार्यसमितिले आवश्यकतानुसार उम्मेदवारी पत्रमा हस्ताक्षर गर्ने पदाधिकारी तोक्न सक्नेछ । <br>(४) यसरी तोकिएको पदाधिकारीले विभिन्न तहका संसदीय समितिले गरेको निर्णय बमोजिम उम्मेदवारी पत्रमा हस्ताक्षर गर्नेछ । <br>(८) संसदीय समिति सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । <br>३२. <u>उम्मेदवारीको सिफारिस, निर्णय र अनुमोदन सम्बन्धि व्यवस्था :</u> <br>(१) गाउँ, नगर वडाका अध्यक्ष र सदस्यको उम्मेदवारीः <br>(क) गाउँ, नगर वडाको अध्यक्ष र सदस्यको उम्म्दवारीकालागि वडा भित्रका सदस्यता नवीकरण गरेका सदस्यले योग्यता पुगेको व्यक्तिमध्येवाट अध्यक्षका हकमा बढीमा तीन जना र सदस्यका हकमा प्रत्येक एक सिटको लागि बढीमा तीन जना सहमति हुन सकेमा सहमति अनुसार र सहमति हुन नसके निर्वाचन गरि निर्वाचनमा प्राप्त मत समेत उल्लेख गरि गाउँ, नगरपालिका कार्यसमितिमा सिफारिस गरि पठाउनेछ । सिफारिस गर्ने बैठक वडा कार्यसमितिले बोलाउने छ र बैठकको अध्यक्षता गाउँ, नगर वडा कार्यसमितिको सभापतिले गर्नेछ । निर्वाचनमा सदस्यता नवीकरण गरेको सदस्यले मतदान गर्नेछन् । <br>(ख) गाउँ, नगरपालिका कार्यसमितिले प्राप्त नाममा आफ्नो राय समेत उल्लेख गरि प्रदेश सभा क्षेत्रीय कार्यसमितिमा पठाउनेछ । <br>(ग) प्रदेश सभा क्षेत्रिय कार्यसमितिले प्राप्त नाममा आफ्नो राय समेत उल्लेख गरि प्रतिनिधि सभा क्षेत्रीय कार्य समितिमा पठाउनेछ । <br>(घ) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिले प्राप्त नामहरु आफुसंग विवरण राखि प्रतिनिधि सभा संसदीय समितिमा पठाउनेछ । <br>(ङ) प्रतिनिधि सभा संसदीय समितिले प्राप्त नाम मध्ये सहमति हुन सकेमा सहमति र सहमति हुन नसकेमा बहुमतवाट निर्णय गरि उक्त निर्णय प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिवाट अनुमोदन गराई पार्टीको तर्फवाट उम्म्दवारी घोषणा गर्ने र उम्मेदवारको मनोनयन दाखिला गर्ने व्यवस्था गर्नेछ । <br>(२) गाउँपालिका अध्यक्ष र उपाध्यक्षको उम्मेदवारी : <br>(क) गाउँपालिका अध्यक्ष र उपाध्यक्षको उम्म्दवारीकालागि गाउँपालिका भित्रका सबै वडाका प्रदेश सभा क्षेत्रीय अधिवेशनका प्रतिनिधिले योग्यता पुगेको व्यक्ति मध्येवाट अध्यक्षकोलागि बढीमा तीन र उपाध्यक्षकालागि बढीमा तीन जना, सहमति हुन सकेमा सहमति अनुसार र सहमति हुन नसके निर्वाचन गरि निर्वाचनमा प्राप्त मत समेत उल्लेख गरि जुन जुन प्रदेश सभा निर्वाचन क्षेत्र र प्रतिनिधि सभा निर्वाचन क्षेत्रमा गाउँपालिका क्षेत्र रहेको छ सो प्रदेश सभा र प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय कार्यसमितिमा | |

सिफारिस सम्बन्धि निर्णयको जानकारी पठाई जिल्ला कार्यसमितिमा सिफारिसको निर्णय पठाउनेछ । सिफारिस गर्ने बैठक गाँउपालिका कार्यसमितिले बोलाउनेछ र बैठकको अध्यक्षता गाँउपालिका कार्यसमितिको सभापतिले गर्नेछ ।

(ख) प्रदेश सभा क्षेत्रीय कार्यसमिति र प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिले आफुलाई सबै गाउँपालिकाबाट प्राप्त नाम सिफारिस सम्बन्धमा आफ्नो राय सुझाव जिल्ला कार्यसमितिमा पठाउनेछ ।

(ग) जिल्ला कार्यसमितिले प्राप्त नामहरु आफुसंग विवरण राखि जिल्ला संसदीय समितिमा पठाउनेछ ।

(घ) जिल्ला संसदीय समितिले प्राप्त नाम मध्ये सहमति हुन सकेमा सहमति र सहमति हुन नसकेमा बहुमतवाट निर्णय गरि उक्त निर्णय जिल्ला कार्यसमितिवाट अनुमोदन गराई पार्टीको तर्फवाट उम्मेदवारी घोषणा गर्ने र उम्मेदवारको मनोनयन दाखिला गर्ने व्यवस्था गर्नेछ ।

(३) नगरपालिका र उपमहानगरपालिका प्रमुख र उपप्रमुखको उम्मेदवारी :

(क) नगरपालिका र उपमहानगरपालिका प्रमुख र उपप्रमुखको उम्मेदवारीकालागि नगरपालिका र उपमहानगरपालिका भित्रका सबै वडाका प्रदेश सभा क्षेत्रीय अधिवेशनका प्रतिनिधिले योग्यता पुगेको व्यक्ति मध्येवाट प्रमुखकोलागि बढीमा तीन जना र उपप्रमुखकोलागि बढीमा तीन जना सहमति हुन सकेमा सहमति अनुसार र सहमति हुन नसके निर्वाचन गरि निर्वाचनमा प्राप्त मत समेत उल्लेख गरि जुन जुन प्रदेश सभा निर्वाचन क्षेत्र र प्रतिनिधि सभा निर्वाचन क्षेत्रमा नगरपालिका उपमहानगरपालिका क्षेत्र रहेको छ सो प्रदेश सभा निर्वाचन क्षेत्र र प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय कार्यसमितिमा सिफारिस सम्बन्धि निर्णयको जानकारी पठाई जिल्ला कार्यसमितिमा सिफारिसको निर्णय पठाउनेछ । सिफारिस गर्ने बैठक नगरपालिका कार्यसमितिले बोलाउनेछ र बैठकको अध्यक्षता नगरपालिका कार्यसमितिको सभापतिले गर्नेछ ।

(ख) प्रदेश सभा निर्वाचन क्षेत्रीय कार्यसमिति र प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिले प्राप्त नाममा आफ्नो राय सुझाव जिल्ला कार्यसमितिमा पठाउनेछ र जिल्ला कार्यसमिति, प्रदेश सभा र प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिको राय सुझाव संलग्न गरि जिल्लाभित्रका सबै नगरपालिकाबाट प्राप्त नाममा आफ्नो राय सुझाव सहित प्रदेश कार्यसमितिमा पठाउनेछ ।

(ग) प्रदेश कार्यसमितिले प्राप्त नाम आफुसंग विवरण राखि प्रदेश संसदीय समितिमा पठाउनेछ ।

(घ) प्रदेश संसदीय समितिले प्राप्त नाम मध्ये सहमति हुन सकेकोमा सहमति र सहमति हुन नसकेमा बहुमतवाट निर्णय गरि उक्त निर्णय प्रदेश कार्यसमितिवाट अनुमोदन गराई पार्टीको तर्फवाट उम्मेदवारी घोषणा गर्ने र उम्मेदवारको मनोनयन दाखिला गर्ने व्यवस्था गर्नेछ ।

(४) <u>महानगरपालिका प्रमुख र उप प्रमुखको उम्मेदवारी :</u>

(क) महानगरपालिका प्रमुख र उपप्रमुखको उम्मेदवारीकालागि महानगरपालिका भित्रका सबै वडाका प्रदेश सभा क्षेत्रीय अधिवेशनका प्रतिनिधिले योग्यता पुगेको व्यक्ति मध्येवाट प्रमुखकालागि बढीमा तीन जना र उपप्रमुखकोलागि बढीमा तीन जना सहमति हुन सकेमा सहमति अनुसार र सहमति हुन नसके निर्वाचन गरि निर्वाचनमा प्राप्त मत समेत उल्लेख गरि प्रदेश कार्यसमितिमा पठाउनेछ । सिफारिस गर्ने बैठक जिल्ला कार्यसमितिले बोलाउनेछ र बैठकको अध्यक्षता जिल्ला कार्यसमितिको सभापतिले गर्नेछ ।

(ख) प्रदेश कार्यसमितिले प्राप्त नाममा आफ्नो राय सुझाव समेत उल्लेख गरि केन्द्रमा पठाउनेछ ।

(ग) केन्द्रले प्राप्त नामको आफुसंग विवरण राखि केन्द्रीय संसदीय समितिमा

पठाउनेछ ।

(घ) केन्द्रीय संसदीय समितिले प्राप्त नाम मध्ये सहमति हुन सकेमा सहमति र सहमति हुन नसकेमा बहुमतवाट निर्णय गरि उक्त निर्णय केन्द्रीय कार्यसमितिवाट अनुमोदन गराई पार्टीको तर्फवाट उम्मेदवारी घोषणा गर्ने र उम्मेदवारको मनोनयन दाखिला गर्ने व्यवस्था गर्नेछ ।

(५) जिल्ला समन्वय समितिको सदस्यको उम्मेदवारी :

(क) जिल्ला समन्वय समितिको सदस्य पदको उम्मेदवारीका लागि जिल्ला अधिवेशनका प्रतिनिधिले योग्यता पुगेका व्यक्तिमध्येबाट प्रत्येक सदस्यका लागि बढीमा तीन जनाको नाम सहमति हुन सकेमा सहमति अनुसार र सहमति हुन नसके निर्वाचन गरि निर्वाचनमा प्राप्त मत समेत उल्लेख गरि जिल्ला कार्यसमितिमा पठाउनेछ ।

(ख) जिल्ला कार्यसमितिले प्राप्त सिफारिसको विवरण राखि प्राप्त नाम जिल्ला संसदीय समितिलाई पठाउनेछ ।

(ग) जिल्ला संसदीय समितिले प्राप्त नाम मध्ये सहमति हुन सकेमा सहमति र सहमति हुन नसकेमा बहुमतवाट निर्णय गरि उक्त निर्णय जिल्ला कार्यसमितिवाट अनुमोदन गराई पार्टीको तर्फवाट उम्मेदवारी घोषणा गर्ने र उम्मेदवारको मनोनयन दाखिला गर्ने व्यवस्था गर्नेछ ।

(घ) जिल्ला संसदीय समितिले निर्णय गर्दा प्रतिनिधि सभा क्षेत्रिय कार्यसमिति र प्रदेश सभा क्षेत्रिय कार्यसमितिको सभापतिलाई बैठकमा आमन्त्रित गर्नेछ ।

(६) जिल्ला समन्वय समितिको प्रमुख र उप प्रमुखको उम्मेदवारी :

(क) जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुख पदको उम्मेदवारीका लागि जिल्ला अधिवेशनका प्रतिनिधिले योग्यता पुगेका व्यक्तिमध्येबाट अध्यक्षका लागि बढीमा तीन जना र उपाध्यक्षका लागि तीन जनाको नाम सहमति भए सहमति अनुसार र सहमति हुन नसके निर्वाचन गरि निर्वाचनमा प्राप्त मत समेत उल्लेख गरि जिल्ला कार्यसमितिमा पठाउनेछ ।

(ख) जिल्ला कार्यसमितिले प्राप्त नाममा आफ्नो राय समेत उल्लेख गरि प्रदेश कार्यसमितिमा पठाउनेछ ।

(ग) प्रदेश कार्यसमितिले प्राप्त नाम आफुसंग विवरण राखि प्रदेश संसदीय समितिमा पठाउने छ ।

(घ) प्रदेश संसदीय समितिले प्राप्त नाम मध्ये सहमति हुन सकेमा सहमति र सहमति हुन नसकेमा बहुमतवाट निर्णय गरि उक्त निर्णय प्रदेश कार्यसमितिवाट अनुमोदन गराई पार्टीको तर्फवाट उम्मेदवारी घोषणा गर्ने र उम्मेदवारको मनोनयन दाखिला गर्ने व्यवस्था गर्नेछ ।

(७) प्रदेश सभा सदस्यको उम्मेदवारी :

(क) प्रदेश सभा सदस्यको प्रत्यक्षतर्फ र समानुपातिकतर्फको उम्मेदवारीका लागि प्रदेश सभा क्षेत्रिय अधिवेशनका प्रतिनिधिले योग्यता पुगेको व्यक्तिमध्येवाट प्रत्यक्षतर्फका लागि बढीमा तीन जना र समानुपातिकतर्फका लागि कम्तिमा एक महिला सहित बढीमा दुई जनाको नाम सहमति हुन सकेमा सहमति अनुसार र सहमति हुन नसके निर्वाचन गरि निर्वाचनमा प्राप्त मत समेत उल्लेख गरि प्रतिनिधि सभा क्षेत्रिय कार्यसमितिमा सिफारिस पठाउनेछ । सिफारिस गर्ने बैठक प्रदेश सभा क्षेत्रिय कार्य समितिले बोलाउने छ र प्रदेश सभा क्षेत्रिय कार्यसमितिका सभापतिले बैठकको अध्यक्षता गर्नेछ ।

(ख) प्रतिनिधि सभा क्षेत्रिय कार्य समितिले प्राप्त नाममा आफ्नो राय समेत उल्लेख गरि जिल्ला कार्यसमितिमा पठाउनेछ ।

(ग) जिल्ला कार्यसमितिले प्राप्त नाममा आफ्नो राय समेत उल्लेख गरि प्रदेश कार्यसमितिमा पठाउने छ ।

(घ) प्रदेश कार्यसमितिले प्राप्त नाममा आफ्नो राय समेत उल्लेख गरि केन्द्रमा

पठाउनेछ ।

(ङ) केन्द्रले प्राप्त नामको विवरण आफुसंग राखि केन्द्रीय संसदीय समितिमा पठाउनेछ ।

(च) केन्द्रीय संसदीय समितिले प्राप्त नाम मध्ये सहमति हुन सकेमा सहमति र सहमति हुन नसकेमा बहुमतवाट निर्णय गरि उक्त निर्णय केन्द्रीय कार्य समितिवाट अनुमोदन गराई पार्टीको तर्फवाट उम्मेदवारी घोषणा गर्ने र उम्मेदवारको मनोनयन दाखिला गर्ने व्यवस्था गर्नेछ ।

(छ) प्रदेश सभा सदस्य समानुपातिक तर्फ मातहत निकायवाट सिफारिस भएका नाममा नेपालको संविधानको धारा १७६ बमोजिम उम्मेदवारी दिन कुनै समुदायको नाम प्राप्त नभएमा वा प्रयाप्त नभएमा केन्द्रीय संसदीय समितिले सिफारिस नभएको व्यक्तिलाई पनि उम्मेदवारकालागि निर्णय गरि उम्मेदवारी दिने व्यवस्था मिलाउने छ ।

(८) प्रतिनिधि सभा सदस्यको उम्मेदवारी :

(क) प्रतिनिधि सभा सदस्यको प्रत्यक्ष तर्फ र समानुपातिकतर्फको उम्मेदवारीका लागि प्रतिनिधि सभा क्षेत्रिय अधिवेशनका प्रतिनिधिले योग्यता पुगेको व्यक्तिमध्येवाट प्रत्यक्षतर्फका लागि बढीमा तीन जनाको र समानुपातिकतर्फको लागि कम्तिमा एक महिला सहित बढीमा दुई जनाको नाम सहमति हुन सकेमा सहमति अनुसार र सहमति हुन नसके निर्वाचन गरि निर्वाचनमा प्राप्त मत समेत उल्लेख गरि जिल्ला कार्यसमितिमा सिफारिस पठाउने छ । सिफारिस गर्ने बैठक प्रतिनिधि सभा क्षेत्रिय कार्यसमितिले बोलाउने छ र प्रतिनिधि सभा क्षेत्रिय कार्य समितिका सभापतिले बैठकको अध्यक्षता गर्नेछ ।

(ख) जिल्ला कार्य समितिले प्राप्त आफ्नो राय समेत उल्लेख गरि प्रदेश कार्यसमितिमा पठाउनेछ ।

(ग) प्रदेश कार्यसमितिले प्राप्त नाममा आफ्नो राय समेत उल्लेख गरि केन्द्रमा पठाउनेछ ।

(घ) केन्द्रले प्राप्त नामको विवरण आफुसंग राखि केन्द्रीय संसदीय समितिमा पठाउनेछ ।

(ङ) केन्द्रीय संसदीय समितिले प्राप्त नाम मध्ये सहमति हुन सकेमा सहमति र सहमति हुन नसकेमा बहुमतवाट निर्णय गरि उक्त निर्णय केन्द्रीय कार्यसमितिवाट अनुमोदन गराई पार्टीको तर्फवाट उम्मेदवारी घोषणा गर्ने र उम्मेदवारको मनोनयन दाखिला गर्ने व्यवस्था गर्नेछ ।

(च) प्रतिनिधि सभा सदस्य समानुपातिक तर्फ मातहत निकायवाट सिफारिस भएका नाममा नेपालको संविधानको धारा ८४ बमोजिम उम्मेदवारी दिन कुनै समुदायको नाम प्राप्त नभएमा वा प्रयाप्त प्राप्त नभएमा केन्द्रीय संसदीय समितिले नाम सिफारिस नभएको व्यक्तिलाई पनि उम्मेदवारकालागि निर्णय गरि उम्मेदवारी दिने व्यवस्था मिलाउनेछ ।

(९) राष्ट्रिय सभा सदस्यको उम्मेदवारी :

(क) प्रत्येक प्रदेश कार्यसमितिले नेपालको संविधानको धारा ८६ उपधारा २ (क) बमोजिम निर्वाचित हुने राष्ट्रिय सभा सदस्यको लागि मातहतका जिल्लाहरुबाट योग्यता पुगेका सम्भावित नामहरुको सूची माँग गरी प्राप्त नाममध्येबाट एक सिटका लागि तीन जनाको नाम सहमति हुन सकेमा सहमति अनुसार र सहमति हुन नसके निर्वाचन गरि निर्वाचनमा प्राप्त मत समेत उल्लेख गरि केन्द्रमा पठाउने ।

(ख) केन्द्रले प्राप्त नाम आफुसंग विवरण राखि केन्द्रीय संसदीय समितिमा पठाउनेछ ।

(ग) केन्द्रीय संसदीय समितिले प्राप्त नाममध्ये सहमति हुन सकेमा सहमति र सहमति हुन नसकेमा निर्वाचनबाट निर्णय गरि केन्द्रीय कार्यसमितिवाट

| | | |
|---|---|---|
| | अनुमोदन गराई पार्टीको तर्फवाट उम्मेदवारी घोषणा गरि सम्वन्धित उम्मेदवारको मनोनयन दाखिला गर्ने व्यवस्था गर्नेछ ।<br>(घ) केन्द्रीय संसदीय समितिले नेपालको संविधानको धारा ८६ उपधारा २ (ख) बमोजिम मनोनित हुने राष्टिय सभा सदस्यको निर्णय गरि केन्द्रीय कार्यसमितिवाट अनुमोदन गर्नेछ ।<br>३३. उम्मेदवारी बारे अन्य व्यवस्था :<br>(क) कुनै पनि तहको प्रत्यक्ष तर्फको उम्मेदवार मनोनयन दर्ता हुने मिति भन्दा एक महिना पूर्व अन्तीम निर्णय गरि सक्नु पर्नेछ ।<br>(ख) समानुपातिकको आरक्षणको सुचिमा परि एक पटक निर्वाचित भएको व्यक्ति लगातार पुनः सुचीमा राखिने छैन ।<br>(ग) प्रतिनिधि सभा र प्रदेश सभा दुबैमा समानुपातिकतर्फको उम्मेदवारको निर्णय गर्दा कुनै पनि निर्वाचन क्षेत्रबाट एक भन्दा बढी उम्मेदवार दिइने छैन ।<br>(घ) उम्मेदवारीको निर्णय वा अनुमोदन गर्ने निकायले उम्मेदवारकालागि प्रस्तुत भएका नाम बारे सम्बन्धित निर्वाचन क्षेत्रमा कुनै किसिमले सर्वेक्षण गर्न वा गराउन सक्नेछ । | |
| ३२. संसदीय समितिको काम, कर्तव्य र अधिकार : (१) संसदीय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ-<br>(क) पार्टीका तर्फबाट संसद्का लागि हुने निर्वाचनमा केन्द्रीय कार्यसमितिद्वारा निर्धारित कार्यविधि अनुसार उम्मेदवार चयन गर्ने र कार्यसमितिमा पेश गर्ने ।<br>(ख) जिल्ला विकास समितिका सभापति, उपसभापति, सदस्यहरू र नगरपालिकाका प्रमुख र उपप्रमुखको निर्वाचनमा उम्मेदवार चयन गर्ने सम्बन्धमा जिल्ला कार्यसमितिलाई निर्देशन दिने ।<br>(२) संसदीय समितिले स्थानीय निकायका अन्य पदमा उम्मेदवार चयनका लागि पार्टीको जिल्ला कार्यसमिति, क्षेत्रिय कार्य समितिलाई निर्देशन दिन सक्नेछ ।<br>(३) केन्द्रीय कार्यसमितिले गरेको नीतिगत निर्णय र मापदण्ड अनुसार पार्टीको तर्फबाट सरकारमा जाने मन्त्रीहरूको नाम तय गर्नेछ । | | |
| ३३. अनुशासन समितिको गठन : (१) पार्टीको आचारसंहिता पालन गराउन र अनुशासन कायम राख्न केन्द्रीय कार्यसमितिले आफूमध्येबाट केन्द्रीय अनुशासन समिति गठन गर्नेछ ।<br>(२) केन्द्रीय अनुशासन समितिमा एक जना संयोजक र चार जना सदस्यहरू रहनेछन् ।<br>(३) जिल्ला कार्यसमितिले आफ्ना सदस्यहरूमध्येबाट तीन सदस्यीय जिल्ला अनुशासन समितिको गठन गर्नेछ । जिल्ला अनुशासन समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ । जिल्ला अनुशासन समितिले आफ्नो प्रतिवेदन जिल्ला कार्यसमितिमा पेश गर्नेछ । जिल्ला सभापतिले त्यस्तो प्रतिवेदन यथाशीघ्र केन्द्रीय अनुशासन समितिमा पठाउनु पर्नेछ ।<br>(४) केन्द्रीय अनुशासन समितिले जिल्ला अनुशासन समितिलाई आफ्ना केही अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।<br>(५) उपधारा (४) बमोजिम अधिकार प्राप्त जिल्ला अनुशासन समितिले गरेको निर्णय उपर चित्त नबुझेमा निर्णयको सूचना पाएको मितिले पैतीस दिन भित्र केन्द्रीय अनुशासन समितिमा पुनरावेदन गर्न सक्नेछ । | ३४. अनुशासन सम्बन्धि व्यवस्था :<br>१. अनुशासन उल्लघंन गरेको मानिने ।<br>नेपाली कांग्रेसको सदस्य वा निकायले देहाय बमोजिमको कार्य गरेमा अनुशासन उल्लधंन गरेको मानिनेछ ।<br>(क) पार्टीको आदर्श, सिद्धान्त र नीति विपरित कुनैपनि कार्य गरेमा ।<br>(ख) पार्टीको विधान, नियमावली वा केन्द्रीय परिपत्र वा निर्देशन विपरित काम गरेमा वा आफु भन्दा माथीको पार्टी निकायले दिएको निर्देशन पालना नगरेमा वा गर्न ईन्कार गरेमा ।<br>(ग) पार्टीको आचार संहिता उल्लंघन गरेमा ।<br>(घ) पार्टीको उम्मेदवार वा पार्टीले समर्थन गरेको उम्मेदवार विरुद्ध उम्मेदवार भएमा वा त्यस्तो उम्मेदवारको प्रस्तावक वा समर्थक भएमा वा निर्वाचनको समयमा पार्टीको उम्मेदवारका विरुद्धमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विरोध गरेमा वा असहयोग गरेमा ।<br>(ङ) पार्टीलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा हानी नोक्सानी पुऱ्याएमा ।<br>(च) कसैको पनि चरित्र हत्या हुने, व्यक्तिगत वा सामाजिक मर्यादा भंग हुने, सम्मानमा चोट पुग्ने वा वितृष्णा फैलिने, साम्प्रदायिक सदभाव प्रतिकूल हुने कुनै व्यवहार आचरण वा अभिव्यक्ति गरेमा ।<br>२. अनुशासन समिति : पार्टीको अनुशासन कायम राख्न र आचारसंहिता पालन गराउन देहाय बमोजिमका अनुशासन समिति रहने छन ।<br>(क) जिल्ला अनुशासन समिति | |

(ख) प्रदेश अनुशासन समिति

(ग) केन्द्रीय अनुशासन समिति

३. जिल्ला अनुशासन समितिको गठन :

(क) जिल्ला कार्यसमितिले आफुमध्येबाट जिल्ला अनुशासन समिति गठन गर्नेछ ।

(ख) जिल्ला सभापतिले जिल्ला अनुशासन समितिका लागि पदाधिकारीमध्येबाट एक जना संयोजक र जिल्ला सदस्यमध्येबाट सदस्यका लागि दुई जनाको नाम जिल्ला कार्यसमितिको बैठकमा प्रस्ताव गर्नेछ ।

(ग) उक्त प्रस्ताव जिल्ला कार्यसमितिबाट अनुमोदन हुनु पर्नेछ ।

४. जिल्ला अनुशासन समितिको काम, कर्तव्य र अधिकार : जिल्ला अनुशासन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) पार्टीको उम्मेदवार वा पार्टीले समर्थन गरेको उम्मेदवार विरुद्ध उम्मेदवार भएमा वा त्यस्तो उम्मेदवारको प्रस्तावक वा समर्थक भएमा पाँच वर्षकालागि पार्टीवाट निष्काशन गर्ने ।

(ख) निर्वाचनको समयमा पार्टीको उम्मेदवारका विरुद्धमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विरोध गरेमा वा असहयोग गरेमा वा अन्य पार्टी वा उम्मेदवारको पक्षमा प्रचार प्रसार गरेमा उम्मेदवारको राय समेत लिई तत्काल पार्टीको सदस्यवाट निलम्बन गर्ने ।

(ग) कुनैपनि तहको निर्वाचनको समयमा पार्टीको उम्मेदवारले कुनै सदस्य वा पार्टी निकायले प्रत्यक्ष वा परोक्ष रुपमा पार्टी वा उम्मेदवारका हित विपरित काम गरेको, निष्कृय बसेको वा अन्य उम्मेदवारलाई सहयोग हुने कार्य गरेको देखिएमा सोको जानकारी जिल्ला अनुशासन समितिलाई दिनु पर्नेछ । यसरी जानकारी प्राप्त भएमा जिल्ला अनुशासन समितिले त्यस्ता सदस्यलाई तत्काल सम्भाउने, चेतावनी दिने र नमानेमा सदस्यता निलम्बन गरि सोको जानकारी प्रदेश र केन्द्रीय अनुशासन समितिलाई दिनेछ ।

(घ) उपधारा (४) (क) (ख) र (ग) बमोजिमको सजाय गरेको हकमा प्रदेश र केन्द्रीय अनुशासन समितिलाई जानकारी दिनु पर्नेछ ।

तर उपधारा (४), (क) (ख) र (ग) को अधिकार सम्बन्धित निर्वाचन समाप्त भई सकेपछि प्रयोग गर्न पाईने छैन ।

(ङ) जिल्ला कार्यसमिति मातहतका निकाय वा जिल्ला भित्रको पार्टीको कुनै पनि सदस्यले पार्टीको आदर्श, उद्देश्य, नीति, र आचारसंहिता विरूद्ध कार्य वा विधानको उल्लङघन भयो भनी पार्टीको निकाय, पदाधिकारी वा सदस्यका विरूद्ध उजुरी दिएमा वा अनुशासन समितिलाई अनुशासन विपरित कार्य भएको जानकारी प्राप्त भएमा वा अनुशासन विपरित कार्य भएको देखिएमा सम्बन्धित निकाय, पदाधिकारी वा सदस्यलाई जानकारी लिने, स्पष्टिकरण माग्ने, छानबिन गर्ने ।

(च) अनुशासन भङ्ग गर्ने निकाय, पदाधिकारी वा सदस्यलाई नियमावली र आचारसंहिता अनुसार कसूर हेरी सम्भाउने, चेतावनी दिने । त्यस्ता कारवाई गर्दा आफ्नो सफाई दिने मौकाबाट कसैलाई पनि वञ्चित गरिनेछैन ।

(छ) कुनै निकाय, पदाधिकारी वा सदस्यलाई उपरोक्त उपधारा (४), (क), (ख),(ग),(घ) र (ङ) र (च) बाहेक अनुशासन भंग गरेकोमा सदस्यतावाट निलम्बन वा निष्काशन गर्नु पर्ने देखिएमा जिल्ला अनुशासन समितिले कसुरको प्रकृती लगायत सबै आवश्यक कुरामा छानबिन गरि सजायको माग समेत गरि यथासक्य चाडो प्रदेश र केन्द्रीय अनुशासन समितिमा पठाउनु पर्नेछ ।

(ज) जिल्ला अनुशासन समितिले वार्षिक प्रतिवेदन जिल्ला समितिमा पेश गर्नेछ

र सम्पूर्ण विवरण केन्द्रीय र प्रदेश अनुशासन समितिलाई पठाउने छ ।

(झ) जिल्ला अनुशासन समितिले गरेको निर्णय उपर चित्त नबुझेमा निर्णयको सूचना पाएको मितिले पैतीस दिन भित्र केन्द्रीय अनुशासन समितिमा पुनरावेदन गर्न सक्नेछ ।

५. प्रदेश अनुशासन समितिको गठन :

(क) प्रदेश कार्यसमितिले आफूमध्येबाट प्रदेश अनुशासन समिति गठन गर्नेछ ।

(ख) प्रदेश सभापतिले प्रदेश अनुशासन समितिका लागि प्रदेश कार्यसमितिका पदाधिकारीमध्येबाट एक जना संयोजक र प्रदेश कार्यसमितिका सदस्यमध्येबाट सदस्यका लागि तीन जनाको नाम प्रदेश कार्यसमितिको बैठकमा प्रस्ताव गर्नेछ ।

(ग) उक्त प्रस्ताव प्रदेश कार्यसमितिबाट अनुमोदन हुनु पर्नेछ ।

६. प्रदेश अनुशासन समितिको काम, कर्तव्य र अधिकार : प्रदेश अनुशासन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) जिल्ला अनुशासन समितिले गरेको अनुशासनको काम, कारवाहि र निर्णय माथी पुनरावेदन सुन्ने ।

(ख) अनुशासन भंग गरेकोमा सदस्यतावाट निलम्बन वा निष्काशन गर्नु पर्ने देखि कसुर समेत उल्लेख गरि जिल्ला अनुशासन समितिले सजायको माग समेत गरेकोमा थप आवश्यक छानबिन गर्नु पर्ने भएमा आफै वा जिल्ला अनुशासन समिति मार्फत थप छानबिन गरि निर्णय गर्ने ।

(ग) उपधारा (४) (ख) बाहेक पार्टीको उद्देश्य, नीति र आचारसंहिता विरूद्ध अथवा विधानको उल्लङघ्न भयो भनी प्रदेश अनुशासन समितिलाई कुनैपनि रुपमा जानकारी हुन आएमा सो बारे जानकारी लिन, छानबिन गर्ने, स्पष्टिकरण लिई आवश्यक कारवाहि गर्ने ।

(घ) अनुशासन भङ्ग गर्ने निकाय, पदाधिकारी वा सदस्यमाथि कारवाई गर्दा यो विधान, नियमावली र आचारसंहिता अनुसार कसूर हेरी सम्झाउने, चेतावनी दिने, निलम्बन गर्ने । निलम्बन गर्दा बढीमा छ महिनाकालागि गर्न सकिनेछ । त्यसरी निलम्बन गरेको जानकारी यथासक्य चाडो केन्द्रीय अनुशासन समितिमा पठाउनु पर्नेछ । त्यस्ता कारबाई गर्दा आफ्नो सफाई दिने मौकाबाट कसैलाई पनि वञ्चित गरिने छैन ।

(ङ) अनुशासन भंग गरेकोमा सदस्यतावाट निष्काशन गर्नु पर्ने देखिएमा प्रदेश अनुशासन समितिले कसुरको प्रकृती हेरि सजायको माग समेत गरि यथासक्य चाडो केन्द्रीय अनुशासन समितिमा पठाउनु पर्नेछ ।

(च) प्रदेश अनुशासन समितिले आफ्नो केहि अधिकार जिल्ला अनुशासन समितिलाई दिन सक्नेछ ।

(छ) प्रदेश अनुशासन समितिले गरेको निर्णय उपर चित्त नबुझेमा निर्णयको सूचना पाएको मितिले पैतीस दिन भित्र केन्द्रीय अनुशासन समितिमा पुनरावेदन गर्न सक्नेछ ।

७. केन्द्रीय अनुशासन समितिको गठन :

(क) केन्द्रीय कार्यसमितिले आफूमध्येबाट केन्द्रीय अनुशासन समिति गठन गर्नेछ ।

(ख) केन्द्रीय सभापतिले केन्द्रीय अनुशासन समितिका लागि केन्द्रीय कार्यसमितिका पदाधिकारीमध्येबाट एक जना संयोजक र केन्द्रीय कार्यसमितिका सदस्यमध्येबाट सदस्यका लागि चार जनाको नाम केन्द्रीय कार्यसमितिको बैठकमा प्रस्ताव गर्नेछ ।

(ग) उक्त प्रस्ताव केन्द्रीय कार्यसमितिबाट अनुमोदन हुनु पर्नेछ ।

८. केन्द्रीय अनुशासन समितिको काम, कर्तव्य र अधिकार :

केन्द्रीय अनुशासन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) जिल्ला र प्रदेश अनुशासन समितिले गरेको निर्णय माथी पुनरावेदन सुन्ने ।

| | | |
|---|---|---|
| | (ख) जिल्ला र प्रदेश अनुशासन समितिले कारवाहि गरेको तर पुनरावेदन नपरेको कारवाहि बारेपनि जानकारी लिई कारवाहि औचित्यपूर्ण भए नभएको हेरि उपयुक्त निर्णय गरि प्रदेश वा जिल्ला अनुशासन समितिलाई आवश्यक निर्देशन दिने ।<br>(ग) जिल्ला वा प्रदेशले कारवाही गरेको वा कारवाहि गर्न सिफारिस गरेको बाहेक पार्टीको उद्देश्य, नीति, र आचारसंहिता विरूद्ध अथवा विधानको उल्लङ्घन भयो भनी पार्टीका निकाय, पदाधिकारी वा सदस्यवाट केन्द्रीय अनुशासन समितिमा सोझै उजुरी परेमा वा केन्द्रीय अनुशासन समितिलाई कुनैपनि रुपमा जानकारी हुन आएमा छानबिन गर्ने र निर्णय गर्ने । यसरी जानकारी लिने, छानबिन गर्ने वा स्पष्टिकरण लिने लगायतका कार्य गर्न केन्द्रीय अनुशासन समितिले प्रदेश वा जिल्ला अनुशासन समितिलाई निर्देशन दिन सक्नेछ ।<br>(घ) अनुशासन भङ्ग गर्ने निकाय वा पदाधिकारी वा सदस्यमाथि कारवाई वा जिल्ला वा प्रदेश अनुशासन समितिको निर्णयमा पुनरावेदन निर्णय गर्दा नियमावली र आचारसंहिता अनुसार कसूर हेरी सम्झाउने, चेतावनी दिने, निलम्बन वा निष्काशन गर्ने । त्यस्ता कारबाई गर्दा आफ्नो सफाई दिने मौकाबाट कसैलाई पनि वञ्चित गरिनेछैन ।<br>(ङ) निलम्बन गर्दा बढीमा एक वर्ष र निस्काशन गर्दा बढीमा पाँच वर्षका लागि गर्न सकिनेछ ।<br>(च) केन्द्रीय अनुशासन समितिको निर्णयद्वारा कारवाहीमा पर्ने सदस्य वा पदाधिकारीले चित्त नबुझेका खण्डमा सो को सूचना पाएको मितिले पैतीस दिन भित्र केन्द्रीय कार्यसमितिमा पुनरावेदन दिन सक्नेछ र केन्द्रीय कार्यसमितिको निर्णय अन्तिम हुनेछ ।<br>(छ) केन्द्रीय अनुशासन समितिले आफ्नो केहि अधिकार प्रदेश वा जिल्ला समितिलाई दिन सक्नेछ ।<br>९. अनुशासन सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | |
| ३४. केन्द्रीय अनुशासन समितिको काम, कर्तव्य र अधिकार : (१) केन्द्रीय अनुशासन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।<br>(क) पार्टीको उद्देश्य, नीति र आचारसंहिता विरूद्ध अथवा विधानको उल्लङ्घन भयो भनी पार्टीका पदाधिकारी तथा सदस्यहरूका विरूद्ध पार्टी निकायबाट पर्न आउने उजुरी सुन्ने, छानबिन गर्ने र निर्णय गर्ने ।<br>(ख) अनुशासन भङ्ग गर्ने सदस्य र पदाधिकारीहरूमाथि कारवाई गर्दा नियमावली र आचारसंहिता अनुसार कसूर हेरी सम्झाउने, चेतावनी दिने, निलम्बन वा निष्काशन गर्ने। त्यस्ता कारबाई गर्दा आफ्नो सफाई दिने मौकाबाट कसैलाई पनि वञ्चित गरिनेछैन ।<br>(२) निलम्बन गर्दा बढीमा छ महिना र निष्काशन गर्दा बढीमा तीन वर्षका लागि गर्न सकिनेछ ।<br>(३) केन्द्रीय अनुशासन समितिको निर्णयद्वारा कारवाहीमा पर्ने सदस्य वा पदाधिकारीले चित्त नबुझेका खण्डमा सो को सूचना पाएको मितिले पैतीस दिन भित्र केन्द्रीय कार्यसमितिमा पुनरावेदन दिन सक्नेछ र केन्द्रीय कार्यसमितिको निर्णय अन्तिम हुनेछ । | | |
| ३५. केन्द्रीय निर्वाचन समिति : (१) यस विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक पार्टीका सबै तहका निकाय र पदाधिकारीको निर्वाचनका लागि केन्द्रीय कार्यसमितिले केन्द्रीय निर्वाचन समिति गठन गर्नेछ ।<br>(२) पार्टीका सबै तहको निर्वाचनमा आवश्यक भएमा गोप्य मतदानद्वारा गरिनेछ। अन्य प्रक्रिया केन्द्रीय निर्वाचन समितिले निर्णय गरे बमोजिम हुनेछ ।<br>(३) मतदान केन्द्र, वडा, गाउँ, नगर र क्षेत्रस्तरको पार्टी निकायको कुनै पद रिक्त भएमा वा हुन आएमा त्यस्तो पदमा निर्वाचन सम्पन्न गर्नका लागि केन्द्रीय निर्वाचन समितिले सम्बन्धित जिल्लालाई निर्वाचन गराउने गरी अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।<br>(४) नेपाली कांग्रेसको महाधिवेशन हुने वर्षमा केन्द्रीय कार्यसमितिले तोकेको मितिमा नेपाली कांग्रेसको | ३५. केन्द्रीय निर्वाचन समिति :<br>(१) केन्द्रीय निर्वाचन समितिको गठन :<br>(क) यस विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक पार्टीका सबै तहका निकाय र पदाधिकारीको निर्वाचनका लागि केन्द्रीय कार्यसमितिले केन्द्रीय निर्वाचन समिति गठन गर्नेछ ।<br>(ख) केन्द्रीय सभापतिले केन्द्रीय निर्वाचन समितिका लागि संयोजक एक र सदस्य चार जनाको नाम केन्द्रीय कार्यसमितिको बैठकमा प्रस्ताव गर्नेछन् ।<br>(ग) उक्त प्रस्ताव केन्द्रीय कार्यसमितिबाट अनुमोदन हुनु पर्नेछ । | |

| | | |
|---|---|---|
| गाउँ, नगर, नगर वडा, क्षेत्र, जिल्ला अधिवेशनमा निर्वाचन सम्बन्धी कार्य सम्पन्न गर्नेछ ।<br>(५) पार्टीका क्रियाशील सदस्यहरूको तथा पार्टीका सबै तहका कार्यसमितिहरू, महाधिवेशन, महासमिति, जिल्ला अधिवेशन, क्षेत्रीय अधिवेशनका पदाधिकारी एवं सदस्यहरूको अभिलेख राख्ने तथा अद्यावधिक गर्ने जिम्मेवारी केन्द्रीय निर्वाचन समितिको हुनेछ ।<br>(६) पार्टीको कुनै पनि तहको निर्वाचन गराउन केन्द्रीय निर्वाचन समितिले आफ्नो अधिकार प्रत्यायोजन गरी निर्वाचन अधिकृत तोकी खटाउन सक्नेछ ।<br>(७) केन्द्रीय निर्वाचन समितिले आफूले गरेको कार्य विवरण केन्द्रीय कार्यसमितिमा नियमित रूपमा प्रस्तुत गर्नु पर्नेछ । | (२) <u>केन्द्रीय निर्वाचन समितिको काम, कर्तव्य र अधिकार :</u><br>(क) निर्वाचन समितिले पार्टीको विधान बमोजिम सबै तहको निर्वाचन सम्पन्न गर्नेछ ।<br>(ख) पार्टीका सबै तहको निर्वाचन गोप्य मतदानद्वारा गरिनेछ । अन्य प्रक्रिया केन्द्रीय निर्वाचन समितिले निर्णय गरे बमोजिम हुनेछ ।<br>(ग) टोल, गाउँपालिका/नगरपालिका वडा, गाउँपालिका, नगरपालिका, प्रदेश सभा निर्वाचन क्षेत्र, प्रतिनिधि सभा निर्वाचन क्षेत्र, जिल्ला र प्रदेश स्तरको पार्टी निकायको कुनै पद रिक्त भएमा त्यस्तो पदमा निर्वाचन सम्पन्न गर्नका लागि केन्द्रीय निर्वाचन समितिले प्रदेश कार्यसमिति वा जिल्ला कार्यसमितिलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।<br>(घ) नेपाली कांग्रेसको केन्द्रीय र प्रदेश महाधिवेशन हुने वर्ष भन्दा कम्तिमा एक वर्ष अगावै स्थानीय तहका सबै अधिवेशन र कार्यसमितिहरु गठन गरिनेछन् । स्थानीय तहका अधिवेशनबाट प्रदेश महाधिवेशन र केन्द्रीय महाधिवेशनका लागि निर्वाचित हुने प्रतिनिधि प्रदेश महाधिवेशन र केन्द्रीय महाधिवेशन हुनु भन्दा तीन महिना पहिला निर्वाचित गरिनेछन् ।<br>(ङ) निर्वाचन समितिले निर्वाचन प्रयोजनका लागि केन्द्रीय कार्यसमितिबाट प्राप्त नेपाली कांग्रेसको सदस्य तथा पार्टीको सबै तहका निर्वाचनका मतदाताहरुको विवरण राख्ने र अद्यावधि गर्ने ।<br>(च) केन्द्रीय कार्यसमितिले तोके बमोजिम निर्वाचन समितिले सम्बन्धित तहको निर्वाचनको क्यालेण्डर बनाउनेछ ।<br>(छ) पार्टीको कुनै पनि तहको निर्वाचन गराउन केन्द्रीय निर्वाचन समितिले आफ्नो अधिकार प्रत्यायोजन गरि निर्वाचन अधिकृत तोकी खटाउन सक्नेछ ।<br>(ज) केन्द्रीय निर्वाचन समितिले आफूले गरेको कार्यको विवरण केन्द्रीय कार्यसमितिमा नियमित रूपमा प्रस्तुत गर्नु पर्नेछ । | |
| ३६. <u>केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठान</u> : पार्टीको नीति निर्माणमा सहयोग पुऱ्याउन तथा कार्यकर्ताहरूलाई पार्टीको आदर्श, नीति, सिद्धान्त बोध गराई सक्षम बनाउन विभिन्न क्षेत्रमा कार्यरत सृजनशील, बौद्धिक, व्यवसायिक जनशक्ति समेतको सहयोग लिई विषयगत विचार गोष्ठी, अन्तर्संवाद, परामर्श कार्यक्रम गर्न एवं प्रशिक्षण सम्बन्धी वार्षिक कार्यक्रम बनाई पार्टी सदस्यहरूलाई निर्धारित कार्यक्रमहरूका आधारमा प्रशिक्षण दिन दिलाउन तथा पार्टी व्यवस्थापन सम्बन्धी सीपमूलक तालिमको समेत व्यवस्था मिलाउन उपसभापतिको प्रमुखत्वमा केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठान स्थापना गरिनेछ । केन्द्रीय कार्यसमितिले नियमावलीमा उल्लेख गरे बमोजिम यसले नियमित रूपबाट कार्यक्रम संचालन गर्नेछ र हरेक ६/६ महिनामा आफ्नो कार्य प्रगतिको प्रतिवेदन केन्द्रीय कार्यसमितिमा प्रस्तुत गर्नेछ । | ३६. <u>केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान :</u><br>क) गठन :<br>(१) पार्टी केन्द्रीय कार्यसमितिका उपसभापति प्रतिष्ठानको प्रमुख रहनेछन् ।<br>(२) केन्द्रीय सभापतिको परामर्शमा प्रतिष्ठानका प्रमुखले आवश्यकतानुसार केन्द्रीय सदस्य वा पूर्व केन्द्रीय सदस्य वा पार्टीमा विशिष्ठ योगदान गरेको व्यक्ति मध्येबाट उपप्रमुख मनोनित गर्नेछन् ।<br>(३) केन्द्रीय सभापतिको परामर्शमा प्रतिष्ठानका प्रमुखले प्रदेश कार्यसमितिका उपसभापति सहित नेपाली कांग्रेसको सदस्यहरु मध्येबाट बढीमा एकाउन्न जनालाई प्रतिष्ठानको सदस्यमा नियुक्त गर्नेछन् । सदस्यमा नियुक्त गर्दा मुलुकको संघीय संरचना, जनसंख्या र समावेशी सिद्धान्तलाई मध्यनजर गरिनेछ ।<br>(४) प्रतिष्ठानको एक स्थायी सचिवालय रहनेछ । सम्बन्धित विषय क्षेत्रका विज्ञ, नेपाली कांग्रेसको सदस्यलाई प्रमुखले प्रतिष्ठानको कार्यकारी निर्देशक र निर्देशकको पदमा नियुक्त गर्नेछन् ।<br>(५) प्रतिष्ठानले विभिन्न विषयमा अध्ययन अनुसन्धान गर्न विज्ञ संलग्न गराई विषयगत इकाई गठन गर्न सक्नेछ ।<br>(६) प्रतिष्ठानले प्रदेश तथा जिल्लामा तोकिए बमोजिम कार्य संचालन गर्नेछ ।<br>(७) प्रतिष्ठानको कार्यक्षेत्र, कार्ययोजना, सचिवालय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।<br>ख) <u>काम, कर्तव्य र अधिकार :</u><br>(१) देशको समसामयिक राजनीतिक विषय र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा पार्टीले लिनु पर्ने नीति निर्माणमा सहयोग पुऱ्याउने ।<br>(२) पार्टीले अख्तियार गरेका र गर्नु पर्ने नीति तथा कार्यक्रम, मुलुकको समग्र हितका | |

| | | |
|---|---|---|
| | लागि पार्टीले लिनु पर्ने नीति, पार्टी संगठन सुदृढीकरण र विस्तारका लागि आवश्यक अध्ययन, अनुसन्धान गर्ने गराउने ।<br>(३) पार्टी तथा भ्रातृ एवं शुभेच्छुक संघ संस्थाका सदस्यहरुलाई पार्टीको आदर्श, सिद्धान्त, मूल्य, मान्यता, नीति, रणनीतिका बारेमा प्रशिक्षित र सक्षम बनाउन विभिन्न तहमा विचार-गोष्ठी, अर्न्तसम्वाद⁄अर्न्तक्रिया, परामर्श एवं निश्चित उद्देश्य र कार्ययोजना सहित प्रशिक्षण कार्यक्रम, प्रतियोगात्मक कार्यक्रम संचालन गर्ने गराउने ।<br>(४) नेपाली कांग्रेसको प्रत्येक सदस्यले सदस्यता लिएपछि नवीकरण गर्नु पूर्व पार्टीको आधारभूत प्रशिक्षण लिनु पर्ने गरि पाठ्यक्रम विकास गरि प्रशिक्षणको देशव्यापी व्यवस्था गर्ने ।<br>(५) पार्टी नीति, अनुसन्धान, प्रशिक्षण र व्यक्तित्व विकाससंग सम्वन्धित विषयमा पार्टी साहित्य तथा पाठ्य सामाग्री तयार गरि प्रकाशन गर्ने गराउने ।<br>(६) हरेक छ महिनामा आफ्नो कार्य प्रगति प्रतिवेदन पार्टी केन्द्रीय कार्यसमितिमा प्रस्तुत गर्ने ।<br>(७) पार्टीको हितमा तोकिए बमोजिमका अन्य कार्य गर्ने गराउने । | |
| ३७. केन्द्रीय विभागहरू : केन्द्रीय कार्यसमितिले केन्द्रमा केन्द्रीय सदस्यको प्रमुखत्वमा संगठन विभाग, अन्तर्राष्ट्रिय सम्बन्ध विभाग, संसदीय विभाग, स्थानीय निकाय विभाग, प्रचार विभाग, महिला विभाग, विद्यार्थी विभाग, तरूण विभाग, पेशागत तथा बुद्धिजीवी विभाग, सांस्कृतिक विभाग, शिक्षा तथा स्वास्थ्य विभाग, गैरसरकारी संस्था एवं सामाजिक सेवा विभाग, अनुसन्धान तथा अभिलेख विभाग, उद्योग व्यापार यातायात तथा व्यवसाय विभाग, कृषि तथा सहकारी विभाग, संवैधानिक तथा कानून विभाग, आदिवासी तथा जनजाति विभाग, अनुगमन तथा मूल्याङ्कन विभाग, खेलकूद विभाग, प्राकृतिक स्रोत विभाग, प्रशासन विभाग, श्रमिक विभाग, नेपाली जनसम्पर्क समिति समन्वय विभाग, वैदेशिक रोजगार क्षेत्र समन्वय विभाग, अपाङ्ग विभाग, भूपू सैनिक विभाग, दलित विभाग, द्वन्द व्यवस्थापन विभाग आदि विभिन्न विभागहरू एवं अन्य निकायहरू तोकिए बमोजिम गठन हुनेछन् । केन्द्रीय विभाग एवं निकायहरूको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ । विभागका सदस्य हुन पार्टीको क्रियाशील सदस्यता प्राप्त गरेको हुनुपर्नेछ । समग्रमा विभागहरू बनाउँदा समावेशी सिद्धान्तलाई ध्यान दिइनेछ । | ३७. केन्द्रीय विभागहरु सम्बन्धी व्यवस्था<br>१. (क) केन्द्रमा केन्द्रीय कार्यसमितिका सदस्य प्रमुख रहेको देहाय बमोजिमका विभागहरुको गठन हुनेछ ।<br>(ख) प्रत्येक विभागमा बढीमा एकाउन्न जना सदस्य रहनेछन् ।<br>(ग) प्रमुखले केन्द्रीय सभापतिको परामर्शमा एक जना उपप्रमुख, एक जना सचिव र सदस्यहरु तोक्नेछ ।<br>(घ) विभागका उपप्रमुख, सचिव, सदस्य हुन नेपाली कांग्रेसको सदस्य हुनु पर्नेछ ।<br>(ङ) उपप्रमुख, सचिव र सदस्यहरुको मनोनयन गर्दा समानुपातिक समावेशी सिद्धान्तलाई ध्यान दिइनेछ ।<br>(च) विभागमा मनोनयन गर्दा पार्टी सदस्यहरुको रुचि, विज्ञता, अनुभव र पार्टीमा पुऱ्याएको योगदानलाई आधार बनाइनेछ ।<br>(छ) प्रमुखले विभागको बैठकमा आवश्यकतानुसार कुनै पनि व्यक्तिलाई आमन्त्रीत गर्न सक्नेछ ।<br>(ज) विभागको कार्यक्षेत्र हेरी विशेषज्ञ संलग्न गराई विभिन्न इकाई, उपसमिति वा कार्यदल गठन गर्न सकिनेछ ।<br>(झ) विभागको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ ।<br>(ञ) विभागले प्रत्येक छ महिनामा कार्यसम्पादन प्रगति प्रतिवेदन केन्द्रीय कार्यसमितिमा बुझाउनु पर्नेछ ।<br>(ट) पार्टीको भ्रातृ र शुभेच्छुक संस्थालाई तोकिए बमोजिमका विभागले समन्वय गरि क्रियाशील गराउनेछ ।<br>(ठ) प्रत्येक विभागले आफुसंग सम्बन्धित विषय बारे प्रचलित संविधान र कानूनमा भएका व्यवस्था, नेपाल सरकारले तर्जुमा गरेको नीति, सरकारले तत् सम्बन्धमा गरेको कामहरुको अनुगमन मूल्याङ्कन गरि केन्द्रीय कार्यसमितिलाई जानकारी र सो सम्बन्धमा पार्टीले बनाउनु पर्ने नीति र गर्नु पर्ने कार्य बारे सुझाव दिनेछ ।<br>(ड) केन्द्रीय कार्यसमितिले विभागलाई थप कार्य गर्न निर्देशन दिन सक्नेछ ।<br>(ढ) केन्द्रीय कार्यसमितिले यस विधानमा उल्लेखीत विभाग बाहेक आवश्यकता अनुसार अन्य विभाग गठन गर्न र काम, कर्तव्य, अधिकार तोक्न सक्नेछ ।<br>(ण) विभाग सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।<br>२. विभागहरुको काम कर्तव्य र अधिकार :<br>(१) संगठन विभाग | |

| | | |
|---|---|---|
| | (क) केन्द्र मातहतका पार्टीका निकायहरुको क्रियाशीलताको निरन्तर अनुगमन गरि आवश्यक निर्देशन दिने तथा केन्द्रीय कार्यसमितिमा आवधिक जानकारी गराउने ।<br>(ख) मातहतका निकायकाबीचमा आवश्यक समन्वय भए नभएको हेरी आवश्यक निर्देशन दिने ।<br>(ग) मातहतका निकायहरुमा आइपर्ने समस्याहरुको समाधानका लागि विधानतः पहल गर्ने ।<br>(घ) निर्वाचनहरुमा आफ्नो पार्टीको स्थितिको समिक्षा गर्ने तथा पार्टीलाई विजयी गराउन आवश्यक रणनीति तयार गरि केन्द्रीय कार्यसमितिमा प्रस्तुत गर्ने ।<br>(ङ) पार्टीको संगठन विस्तार र सुदृढीकरणकालागि आवश्यक अन्य कार्य गर्ने गराउने ।<br>(२) अन्तर्राष्ट्रिय सम्बन्ध विभाग<br>(क) अन्तर्राष्ट्रिय सम्बन्ध बारे अध्ययन अनुसन्धान गरि पार्टीको नीति निर्माणमा सहयोग गर्ने ।<br>(ख) विभिन्न देशका राजनीतिक दल र कुटनितिक नियोगहरुसंग सम्पर्क गरि सम्बन्ध सुमधुर बनाउने ।<br>(ग) अन्तर्राष्ट्रिय सहयोगी संघ संस्थाहरुसंग सम्पर्क र समन्वय गरि आवश्यकता अनुसार गोष्ठी, सेमिनार एवं अन्तरक्रियाको आयोजना गर्ने ।<br>(३) संवैधानिक कानून तथा संसदीय मामिला विभाग<br>(क) राष्ट्रिय अन्तर्राष्ट्रिय संवैधानिक एंव कानूनी विषयमा केन्द्रीय समितिलाई सुझाव सल्लाह दिने ।<br>(ख) पार्टीसंग सम्बन्धित मुद्दा मामिला तथा कानूनी विषयमा सहयोग जुटाउने ।<br>(ग) नेपाली कांग्रेसको प्रादेशिक र संघीय संसदीय दललाई व्यवस्थित र क्रियाशील बनाउने तथा पार्टीसंग समन्वय गर्ने कार्यमा सक्रिय रहने । सोको आवधिक जानकारी केन्द्रीय समितिलाई गराउने ।<br>(घ) देशको मानव अधिकारको अवस्थाको अध्ययन मुल्याकंन गरि आवश्यक सुझाव सहित केन्द्रीय कार्यसमितिलाई जानकारी गराउने ।<br>(४) संघीय मामिला तथा स्थानीय तह विभाग<br>(क) संघीयतालाई सुदृढ गर्दै जनताको हितमा प्रभावकारी वनाउन केन्द्रीय कार्यसमितिलाई नीति निर्माणमा सहयोग गर्ने ।<br>(ख) संघीय संसद, प्रदेश सरकार र प्रदेश सभाका काम कारवाहीको मुल्याङ्कन गर्ने तथा केन्द्र र प्रदेशमा पार्टीलाई प्रभावकारी बनाउन केन्द्रीय कार्यसमितिलाई सुझाव दिने ।<br>(ग) स्थानीय तहका काम, कारवाहीको अध्ययन गर्ने, स्थानीय तहमा पार्टीबाट निर्वाचित पार्टी सदस्यको प्रभावकारिता वृद्धि गर्न र निर्वाचित निकाय र पार्टीबिच समन्वय गर्न केन्द्रीय कार्यसमितिलाई सुझाव दिने ।<br>(घ) स्थानीय तहका निर्वाचित पदाधिकारी र कर्मचारीका महासंघहरुसंग समन्वय गर्ने ।<br>(५) सूचना, संचार तथा प्रचार विभाग<br>(क) सूचना संकलन गर्ने, अध्ययन विश्लेषण गर्ने, निरन्तर पार्टीको हितमा प्रचार प्रसार गर्ने, पार्टी विरुद्धका आरोपको खण्डन गर्ने कार्य गर्ने ।<br>(ख) पार्टीको मुखपत्र, साहित्य आदि प्रकाशन गर्ने, पुस्तकालय संचालन गर्ने ।<br>(ग) पार्टीले भाग लिएको निर्वाचनमा पार्टीका तर्फबाट निर्वाचन रणनीति तय गर्ने, निर्वाचन सामाग्री तयारी तथा वितरण गर्ने गराउने ।<br>(घ) पार्टीबाट संचालित कार्यक्रम र अभियानको निरन्तर प्रचार प्रसार गर्ने ।<br>(६) पेशागत तथा वुद्धिजीवि विभाग<br>(क) पार्टीसंग आवद्ध वा वैचारिकरुपले नजिक रहेका पेशागत एवं वुद्धिजीवि संस्था र व्यक्तिहरुसंग सम्बन्ध, सम्पर्क बनाई पार्टी हितमा क्रियाशील | |

बनाउने कार्य गर्ने ।

(ख) देशभरीका पेशागत तथा बुद्धिजीवि संघ संस्था, नागरिक समाज वा व्यक्तिहरुको अभिलेख राख्ने ।

(ग) वुद्धिजीवि, नागरिक समाजका व्यक्तिहरुसंग निरन्तर बैठक अन्तरक्रिया गरि विविध विषय क्षेत्रमा पार्टीका नीति र कार्ययोजना बनाउन सुझाव लिने ।

(७) भाषा, साहित्य, कला तथा संस्कृति विभाग

(क) भाषा, साहित्य, कला तथा संस्कृति बारे अध्ययन अनुसन्धान गर्ने । सम्बन्धित क्षेत्रमा नीति तर्जुमा गर्न केन्द्रीय कार्यसमितिलाई सहयोग गर्ने ।

(ख) भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक कार्य गर्न केन्द्रीय कार्यसमितिलाई सुझाव दिने ।

(ग) भाषा, साहित्य, कला र संस्कृतिसंग सम्वद्ध संघ संस्था वा व्यक्तिहरुसंग निरन्तर सम्बन्ध र सम्पर्क स्थापित गर्ने तथा समय समयमा विचार गोष्ठी र अन्तरक्रियात्मक कार्यक्रम गर्ने ।

(८) शिक्षा विज्ञान तथा प्रविधि विभाग

(क) देशको शैक्षिक अवस्थाको अध्ययन अनुसन्धान गरि समग्र शिक्षा नीति तयार गर्न केन्द्रीय कार्यसमितिलाई सहयोग गर्ने ।

(ख) पार्टीसंग सम्वद्ध वा वैचारिकरुपले निकट रहेका शिक्षा क्षेत्रका संघ संस्थाहरुलाई क्रियाशील वनाई परिचालन गर्ने ।

(ग) विज्ञान तथा प्रविधिको क्षेत्रमा कार्यरत सरकारी एवं गैरसरकारी संघ संस्था वा व्यक्तिहरुसंग सम्पर्क समन्वय गर्ने । विज्ञान प्रविधिको क्षेत्रको अध्ययन अनुसन्धान गरि नीति निर्माणमा केन्द्रीय कार्यसमितिलाई सहयोग गर्ने ।

(घ) उच्च माध्यमिक तहसम्म शिक्षालाई निशुल्क गर्न आवश्यक कार्य गर्ने ।

(ङ) उच्च शिक्षा गुणस्तरीय र सर्वसुलभ गराउन आवश्यक कार्य गर्ने । प्राविधिक शिक्षालाई गुणस्तरीय र सर्वसाधारण जनताको पहुँचमा पुग्ने गरि उपलव्ध गराउन आवश्यक कार्य गर्ने ।

(च) शैक्षिक क्षेत्रलाई सवल बनाउन कार्यकर्ताहरुलाई क्रियाशील हुन प्रोत्साहित गर्ने ।

(९) गैर सरकारी संस्था तथा सामाजिक सेवा विभाग

(क) पार्टीसंग सम्वद्ध वा वैचारिक रुपले निकट रहेका गैरसरकारी सामाजिक संघ संस्था महासंघहरुसंग समन्वय, सम्पर्क राखी पार्टी हितमा परिचालन गर्ने ।

(ख) अन्तर्राष्ट्रिय स्तरका र देशभित्र कार्यरत गैर सरकारी संस्थाहरुको विवरण राख्ने, तिनको काम कारवाहीको अध्ययन अनुसन्धान गरि सुझाव सहित केन्द्रीय कार्यसमितिलाई जानकारी गराउने ।

(ग) राष्ट्रिय स्तरका गैर सरकारी संस्था र सामाजिक सुरक्षा लगायत सामाजिक सेवा वारे नीति तर्जुमा गर्न केन्द्रीय कार्यसमितिलाई सहयोग गर्ने ।

(१०) अनुगमन, मुल्याकंन तथा अभिलेख विभाग

(क) जनस्तरमा पार्टीको छवी वारे अनुगमन गरि मूल्याङ्कन गर्ने र पार्टीको छवी र लोकप्रियतालाई अभिबृद्धि गर्न आवश्यक कार्य गर्ने ।

(ख) पार्टीको निकायहरुबाट भएका कामले जनस्तरमा पर्न गएको प्रभाव वारे मूल्यांकन गरि आवश्यक सुझाव दिने ।

(ग) जनस्तरमा अन्य राजनीतिक दलहरुको प्रभाव बारे मूल्यांकन गर्ने र केन्द्रीय कार्यसमितिलाई सुझाव दिने ।

(घ) पार्टीका सबै सदस्य, भातृ तथा शुभेच्छुक संस्थाका सदस्यको र पार्टीका सम्पूर्ण गतिविधिहरुको अभिलेख राख्ने ।

(ङ) विशेषतः पार्टीको जन्मकालदेखि नै महत्वपूर्ण योगदान पुऱ्याएका सदस्यहरुको अभिलेख र दस्तावेजहरु सुरक्षित राख्ने ।

| | | |
|---|---|---|
| | (च) मातहतका पार्टी निकायले गर्नु पर्ने विधान निर्देशित कार्यहरु भए नभएको अनुगमन गर्ने र केन्द्रीय समितिमा आवधिक जानकारी गराउने ।<br>(११) उद्योग तथा वाणिज्य विभाग<br>(क) देशमा संचालित ठूला, मझौला, साना उद्योगको विवरण तयार गरि उद्योग मैत्री वातावरण तयार गर्न आवश्यक कार्य गर्ने ।<br>(ख) देशको उद्योग वाणिज्य क्षेत्रको समग्र अध्ययन अनुसन्धान गरि नीति बनाउन केन्द्रीय कार्यसमितिलाई सहयोग गर्ने ।<br>(ग) वस्तु आयात र निर्यातबीचको असन्तुलन र बढ्दो व्यापार घाटाका कारण बारे अध्ययन, अनुसन्धान गरि निर्यात बढाउन र व्यापार घाटा कम गर्न नीति बनाउन केन्द्रीय कार्यसमितिलाई सुझाव दिने ।<br>(घ) उद्योग तथा वाणिज्य क्षेत्रमा क्रियाशील संस्था, महासंघसंग सम्पर्क समन्वय गर्ने र पार्टी हितमा क्रियाशील गराउने ।<br>(ङ) वैदेशिक लगानी बृद्धिकालागि आवश्यक नीति बनाउन सहयोग गर्ने ।<br>(१२) पर्यटन विभाग<br>(क) देशको पर्यटन क्षेत्रको समग्र अध्ययन, अनुसन्धान गरि पर्यटक अनूकुल नीति बनाउन केन्द्रीय कार्यसमितिलाई सहयोग गर्ने ।<br>(ख) पर्यटन व्यवसायसंग आवद्ध संघ संस्थाहरुको विवरण राख्ने, त्यस्ता संघ संस्थाहरुलाई पार्टीको हितमा क्रियाशील बनाउने काम गर्ने ।<br>(ग) पर्यटन क्षेत्रको प्रवर्द्धन, सम्वर्द्धन र विकास तथा पर्यटन क्षेत्रका नयाँ पूर्वाधार र सम्भावनाहरु बारे अध्ययन अनुसन्धान गरि आवश्यक नीति बनाउन केन्द्रीय कार्यसमितिलाई सहयोग गर्ने ।<br>(१३) कृषि तथा भूमिसुधार विभाग<br>(क) किसानको हक हितकालागि समग्र कृषि क्षेत्रको अध्ययन अनुसन्धान गरि केन्द्रीय कार्यसमितिलाई कृषि नीति बनाउन सहयोग गर्ने ।<br>(ख) भू उपयोग र भू व्यवस्थापन नीति निर्माण गर्ने, उर्वर शक्ति वढाउने, वस्ती व्यवस्थापन गर्ने, सिंचाइ, मल/खाद, विउको सर्वसुलभताको स्थिति बनाउन आवश्यक नीति बनाउन पार्टीलाई सहयोग गर्ने ।<br>(ग) कृषि उत्पादनमा आत्म निर्भर हुन आवश्यक नीति बनाउन सहयोग गर्ने ।<br>(घ) सुकुम्वासी, हलिया, भूमिहिन व्यक्तिहरुको वसोवासको उचित व्यवस्थापनको लागि आवश्यक अध्ययन अनुसन्धान गरि आवश्यक सुझाव दिने ।<br>(१४) यूवा तथा खेलकुद विभाग<br>(क) युवाको ज्ञान सिप र उर्जालाई मुलुकको र युवाहरुको हितमा प्रयोग हुने गरि पार्टीको युवा नीति बनाउन आवश्यक अध्ययन गरि केन्द्रीय कार्यसमितिलाई सहयोग गर्ने ।<br>(ख) खेलकुद सम्वन्धमा आवश्यक अध्ययन अनुसन्धान गरि राष्ट्रिय खेलकुद नीति बनाउन केन्द्रीय कार्यसमितिलाई सहयोग गर्ने ।<br>(ग) पार्टीसंग आवद्ध खेलकुद सम्वद्ध संघ संस्थाहरुसंग सम्पर्क समन्वय गरि पार्टीको हितमा क्रियाशील तुल्याउने ।<br>(घ) राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा ख्याती प्राप्त खेलाडीहरुको विवरण तयार गरि सम्पर्क सम्वन्ध बढाउने र खेलाडीहरुलाई प्रोत्साहित गर्न विभिन्न कार्य गर्ने ।<br>(ङ) युवा वेरोजगार समस्याको समाधानका लागि अध्ययन अनुसन्धान गरि उपयुक्त नीति र कार्यक्रममा सक्रिय रहने तथा केन्द्रीय कार्यसमितिलाई सुझाव प्रस्तुत गर्ने ।<br>(१५) प्राकृतिक स्रोत, जल तथा उर्जा विभाग<br>(क) जल र उर्जाको अधिकतम सदुपयोग गर्ने बारेमा अध्ययन, अनुसन्धान गरि यसलाई सम्वृद्धिको आधार बनाउन नीति निर्माणमा सहयोग गर्ने । | |

(ख) जलस्रोत, खनिज, उर्जा, जंगल, जमिन लगायत सबै प्राकृतिक स्रोत बारे अध्ययन अनुसन्धान गरि नीति निर्माण गर्न केन्द्रीय कार्यसमितिलाई सहयोग गर्ने ।

(ग) प्राकृतिक स्रोतहरुको पहिचान, उपयोगको सम्भाव्यता अध्ययन गरि देश हितमा सदुपयोग गर्न आवश्यक कार्य गर्ने ।

(१६) शान्ति, सुरक्षा तथा प्रशासन सेवा विभाग

(क) शान्ति सुरक्षासंग सम्बन्धित निकाय र नागरिक प्रशासनलाई स्वतन्त्र, निश्पक्ष, भ्रष्टाचारमुक्त, सक्षम र पेशागत बनाउन आवश्यक नीति तर्जुमा गर्न केन्द्रीय कार्यसमितिलाई सहयोग गर्ने ।

(ख) देशको शान्ति सुरक्षा र निजामती प्रशासनको अवस्था बारे अध्ययन गरि केन्द्रीय कार्यसमितिलाई जानकारी गराउने । शान्ति सुरक्षा र नागरिक प्रशासन सम्वन्धमा पार्टीलाई नीति बनाउन सहयोग गर्ने ।

(ग) शान्ति सुरक्षा र प्रशासनको क्षेत्रमा काम गरि सेवा निवृत भएका व्यक्तिहरुको संघ संस्था र व्यक्तिहरुसंग सम्पर्क समन्वय गरि तिनलाई पार्टीका पक्षमा क्रियाशील गराउने काम गर्ने ।

(१७) श्रमिक तथा ट्रेड यूनियन विभाग

(क) औपचारिक र अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरुको विवरण तयार गरि श्रमिकको हकहितका लागि आवश्यक नीति बनाउन केन्द्रीय कार्यसमितिलाई सहयोग गर्ने ।

(ख) देशमा कार्यरत ट्रेड यूनियनहरु बारे अध्ययन गरि जानकारी राख्ने र केन्द्रीय कार्यसमितिलाई जानकारी गराउने ।

(ग) श्रमशोषण, बालश्रमको अन्त्य गर्ने, श्रमिक विमा सुविधाको वढोत्तरी गर्ने लगायतका श्रमिकहरुका हक हितमा आवश्यक कार्य गर्ने ।

(१८) जनसम्पर्क समन्वय, वैदेशिक रोजगार तथा आप्रवासन विभाग

(क) विदेशस्थित नेपाली नागरिकहरुबाट स्थापित नेपाली जनसम्पर्क समितिहरुलाई क्रियाशील बनाई परिचालन गर्ने ।

(ख) विदेशमा रहेका नेपाली नागरिकहरुबिच संस्थागत सम्पर्क र समन्वय स्थापित गर्ने ।

(ग) नेपालको आप्रवासनको अवस्था, यसका सकारात्मक र नकारात्मक पक्षहरुको अध्ययन गरि आप्रवासन सम्बन्धि नीति बनाउन पार्टीलाई सहयोग गर्ने ।

(घ) देशभित्र रोजगारी सृजना गर्ने र वैदेशिक रोजगारलाई सुरक्षित एवं मर्यादित बनाउन नीतिगत सुधारका निम्ति आवश्यक नीति बनाई केन्द्रीय कार्यसमितिमा प्रस्तुत गर्ने ।

(ङ) गैर आवासिय नेपालीहरुको संस्थासंग प्रभावकारी सम्पर्क स्थापित गर्ने ।

(च) विप्रेषणलाई देशभित्र उत्पादनमुलक कार्यमा लगानी गरि सदुपयोगको नीतिगत व्यवस्था गर्न सहयोग गर्ने ।

(छ) विदेशमा समस्यामा परेका नेपालीलाई सहयोग गर्न आवश्यक समन्वय गर्ने ।

(ज) आवधिक निर्वाचनमा विदेशमा रहेका नेपाली नागरिकहरुबाट मतदानको व्यवस्थाका लागि आवश्यक नीति निर्माणमा पार्टी मार्फत निर्वाचन आयोगलाई सुझाव दिने तथा पार्टीका पक्षमा मतदान सुनिश्चित गर्न गराउन विदेशस्थित जनसम्पर्क समितिहरुलाई सक्रिय गराउने ।

(१९) द्वन्द्व व्यवस्थापन तथा मेलमिलाप विभाग

(क) समाजमा विद्यमान सबैखाले द्वन्द्व र समाधान बारे अध्ययन गरि सुझाव दिने ।

(ख) पार्टीका शहिद, शहिद परिवार, हिंसा/आतंकबाट पीडित पार्टीका सदस्यहरुको विवरण तयार गर्ने र त्यस्ता पीडितहरुलाई न्याय दिन

आवश्यक कार्य गर्ने ।

(ग) द्वन्द्वको स्थायी समाधान, द्वन्द्व पीडितहरुलाई राहत र द्वन्द्वको पुनरावृत्ति हुन नदिने सुनिश्चतताका लागि केन्द्रीय कार्यसमितिलाई आवश्यक सुझाव दिने ।

(घ) मेलमिलाप गर्न परामर्शको अभियान संचालन गर्ने ।

(२०) स्वास्थ्य विभाग

(क) स्वास्थ्यमा सबै नागरिकको सहज पँहुच सुनिश्चित गर्न आवश्यक अध्ययन अनुसन्धान गरि केन्द्रीय कार्यसमितिलाई सुझाव दिने ।

(ख) स्वास्थ्य र पोषण क्षेत्रसंग सम्बन्धित नीति बनाउन र परिमार्जन गर्न पार्टीलाई सुझाव दिने ।

(ग) स्वास्थ्य क्षेत्रमा कार्यरत संघ संस्थासंग सम्पर्क र समन्वय गरि पार्टीको हितमा क्रियाशील गराउने ।

(घ) सरकारी निजी तथा सामुदायिक स्वास्थ्य संस्थाको अध्ययन गरि आवश्यक नीति बनाउन पार्टीलाई सहयोग गर्ने ।

(ङ) नागरिकले आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने अवस्था सिर्जना गर्न आवश्यक कार्य गर्ने ।

(च) असाध्य वा कडा रोग लागेका विरामी, उचित उपचारको अभावमा रहेका नागरिक, प्राकृतिक विपद् वा दुर्घटना जस्ता कारणबाट अस्वस्थ्य भएका विरामी, अपांग भएका व्यक्तिहरुलाई स्वास्थ्य उपचार समेत अन्य सहयोग गर्न पार्टी सदस्यलाई क्रियाशील गर्ने गराउने ।

(छ) स्वास्थ्य शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाई नागरिकको सहज पहुँचको अवस्था निर्माण गर्नका लागि पहल गर्ने ।

(ज) स्वास्थ्य र पोषणमा राज्यको वढी भन्दा वढी लगानीको अवस्था सृजना गर्ने ।

(२१) वन, वातावरण तथा विपद व्यवस्थापन विभाग

(क) वन तथा वातावरण सम्बन्धि नीति निर्माण वा परिमार्जन गर्न पार्टीलाई सहयोग गर्ने ।

(ख) वन तथा वातावरण क्षेत्रमा कार्यरत संघ संस्था र सामुदायिक वन उपभोक्ता समितिसंग सम्पर्क समन्वय गरि पार्टीको हितमा क्रियाशील गराउने ।

(ग) विपद व्यवस्थापनको राष्ट्रिय नीति निर्माण गर्न पार्टीलाई सहयोग गर्ने ।

(घ) बाढी, पहिरो, भूकम्प, दुर्घटना जस्ता विपदमा परि पीडित भएका व्यक्ति वा परिवारलाई पार्टीको तर्फबाट उद्धार, राहत, पुर्नस्थापना जस्ता कार्यमा सहयोग गर्न भ्रातृ एवं शुभेच्छुक संघ संस्था समेतलाई परिचलान गर्ने ।

(ङ) वातावरण सम्बन्धि अध्ययन अनुसन्धान गरि दिर्घकालीन नीति निर्माण गर्न केन्द्रीय कार्यसमितिलाई सहयोग गर्ने ।

(२२) लैङ्गिक समता, सामाजिक सुरक्षा एवं कल्याण विभाग

(क) लैङ्गिक समतालाई सुनिश्चित गर्न आवश्यक नीति निर्माणमा सहयोग गर्ने ।

(ख) सामाजिक सुरक्षा पाउनु पर्ने क्षेत्रको पहिचान गरि पार्टीको नीति निर्माण वा परिमार्जन गर्न सहयोग गर्ने ।

(ग) यस क्षेत्रमा कार्यरत राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थासंग सम्पर्क समन्वय गर्ने ।

(घ) लोक कल्याणकारी राज्य स्थापनाकालागि आवश्यक नीति तर्जुमा र कार्यान्वयन गर्न सहयोग गर्ने ।

(२३) आर्थिक नीति तथा योजना विभाग

(क) देशको समग्र आर्थिक पक्षको अध्ययन गरि आर्थिक नीति तर्जुमा वा परिमार्जन गर्न केन्द्रीय कार्यसमितिलाई सहयोग गर्ने ।

(ख) सबै वित्तिय संस्थाहरुको काम कारवाहीको अध्ययन गर्ने र सो सम्बन्धमा केन्द्रीय कार्यसमितिलाई आवश्यक सुझाव दिने ।

| | | |
|---|---|---|
| | (ग) वित्तिय क्षेत्रका संघ संस्थासंग समन्वय गर्ने ।<br>(घ) देशका लागि आवश्यक दिर्घकालीन र अल्पकालीन आर्थिक योजना निर्माण र संचालन गर्न केन्द्रीय कार्यसमितिलाई सुझाव दिने ।<br>(ङ) आर्थिक वित्तिय र योजनाका क्षेत्रसंग सम्बन्धित तथ्य तथ्यांक संकलन गर्ने ।<br>(२४) <u>भौतिक पूर्वाधार, निर्माण तथा यातायात विभाग</u><br>(क) देशमा आवश्यक भौतिक पूर्वाधार निर्माण बारे केन्द्रीय कार्यसमितिलाई नीति बनाउन सहयोग गर्ने ।<br>(ख) दिगो तथा गुणस्तरिय निर्माण कार्यकालागि आवश्यक नीति बनाउन सुझाव दिने ।<br>(ग) विकास निर्माण र यातायात क्षेत्रसंग सम्वद्ध संघ संस्थाहरुसंग सम्पर्क समन्वय गरि पार्टीको हितमा क्रियाशील गराउने ।<br>(घ) यातायात र पारवाहन बारे राष्ट्रिय नीति तर्जुमा गर्न केन्द्रीय कार्यसमितिलाई सुझाव दिने ।<br>(२५) <u>अन्य पार्टी सम्पर्क विभाग</u><br>(क) देशमा क्रियाशील अन्य राजनीतिक दलको संख्या, आदर्श, नीति, कार्यक्रम, विधान, घोषणापत्र बारे अध्ययन गर्ने र केन्द्रीय कार्यसमितिलाई जानकारी र आवश्यक सुझाव दिने ।<br>(ख) अन्य राजनीतिक दलका गतिविधि र प्रभावको मुल्याङ्कन गरि सुझाव सहित केन्द्रीय कार्यसमितिलाई जानकारी गराउने ।<br>(ग) अन्य पार्टीसंग आवश्यकता अनुसार सम्पर्क स्थापित गर्ने ।<br>(२६) <u>सहकारी विभाग</u><br>(क) देशभरि कार्यरत सहकारी संस्था र तिनको कार्यक्षेत्र बारे विवरण राख्ने ।<br>(ख) सहकारी अभियानलाई वृद्धि गर्ने र यस अभियानमा पार्टी सदस्यलाई संलग्न गर्न गराउन प्रोत्साहित गर्ने ।<br>(ग) सहकारी वारे पार्टीको नीति तर्जुमा गर्ने ।<br>(घ) पार्टीसंग निकटता भएका सहकारी संस्था र संघ, महासंघसंग समन्वय गर्ने ।<br>(२७) <u>भातृ संस्था समन्वय विभाग</u><br>(क) भ्रातृ संस्थाहरुसंग समन्वय गरि क्रियाशील बनाउने र पार्टी हितमा परिचालन गर्ने ।<br>(ख) भ्रातृ संस्थाको विधान सम्मत प्रभावकारी सञ्चालन गर्ने गराउने तथा अनुगमन, मुल्याङ्कन गरि केन्द्रीय कार्यसमितिलाई जानकारी गराउने ।<br>(२८) <u>शुभेच्छुक संस्था समन्वय विभाग</u><br>(क) पार्टीको शुभेच्छुक संस्थासंग समन्वय गर्ने र पार्टी हितमा क्रियाशील गराउने ।<br>(ख) शुभेच्छुक संस्थाका कामकारवाहीको अनुगमन गर्ने तथा सुझाव दिने र केन्द्रीय कार्यसमितिलाई जानकारी गराउने । | |
| ३८. <u>लेखापरीक्षण समिति</u> : केन्द्रदेखि जिल्ला तहसम्म सम्बन्धित कार्यसमितिले कार्यसमितिका सदस्यको संयोजकत्वमा लेखापरीक्षण समिति गठन गर्नेछ । लेखापरीक्षण समितिले लेखापरीक्षक नियुक्ति गरी सम्बन्धित कार्यसमितिको वार्षिक आय-व्ययको लेखापरीक्षण गराउनेछ र प्रतिवेदन कार्यसमितिमा बुझाउनेछ । प्राप्त प्रतिवेदन कार्यसमितिले पारित गरी कोषाध्यक्षले सम्बन्धित महाधिवेशन/अधिवेशनमा प्रस्तुत गर्नेछ । | ३८. केन्द्रीय लेखा समिति :<br>(१) केन्द्रीय कार्यसमितिले कार्यसमितिका सदस्यको संयोजकत्वमा लेखापरीक्षण समिति गठन गर्नेछ । लेखा समितिले लेखापरीक्षक नियुक्ति गरि केन्द्रीय कोषाध्यक्षले राखेको आय र व्ययको वार्षिक विवरणको लेखापरीक्षण गराई प्रतिवेदन कार्यसमितिमा बुझाउनेछ । कार्यसमितिले पारित गरेको प्रतिवेदन केन्द्रीय कोषाध्यक्षले महाधिवेशन/महासमितिमा प्रस्तुत गर्नेछन ।<br>(२) केन्द्रीय सभापतिले केन्द्रीय कार्यसमितिमा सदस्यमध्येबाट संयोजक र सम्बन्धित विषयको विज्ञता भएको चार जना सदस्य रहेको केन्द्रीय लेखा समिति प्रस्ताव गर्नेछ । उक्त प्रस्ताव केन्द्रीय कार्यसमितिको वहुमतबाट अनुमोदन गराउनु पर्नेछ । | |

| | | |
|---|---|---|
| | (३) केन्द्रीय लेखा समितिको काम, कर्तव्य र अधिकार :<br>केन्द्रीय लेखा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :<br>(क) कोषाध्यक्षले राखेको आय र व्ययको वार्षिक विवरणको लेखापरीक्षण गराउने । सो प्रयोजनका लागि लेखा परीक्षकको नियुक्ति गरि पारिश्रमिक तोक्ने ।<br>(ख) पार्टीका कुनै पनि कार्यसमितिको आय र व्ययको आन्तरिक लेखा परीक्षण गर्न आवश्यक भएमा सो को व्यवस्था मिलाउने ।<br>(ग) केन्द्रीय कार्यसमिति र मातहतका निकायको आर्थिक कारोवारको नियमित रुपमा अनुगमन गर्ने ।<br>(घ) पार्टीका विभिन्न तह एवं भ्रातृ संगठनहरुको आर्थिक पारदर्शिता सुनिश्चितता गर्न आवश्यक अनुगमन गर्ने एवं आर्थिक क्रियाकलापको अभिलेखीकरण गराउने ।<br>(ङ) केन्द्रीय सचिवालयसंग समन्वय गरि लेखा तथा वित्त व्यवस्थापन मितव्यायी, पारदर्शी एवं व्यवस्थित बनाउन आवश्यक मापदण्ड तयार गर्ने तथा प्रशिक्षण संचालन गर्ने ।<br>(च) लेखा एवं आर्थिक व्यवस्थापन सम्बन्धि कार्यविधि तयार गरि कार्यसमितिबाट स्वीकृत भएपश्चात लागु गर्ने । | |
| ३९. ज्येष्ठ राजनीतिज्ञ सभा : नेपाली कांग्रेसमा रही लामो समयदेखि निरन्तर योगदान पुऱ्याउँदै आएका तर वर्तमान अवस्थामा पार्टीको कुनै पनि तहको संरचनामा नरहेका ६५ वर्ष उमेर पुगेका पार्टीका ज्येष्ठ राजनीतिककर्मीहरूको केन्द्रीय सभापतिको अध्यक्षतामा तोकिए बमोजिम केन्द्रमा ज्येष्ठ राजनीतिज्ञ सभा रहनेछ । यो सभाले पार्टीलाई सल्लाह सुझाव तथा प्रेरणा दिने काम गर्नेछ । त्यस्तै गरेर जिल्लामा जिल्ला सभापतिको अध्यक्षतामा ज्येष्ठ राजनीतिज्ञ समिति रहनेछ । | ३९. ज्येष्ठ राजनीतिज्ञ सभा :<br>(१) नेपाली कांग्रेसमा रही लामो समयदेखि निरन्तर योगदान पुऱ्याउँदै आएका सम्मानीत व्यक्तिहरु तर वर्तमान अवस्थामा पार्टीको कुनै पनि तहको संरचनामा सक्रिय नरहेका ६५ वर्ष उमेर पुगेका पार्टीका ज्येष्ठ राजनीतिककर्मीहरूको सहभागितामा, केन्द्रीय सभापतिको अध्यक्षतामा केन्द्रमा ज्येष्ठ राजनीतिज्ञ सभा रहनेछ ।<br>(२) ज्येष्ठ राजनीतिज्ञ सभाले पार्टीलाई सल्लाह सुझाव तथा प्रेरणा दिने काम गर्नेछ ।<br>(३) प्रदेशमा प्रदेश सभापतिको अध्यक्षतामा र जिल्लामा जिल्ला सभापतिको अध्यक्षतामा ज्येष्ठ राजनीतिज्ञ सभाको गठन तोकिए बमोजिम हुनेछ ।<br>(४) ज्येष्ठ राजनीतिज्ञ सभाले पार्टीको सबै तह र संरचना तथा पदाधिकारी र कार्यसमितिहरुलाई सल्लाह, सुझाव र परामर्श दिनेछ । | |
| ४०. संसदीय दल : (१) प्रतिनिधिसभा, संविधानसभाका पार्टीका सांसदहरू नेपाली कांग्रेस संसदीय दलका सदस्य हुनेछन् ।<br>(२) संसदीय दलमा प्रतिनिधिसभा, संविधानसभाका सदस्यहरूले आफूमध्येबाट संसदीय दलको नेताको चयन गर्नेछन् ।<br>(३) संसदीय दलको काम, कर्तव्य र कार्यसञ्चालन केन्द्रीय कार्यसमितिद्वारा स्वीकृत संसदीय दलको विधान अनुसार हुनेछ । | ४०. संसदीय दल : (१) संघीय संसदमा रहेका पार्टीका सांसदहरू नेपाली कांग्रेस संसदीय दलका सदस्य हुनेछन् ।<br>(२) संसदीय दलमा प्रतिनिधिसभाका सदस्यहरूले आफूमध्येबाट संसदीय दलको नेताको निर्वाचन गर्नेछन् ।<br>(३) संसदीय दलको काम, कर्तव्य र कार्य सञ्चालन केन्द्रीय कार्यसमितिद्वारा स्वीकृत संसदीय दलको विधान अनुसार हुनेछ ।<br>(४) पार्टीको तर्फबाट प्रदेश सभामा रहेका प्रदेश सभा सदस्यको प्रत्येक प्रदेशमा एक प्रदेश सभा संसदीय दल हुनेछ । प्रदेश सभा संसदीय दलले केन्द्रीय कार्यसमितिबाट स्वीकृत विधान अनुसार कार्य गर्नेछ । | |
| | ४१. जिल्ला सम्पर्क समिति :<br>(१) अन्य जिल्लामा मतदाता नामावली रहेका काठमाण्डौं वा प्रदेश राजधानी वा अन्य कुनै जिल्लामा स्थायी वा अस्थायी बसोबास गरि बसेका नेपाली कांग्रेसका सदस्य वा नेपाली कांग्रेसका प्रति प्रतिवद्ध व्यक्तिहरुले तोकिए बमोजिम सम्पर्क समिति गठन गर्न सक्नेछन् ।<br>(२) सम्पर्क समिति सम्बन्धित जिल्लाको नेपाली कांग्रेस जिल्ला कार्यसमितिको सल्लाह, समन्वय र निर्देशनमा रहि स्थापना गरिनेछ ।<br>(३) सम्पर्क समिति सम्बन्धित जिल्ला कार्यसमितिको मातहतमा रहनेछ ।<br>(४) निर्वाचन र पार्टीका अन्य अभियान तथा कार्यक्रमहरुमा जिल्ला कार्यसमितिसंगको समन्वयमा रहि सम्पर्क समितिले काम गर्नेछ । | |

| | | |
|---|---|---|
| | (५) सम्पर्क समिति सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | |
| | ४२. भ्रातृ संघ र शुभेच्छुक संस्था<br>(१) भातृ संघ :<br>(क) नेपाली कांग्रेसको आदर्श, उद्देश्य र सिद्धान्तलाई मान्ने वर्गीय वा अन्य रचनात्मक क्रियाकलापमा संलग्न संस्थालाई केन्द्रीय कार्यसमितिले निर्णय गरि भ्रातृ संघको मान्यता दिन सक्नेछ । मान्यता प्राप्त भ्रातृ संघको विवरण तोकिए बमोजिम अनुसूचिमा उल्लेख गरिनेछ ।<br>(ख) भ्रातृ संघको विधान र संशोधन केन्द्रीय कार्यसमितिबाट स्वीकृत भएपछि मात्र लागु हुनेछ ।<br>(ग) भ्रातृ संघले पार्टीको उद्देश्य, नीति, कार्यक्रम र केन्द्रीय कार्यसमितिको निर्देशनको पालना गर्नु पर्नेछ ।<br>(घ) कुनै एउटा भ्रातृ संघमा संलग्न व्यक्ति अर्को भ्रातृ संघको पदाधिकारी वा सदस्य हुने छैन ।<br>(ङ) पार्टीको कुनैपनि तहको पदाधिकारी वा सदस्य भ्रातृ संघको पदाधिकारी वा सदस्य हुने छैन । सबै भ्रातृ संघ एवं शुभेच्छुक संस्थाको कार्यसमितिको पदाधिकारी वा सदस्य पार्टीको कुनै पनि तहको कार्यसमितिमा निर्वाचित वा मनोनित भएमा नीजको भ्रातृ संघ वा शुभेच्छुक संस्थाको वहाल रहेको पद स्वतः रहनेछैन ।<br>(च) भ्रातृ संघले आफ्नो विधान अनुसार केन्द्रीय अधिवेशन गर्नु पर्नेछ । विधानमा उल्लेखित अवधिमा केन्द्रीय अधिवेशन हुन नसकेमा केन्द्रीय समिति स्वतः विघटन हुनेछ । र पार्टीको केन्द्रीय कार्यसमितिले तत्काल अधिवेशन गर्न आवश्यक व्यवस्था गर्नेछ ।<br>(छ) भ्रातृ संघको पदाधिकारी वा सदस्य पार्टीको कुनै तहमा निर्वाचित वा मनोनित भएमा भ्रातृ संघमा रहेको पदाधिकार स्वतः समाप्त हुनेछ ।<br>(ज) केन्द्रीय कार्यसमितिले भ्रातृ संघको विघटन वा पुर्नगठन गर्न सक्नेछ ।<br>(झ) भ्रातृ संघका पदाधिकारी पार्टीको कुनै पदमा निर्वाचित भएमा भ्रातृ संघको पद स्वतः रहने छैन ।<br>(ञ) भ्रातृ संघ सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।<br><br>(२) शुभेच्छुक संस्था :<br>(क) पार्टीले अगालेका वृहत्तर आदर्श र नीतिमा क्रियाशील र सहयोगी रहने लोकतान्त्रिक मुल्य र मान्यतामा विश्वास गर्ने संघ संस्था वा समुहलाई केन्द्रीय कार्यसमितिले निर्णय गरि शुभेच्छुक संस्थाको मान्यता दिन सक्नेछ । मान्यता प्राप्त शुभेच्छुक संस्थाहरुको विवरण तोकिए बमोजिम अनुसूचिमा उल्लेख गरिनेछ ।<br>(ख) शुभेच्छुक संस्थाको उद्देश्य, सिद्धान्त र विधानको व्यवस्था लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित हुनु पर्नेछ ।<br>(ग) शुभेच्छुक संस्था सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | |
| परिच्छेद-६<br>विविध<br>४१. पदावधि : पार्टीका सबै तहका पदाधिकारी तथा सदस्यहरूको अवधि चार वर्षको हुनेछ । असाधारण स्थिति भएमा केन्द्रीय कार्यसमितिले सोको कारण खोली बढीमा एक वर्षसम्मको अवधि बढाउन सक्नेछ । | परिच्छेद-८<br>४३. पदावधि : पार्टीका सबै तहका पदाधिकारी तथा सदस्यहरूको पदावधि चार वर्षको हुनेछ । असाधारण स्थिति भएमा केन्द्रीय कार्यसमितिले सोको कारण खोली बढीमा एक वर्षसम्मको अवधि बढाउन सक्नेछ । | |
| ४२. अविश्वासको प्रस्ताव : (१) पार्टीका सबै तहका सभापतिका विरूद्ध सम्बन्धित निर्वाचकहरूको पच्चीस प्रतिशत सदस्यले अविश्वासको प्रस्ताव सम्बन्धित कार्यसमितिमा दर्ता गर्न सक्नेछ ।<br>(२) यसरी दर्ता हुन आएको प्रस्तावउपर आवश्यक छानबिन गरी साठी दिनभित्र सम्बन्धित निर्वाचकहरूको बैठक वा अधिवेशन बोलाई निर्णय गर्नुपर्नेछ । यस्तो निर्णय गर्दा उपसभापति र सो नभएमा महामन्त्री वा सचिवले बैठकको अध्यक्षता गर्नेछ । | ४४. अविश्वासको प्रस्ताव : (१) पार्टीका सबै तहका सभापतिका विरूद्ध सम्बन्धित निर्वाचकहरूको पच्चीस प्रतिशत सदस्यले अविश्वासको प्रस्ताव सम्बन्धित कार्यसमितिमा दर्ता गर्न सक्नेछ ।<br>(२) यसरी दर्ता हुन आएको प्रस्तावउपर आवश्यक छानबिन गरि साठी दिनभित्र सम्बन्धित निर्वाचकको बैठक वा अधिवेशन बोलाई निर्णय गर्नुपर्नेछ । यस्तो निर्णय | |

| | | | | |
|---|---|---|---|---|
| | (३) सम्पूर्ण सदस्य सङ्ख्याको दुई तिहाइ बहुमतले अविश्वास प्रस्ताव पारित हुनेछ ।<br>(४) महाधिवेशनबाट निर्वाचित केन्द्रीय महामन्त्री एवं कोषाध्यक्ष साथै जिल्ला वा सो मुनि सबै तहका सचिव एवं कोषाध्यक्षका विरूद्ध सम्बन्धित निर्वाचकहरूको बीस प्रतिशत सदस्यहरूले अविश्वासको प्रस्ताव सम्बन्धित कार्यसमितिमा दर्ता गर्न सक्नेछन् । यसरी दर्ता हुन आएको प्रस्ताव उपर आवश्यक छानबिन गरी साठी दिनभित्र सम्बन्धित निर्वाचकहरूको बैठक वा अधिवेशन बोलाई निर्णय गर्नुपर्नेछ । यस्तो निर्णय गर्दा उपसभापति र सो नभएमा महामन्त्री वा सचिवले बैठकको अध्यक्षता गर्नेछ । सम्पूर्ण सदस्य संख्याको साठी प्रतिशत बहुमतले अविश्वास प्रस्ताव पारित गर्नेछ ।<br>(५) पार्टीका सबै तहका सभापतिले प्रस्ताव गरी निर्वाचित कार्यसमितिबाट चयन भएका पदाधिकारीहरूलाई सम्बन्धित सभापतिको प्रस्तावबाट कार्यसमितिले पदमुक्त गर्न सक्नेछ । | | गर्दा उपसभापति र सो नभएमा महामन्त्री वा प्रदेश महामन्त्री, सचिवले बैठकको अध्यक्षता गर्नेछ ।<br>(३) उपधारा (१) र (२) बमोजिम पेश हुन आएको अविस्वासको प्रस्ताव, सम्पूर्ण सदस्य सङ्ख्याको दुई तिहाइ बहुमतबाट पारित हुनेछ ।<br>(४) केन्द्रदेखि मातहतका सबै तहका निर्वाचित पदाधिकारीको हकमा सम्बन्धित निर्वाचकहरुको बीस प्रतिशत सदस्यहरूले अविश्वासको प्रस्ताव सम्बन्धित कार्यसमितिमा दर्ता गर्न सक्नेछन् । यसरी दर्ता हुन आएको प्रस्ताव उपर आवश्यक छानबिन गरि साठी दिनभित्र सम्बन्धित निर्वाचकहरूको बैठक वा अधिवेशन बोलाई निर्णय गर्नुपर्नेछ । यस्तो निर्णय गर्दा उपसभापति र सो नभएमा महामन्त्री, प्रदेश महामन्त्री वा सचिवले बैठकको अध्यक्षता गर्नेछ । सम्पूर्ण सदस्य संख्याको साठी प्रतिशत बहुमतले अविश्वास प्रस्ताव पारित हुनेछ ।<br>(५) पार्टीका सबै तहका सभापतिले प्रस्ताव गरि निर्वाचित कार्यसमितिबाट चयन भएका पदाधिकारीलाई सम्बन्धित सभापतिको प्रस्तावबाट कार्यसमितिले पदमुक्त गर्न सक्नेछ । | |
| ४३. | निलम्बन र विघटन : पार्टीको कुनै निकाय वा पदाधिकारी विधान वा केन्द्रीय निर्देशन विपरीत काममा संलग्न भएको देखिएमा वा निष्क्रिय भएको देखिएमा केन्द्रीय कार्यसमितिले आवश्यक छानविन गरी त्यस्तो निकाय वा पदाधिकारीलाई निलम्बन, विघटन वा हटाउन सक्नेछ । यसरी विघटन वा हटाइएकोमा केन्द्रीय कार्यसमितिले तत्काल तदर्थ समिति गठन गर्नेछ र छ महिनाभित्र विधान बमोजिम निर्वाचन गरी पदपूर्ति गरिनेछ । पार्टीको विघटन भएमा पार्टीको हक र दायित्व प्रचलित कानून बमोजिम हुनेछ । | | | |
| ४४. | रिक्त स्थानको पूर्ति : कुनै कारणले पार्टीका कुनै पनि निकायमा रिक्त हुन आउने स्थानका लागि यस विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक जुन प्रक्रियाबाट चयन भएको हो सोही प्रक्रियाद्वारा पूर्ति गरिनेछ । | ४५. | रिक्त स्थानको पूर्ति : कुनै कारणले पार्टीका कुनै पनि निकायमा रिक्त हुन आउने स्थानका लागि यस विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक जुन प्रक्रियाबाट निर्वाचित भएको हो सोही प्रक्रियाद्वारा पद पूर्ति गरिनेछ । | |
| ४५. | गणपूरक सङ्ख्या : पार्टीका सबै निकायहरूको बैठकका लागि पचास प्रतिशतभन्दा बढी सदस्यको उपस्थितिलाई गणपूरक सङ्ख्या मानिनेछ । | ४६. | गणपूरक सङ्ख्या : पार्टीका सबै निकायहरूको बैठकका लागि पचास प्रतिशतभन्दा बढी सदस्यको उपस्थितिलाई गणपूरक सङ्ख्या मानिनेछ । | |
| ४६. | विधान संशोधन : (१) यो विधानको संशोधन गर्नुपरेमा महाधिवेशनले सम्पूर्ण सदस्य संङ्ख्याको साधारण बहुमतले र महासमितिले सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतले संशोधन गर्न सक्नेछ ।<br>(२) विधान संशोधनको प्रस्ताव केन्द्रीय कार्यसमितिले र महाधिवेशन वा महासमितिका पच्चीस प्रतिशत सदस्यले केन्द्रीय कार्यसमिति मार्फत प्रस्तुत गर्न सक्नेछन् । | ४७. | विधान संशोधन : (१) यो विधानको संशोधन गर्नुपरेमा केन्द्रीय महाधिवेशनले सम्पूर्ण सदस्य संङ्ख्याको साधारण बहुमतले र केन्द्रीय महासमितिले सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतले संशोधन गर्न सक्नेछ ।<br>(२) विधान संशोधनको प्रस्ताव केन्द्रीय कार्यसमितिले र केन्द्रीय महाधिवेशन वा केन्द्रीय महासमितिका पच्चीस प्रतिशत सदस्यले केन्द्रीय कार्यसमिति मार्फत प्रस्तुत गर्न सक्नेछन् । | |
| ४७. | नियमावली बनाउने : यो विधानअनुरुप केन्द्रीय कार्यसमितिले आवश्यक नियमावली र आचारसंहिता बनाई लागू गर्न सक्नेछ । | ४८. | नियमावली बनाउने : यो विधानअनुरुप केन्द्रीय कार्यसमितिले आवश्यक नियमावली र आचारसंहिता बनाई लागू गर्न सक्नेछ । | |
| ४८. | पार्टीको झण्डा, छाप चिन्ह र कार्यालय : (१) झण्डा- समान आयातकार भएका तीन पाटामध्ये तल माथिका दुई पाटाहरू राता हुनेछन् । बीचको सेतो पाटोको केन्द्रको चारैतिर समान आकार प्रकारका पाँच चोसे राता रङका चार ताराहरू रहनेछन् । तल-माथि रहेका दुई ताराभन्दा दायाँ बायाँ रहेका दुई ताराको दूरी अनुपातअनुसार केही बढी हुनेछ ।<br>(२) छाप- केन्द्रीय कार्यसमितिले तोकेअनुसार सबै तहमा एकै किसिमको छाप हुनेछ ।<br>(३) चिन्ह - पार्टीको चुनाव चिन्ह "रूख" हुनेछ ।<br>(४) कार्यालय- पार्टीको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा र अन्य कार्यालयहरू आ-आफ्ना क्षेत्रमा रहनेछन् । | ४९. | पार्टीको झण्डा, छाप चिन्ह र कार्यालय : (१) झण्डा- समान आयातकार भएका तीन पाटामध्ये तल माथिका दुई पाटाहरू राता हुनेछन् । बीचको सेतो पाटोको केन्द्रको चारैतिर समान आकार प्रकारका पाँच चोसे राता रङका चार ताराहरू रहनेछन् । तल-माथि रहेका दुई ताराभन्दा दायाँ बायाँ रहेका दुई ताराको दूरी अनुपातअनुसार केही बढी हुनेछ ।<br>(२) छाप- केन्द्रीय कार्यसमितिले तोकेअनुसार सबै तहमा एकै किसिमको छाप हुनेछ ।<br>(३) चिन्ह - पार्टीको चुनाव चिन्ह "रूख" हुनेछ ।<br>(४) कार्यालय- पार्टीको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा र अन्य कार्यालयहरू आ-आफ्ना क्षेत्रमा रहनेछन् । | |
| ४९. | विविध : (१) पार्टीको निर्देशन प्रत्येक सदस्यका लागि सर्वोपरि र अनुल्लङ्घनीय हुनेछ ।<br>(२) पार्टीका विभिन्न निकायहरूको निर्माणमा समावेशी सिद्धान्तलाई ध्यान दिइनेछ ।<br>(३) पार्टीको उद्देश्य र सिद्धान्तलाई मान्ने विभिन्न वर्गीय र सहयोगी सङ्घ संगठनहरूलाई भ्रातृसंस्थाको रूपमा केन्द्रीय कार्यसमितिले मान्यता दिन वा गठन गर्न सक्नेछ । भ्रातृसंस्थाको रूपमा मान्यता प्राप्त संस्थाले पार्टीको नीति र कार्यक्रम तथा निर्देशनको पालना तथा कार्यान्वयन गर्नु भ्रातृसंस्थाको कर्तव्य हुनेछ । पार्टीले आवश्यकता अनुसार भ्रातृसंस्थाहरूको | ५०. | परिच्छेद-९<br>विविध<br>(१) पार्टीको निर्देशन प्रत्येक सदस्यका लागि सर्वोपरि र अनुल्लङ्घनीय हुनेछ ।<br>(२) पार्टीका विभिन्न निकाय गठनमा समावेशी सिद्धान्तलाई ध्यान दिइनेछ ।<br>(३) पार्टीको उद्देश्य र नीतिलाई समर्थन गर्दै यो विधानलाई मञ्जुर गर्ने नेपालका कुनै राजनीतिक दल वा संस्थालाई पार्टीमा गाभ्ने केन्द्रीय कार्यसमितिलाई अधिकार | |

पुनर्गठन तथा विघटन गर्न सक्नेछ। पार्टीका भ्रातृसंस्थाहरू सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) पार्टीसँग आबद्ध नरहेको तर पार्टीले अँगालेका बृहत्तर आदर्शका निम्ति क्रियाशील र सहयोगी रहने लोकतान्त्रिक संघ, संस्था र समूहलाई केन्द्रीय कार्यसमितिले वैचारिक र नीतिगत समन्वय कायम राख्न आवश्यक व्यवस्था गर्न सक्नेछ। यस्ता शुभेच्छुक संस्थाहरूको अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) पार्टीको उद्देश्य र नीतिलाई समर्थन गर्दै यो विधानलाई मञ्जुर गर्ने नेपालका कुनै राजनीतिक दल वा संस्थालाई पार्टीमा गाभ्ने केन्द्रीय कार्यसमितिलाई अधिकार हुनेछ। तर सो निर्णयलाई पछि हुने महासमिति वा महाधिवेशनबाट अनुमोदन गराउनुपर्नेछ।

(६) विधानको व्याख्या गर्ने र विधानमा उल्लेख भएका कुराहरूमा अपर्झट निर्णय गर्नु परेमा पार्टीको परम्परालाई ध्यानमा राखी केन्द्रीय कार्यसमितिले गर्न सक्नेछ। त्यस्तो निर्णयलाई पछि हुने महासमिति वा महाधिवेशनमा पेस गरी समर्थन प्राप्त गर्नुपर्नेछ।

(७) पार्टीका सबै तहका समितिले पार्टीका निम्ति योगदान दिएका र दिन सक्ने विशिष्ट व्यक्तिहरूलाई आफ्नो बैठकमा आमन्त्रित गर्न सक्नेछ।

(८) पार्टी सदस्यताको अवधि एक महाधिवेशनदेखि अर्को महाधिवेशनसम्म हुनेछ । तर नयाँ महाधिवेशन गर्ने प्रक्रिया सुरु हुँदा सदस्यता नवीकरण गर्नु पर्नेछ।

(९) जिल्ला, क्षेत्र, गाउँ, नगर, वडा तथा मतदान केन्द्रका सभापतिहरूले राजिनामा दिँदा आफू भन्दा माथिल्लो निकायको सभापति समक्ष दिनुपर्नेछ। क्षेत्रीय प्रतिनिधिहरूले राजिनामा दिँदा क्षेत्रीय सभापति मार्फत जिल्ला सभापतिलाई दिनुपर्नेछ। महाधिवेशन प्रतिनिधि र महासमिति सदस्यले राजिनामा दिँदा जिल्ला सभापति मार्फत केन्द्रीय सभापतिलाई दिनुपर्नेछ। अन्य पदाधिकारीले राजीनामा दिंदा आफ्नो कार्यसमितिको सभापति समक्ष दिनु पर्नेछ।

(१०) जिल्ला, क्षेत्र, गाउँ, नगर, वडा, तथा मतदान केन्द्रका सभापतिको मृत्यु वा राजिनामाको कारणले पद रिक्त हुन गएमा सम्बन्धित समितिका उपसभापति कार्यवाहक सभापति हुनेछ। उपसभापति नभएको अवस्थामा सम्बन्धित कार्यसमितिले कार्यवाहक सभापतिको चयन गर्नेछ। यसरी रिक्त हुन आएको सभापति पदमा छ महिनाभित्र विधान बमोजिम निर्वाचन गरी पदपूर्ति गरिनेछ। महाधिवेशन तोकिसकिएको अवस्थामा वा छ महिनाभित्र महाधिवेशनको मिति तोकिएमा सभापतिका लागि अलग्गै निर्वाचन गर्नुपर्ने छैन।

(११) पार्टी सदस्यता नरहने : देहायको अवस्थामा पार्टीको सदस्यता रहने छैन।

(क) पार्टी परित्याग गरेमा।

(ख) संसद् वा स्थानीय तहको निर्वाचनमा पार्टीले प्रस्तुत गरेको आधिकारिक उम्मेदवारको विरूद्ध बागी उम्मेदवार भई चुनाव लडेमा/वागी उम्मेदवारको प्रस्तावक/समर्थक भएमा।

(ग) पार्टी अनुशासनको कारवाहीबाट निष्कासित भएमा।

(घ) पार्टीको सदस्यता नवीकरण नगरेमा वा नभएमा।

(१२) केन्द्रीय कार्यसमितिले पार्टीबाट मान्यता प्राप्त स्वदेश बाहिर काम गरिबसेका नेपाली नागरिकहरूको संस्थालाई महाधिवेशन र महासमितिमा तोकिए बमोजिम सङ्ख्यामा प्रतिनिधित्व गराउन सक्नेछ।

(१३) मनोनित महाधिवेशन प्रतिनिधि, महासमिति सदस्य सम्वन्धी व्यवस्था :

(क) महाधिवेशन सम्पन्न भएपछि निर्वाचित केन्द्रीय सभापतिले क्रियाशील सदस्यहरूमध्येबाट महाधिवेशनका लागि बढीमा ३० जना प्रतिनिधिहरू मनोनित गर्न सक्नेछ। यसरी मनोनित गर्दा महिला, दलित, आदिवासी, जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक, पिछडीएका वर्ग, बुद्धिजीवी, अन्य पेशा व्यवसायमा रहेका विशिष्ट व्यक्ति एवं लोकतन्त्रको स्थापना र पुनर्स्थापनाको आन्दोलनमा सहभागी भएका व्यक्तिहरूमध्येबाट प्राथमिकता दिनुपर्नेछ।

(ख) महाधिवेशन सम्पन्न भएपछि निर्वाचित केन्द्रीय सभापतिले महाधिवेशन प्रतिनिधिहरूमध्येबाट महासमितिका लागि बढीमा १० जना सदस्य मनोनित गर्न सक्नेछ । यसरी मनोनित गर्दा महिला, दलित, आदिवासी, जनजाती, मधेशी, मुस्लिम, अल्पसंख्यक, पिछडीएको वर्ग, बुद्धिजीवी, अन्य पेशा व्यवसायमा रहेका

हुनेछ। तर सो निर्णयलाई पछि हुने केन्द्रीय महासमिति वा केन्द्रीय महाधिवेशनबाट अनुमोदन गराउनुपर्नेछ।

(४) पार्टीका सबै तहका कार्यसमितिले पार्टीका निम्ति योगदान दिएका र दिन सक्ने विशिष्ट व्यक्तिहरूलाई आफ्नो बैठकमा आमन्त्रित गर्न सक्नेछ।

(५) विधानको व्याख्या गर्ने र विधानमा उल्लेख भएका कुराहरूमा अपर्झट निर्णय गर्नु परेमा पार्टीको परम्परालाई ध्यानमा राखी केन्द्रीय कार्यसमितिले गर्न सक्नेछ। त्यस्तो निर्णयलाई पछि हुने महासमिति वा महाधिवेशनमा पेस गरी समर्थन प्राप्त गर्नुपर्नेछ।

(६) पार्टी सदस्यता र सदस्यता नवीकरणको अवधि यसै विधानमा तोकिए बमोजिम हुनेछ । तर नयाँ महाधिवेशन गर्ने प्रक्रिया सुरू हुँदा सदस्यता नवीकरण भएको सदस्यले मात्र मतदान गर्ने वा उम्मेदवार हुन पाउनेछ।

(७) प्रदेश कार्यसमिति, जिल्ला कार्यसमिति, प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति, प्रदेश सभा क्षेत्रीय कार्यसमिति, नगरपालिका कार्यसमिति, गाउँपालिका कार्यसमिति, नगरपालिका/गाउँपालिका वडा कार्यसमिति, टोल कार्यसमितिका सभापतिहरूले राजिनामा दिँदा आफू भन्दा माथिल्लो निकायको सभापति समक्ष दिनुपर्नेछ। क्षेत्रीय प्रतिनिधिहरूले राजिनामा दिँदा प्रतिनिधि सभा क्षेत्रीय कार्य समितिका सभापति मार्फत जिल्ला कार्यसमितिका सभापतिलाई दिनुपर्नेछ । प्रदेश महाधिवेशन प्रतिनिधिहरुले राजीनामा दिदा सम्बन्धित प्रदेश सभा क्षेत्रीय कार्यसमितिको सभापति मार्फत प्रदेश कार्यसमितिको सभापतिलाई दिनु पर्नेछ । महाधिवेशन प्रतिनिधि र महासमिति सदस्यले राजिनामा दिँदा जिल्ला सभापति मार्फत केन्द्रीय सभापतिलाई दिनुपर्नेछ। अन्य पदाधिकारीले राजीनामा दिंदा आफ्नो कार्यसमितिको सभापति समक्ष दिनु पर्नेछ।

(८) प्रदेश कार्यसमिति, जिल्ला कार्यसमिति, प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति, प्रदेश सभा क्षेत्रीय कार्यसमिति, नगरपालिका कार्यसमिति, गाउँपालिका कार्यसमिति, नगरपालिका/गाउँपालिका वडा कार्यसमिति, टोल कार्यसमितिका सभापतिहरूको मृत्यु वा राजिनामाको कारणले पद रिक्त हुन गएमा सम्बन्धित समितिका उपसभापति कार्यवाहक सभापति हुनेछन्। उपसभापति नभएको अवस्थामा सम्बन्धित कार्यसमितिले कार्यवाहक सभापतिको चयन गर्नेछ। यसरी रिक्त हुन आएको सभापति पदमा छ महिनाभित्र विधान बमोजिम निर्वाचन गरि पदपूर्ति गरिनेछ। सम्बन्धित तहको अधिवेशन तोकिएको अवस्थामा वा महाधिवेशन तोकिसकिएको अवस्थामा वा छ महिनाभित्र महाधिवेशनको मिति तोकिएमा सभापतिका लागि अलग्गै निर्वाचन गर्नुपर्ने छैन।

५१. (१) मनोनित महाधिवेशन प्रतिनिधि, महासमिति सदस्य सम्वन्धी व्यवस्था :

(क) केन्द्रीय महाधिवेशन सम्पन्न भएपछि निर्वाचित केन्द्रीय सभापतिले नेपाली कांग्रेसको सदस्यमध्येबाट महाधिवेशनका लागि बढीमा चालीस जना प्रतिनिधि मनोनित गर्न सक्नेछ। यसरी मनोनित गर्दा महिला, आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम, थारु, खसआर्य, अपाङ्ग वा अल्पसंख्यक वा पिछडिएको क्षेत्र, बुद्धिजीवी, अन्य पेशा व्यवसायमा रहेका विशिष्ट व्यक्ति एवं लोकतन्त्रको स्थापना र पुनर्स्थापनाको आन्दोलनमा सहभागी भएका व्यक्तिमध्येबाट प्राथमिकता दिनुपर्नेछ।

(ख) केन्द्रीय महाधिवेशन सम्पन्न भएपछि निर्वाचित केन्द्रीय सभापतिले केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट महासमितिका लागि बढीमा पन्ध्र जना सदस्य मनोनित गर्न सक्नेछ । यसरी मनोनित गर्दा महिला, आदिवासी जनजाती, दलित, मधेशी, मुस्लिम, थारु, खसआर्य, अपाङ्ग वा अल्पसंख्यक वा पिछडीएको क्षेत्र, बुद्धिजीवी, अन्य पेशा व्यवसायमा रहेका विशिष्ट व्यक्ति एवं लोकतन्त्रको स्थापना र पुनर्स्थापनाको आन्दोलनमा सहभागी भएका व्यक्तिहरूमध्येबाट प्राथमिकता दिनुपर्नेछ।

(ग) यसरी मनोनित केन्द्रीय महाधिवेशन प्रतिनिधि र केन्द्रीय महासमिति

| | | |
|---|---|---|
| विशिष्ट व्यक्ति एवं लोकतन्त्रको स्थापना र पुनर्स्थापनाको आन्दोलनमा सहभागी भएका व्यक्तिहरूमध्येबाट प्राथमिकता दिनुपर्नेछ ।<br>(१४) पार्टीका कुनै पनि निकाय वा पदाधिकारीले आफू अन्तर्गत रहेका निकाय वा पदाधिकारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।<br>(१५) महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका एउटै संसदीय निर्वाचन क्षेत्रमा परेको अवस्थामा नगर कार्यसमिति क्षेत्रीय कार्यसमितिको मातहतमा रहनेछ । यस्तो अवस्थामा नगर वडा कार्यसमितिहरू नगर कार्यसमितिको मातहतमा रहनेछ । एकभन्दा बढी संसदीय निर्वाचन क्षेत्रमा विभाजित नगर कार्यसमितिका नगर वडा कार्यसमितिहरूले सम्बन्धित क्षेत्रीय कार्यसमितिसँग समन्वय राखी काम गर्नुपर्नेछ । यस्तो अवस्थामा नगर कार्यसमितिहरू जिल्ला कार्यसमितिको मातहतमा रहनेछ ।<br>(१६) पार्टीको क्रियाशील सदस्यताको निरन्तरताको अवधि गणना गर्दा पार्टीको सदस्यबाट निष्काशन गरिएको वा पार्टी परित्याग गरेको अवस्थालाई निरन्तर क्रियाशील सदस्यता कायम रहेको मानिनेछैन ।<br>(१७) पार्टीको केन्द्रीय कार्यसमितिको सभापति र जिल्ला कार्यसमितिको सभापतिमा निरन्तर रूपमा दुई पदावधि भन्दा बढी हुनेगरी उम्मेदवार हुन पाउनेछैन ।<br>(१८) पार्टीको तल्लो निकायको सभापति, उपसभापति, सचिव, कोषाध्यक्ष र सहसचिव माथिल्लो तहको कार्यसमितिमा उम्मेदवार भएमा निजको तल्लो पद स्वतः रिक्त हुनेछ । तर महाधिवेशन प्रतिनिधि तथा महासमिति सदस्यमा उम्मेदवार हुन यस उपधाराले बाधा पुऱ्याएको मानिनेछैन ।<br>(१९) पार्टीको सबै तहमा गठन गर्ने भनिएका विभाग/समिति/विभिन्न निकायहरू महाधिवेशन सम्पन्न भएको दुई महिनाभित्र गठन गरिसक्नु पर्नेछ ।<br>(२०) पार्टीका सबै तहमा मनोनित प्रतिनिधि तथा सदस्यलाई मनोनित गर्ने अधिकारीले आवश्यकता अनुसार हटाउन वा हेरफेर गर्न सक्नेछ ।<br>(२१) धारा १५ को उपधारा (२) को देहाय (क) र (ख) बमोजिमका महाधिवेशन प्रतिनिधिहरूलाई महाधिवेशनबाट हुने निर्वाचनमा विधान बमोजिम केन्द्रीय पदाधिकारी एवं सदस्यहरूको पदमा उम्मेदवार हुने तथा मतदान गर्ने अधिकार हुनेछ । तर धारा १५ को उपधारा (२) को देहाय (ग) र (घ) बमोजिमका महाधिवेशन प्रतिनिधिहरूलाई निर्वाचनमा मतदानको मात्र अधिकार हुनेछ ।<br>(२२) पार्टीको क्रियाशील सदस्यताको निरन्तरताको अवधि गणना गर्दा सम्बन्धित व्यक्तिले पार्टीको भ्रातृ संस्थाको केन्द्रीय कार्यसमितिको पदाधिकारी वा सदस्यमा पाँच वर्ष वा सो भन्दा बढी अवधि काम गरेको रहेछ भने त्यसलाई बढीमा पाँच वर्ष मानी पार्टीको क्रियाशील सदस्यताको अवधिमा थप गरी गणना गरिनेछ । तर, पार्टीको क्रियाशील सदस्यता प्राप्त नगरिकन निजले पार्टीको क्रियाशील सदस्यले पाउने कुनै पनि सुविधा र अधिकार प्राप्त गर्ने छैन । | सदस्यको पदावधि अर्को केन्द्रीय महाधिवेशनको प्रक्रिया प्रारम्भ भएपछि स्वतः समाप्त हुनेछ ।<br>(घ) प्रदेश महाधिवेशन सम्पन्न भएपछि निर्वाचित प्रदेश सभापतिले नेपाली कांग्रेसको सदस्यहरुमध्येबाट प्रदेश महाधिवेशनका लागि बढीमा बीस जना र प्रदेश महाधिवेशन प्रतिनिधिमध्येबाट प्रदेश महासमितिका लागि बढीमा दश जना सदस्य मनोनित गर्न सक्नेछ ।<br>(ङ) यसरी मनोनित प्रदेश महाधिवेशन प्रतिनिधि र प्रदेश महासमिति सदस्यको पदावधि अर्को प्रदेश महाधिवेशनको प्रक्रिया प्रारम्भ भएपछि स्वतः समाप्त हुनेछ ।<br><br>५२. <u>अभिनन्दन र सम्मान</u> : पार्टीमा क्रियाशील रहेका कारणले कारावासको सजाय, निर्वासनमा रहनु परेको वा २०४६ साल पूर्व पार्टीको पदाधिकारीका रुपमा कार्य गरेको वा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा विशिष्ठ योगदान गरेको वा राष्ट्रिय जीवनको विविध क्षेत्रमा कार्य गरि महत्वपूर्ण योगदान पुऱ्याएका सदस्यलाई जिल्ला कार्यसमिति र प्रदेश कार्यसमितिको सिफारिसमा केन्द्रीय कार्यसमितिले तोकिए बमोजिम अभिनन्दन र सम्मान गर्नेछ ।<br>५३. पार्टीका कुनै पनि निकाय वा पदाधिकारीले आफू अन्तर्गत रहेका निकाय वा पदाधिकारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।<br>५४. महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका एउटै संसदीय निर्वाचन क्षेत्रमा परेको अवस्थामा नगर कार्यसमिति क्षेत्रीय कार्यसमितिको मातहतमा रहनेछ । यस्तो अवस्थामा नगर वडा कार्यसमितिहरू नगर कार्यसमितिको मातहतमा रहनेछ । एकभन्दा बढी संसदीय निर्वाचन क्षेत्रमा विभाजित नगर कार्यसमितिका नगर वडा कार्यसमितिहरूले सम्बन्धित क्षेत्रीय कार्यसमितिसँग समन्वय राखी काम गर्नुपर्नेछ । यस्तो अवस्थामा नगर कार्यसमितिहरू जिल्ला कार्यसमितिको मातहतमा रहनेछन् ।<br>५५. नेपाली कांग्रेसको सदस्यताको निरन्तरताको अवधि गणना गर्दा पार्टीको सदस्यबाट निष्काशन गरिएको वा पार्टी परित्याग गरेको अवस्थालाई निरन्तर नेपाली कांग्रेसको सदस्यता कायम रहेको मानिनेछैन ।<br>५६. पार्टीको सबै तहको कार्यसमितिको सभापति निरन्तर रूपमा दुई पदावधि भन्दा बढी सोही पदमा उम्मेदवार हुन पाइनेछैन ।<br>५७. पार्टीको तल्लो निकायको सभापति, उपसभापति, सचिव, कोषाध्यक्ष र सहसचिव माथिल्लो तहको कार्यसमितिमा उम्मेदवार भएमा निजको तल्लो पद स्वतः रिक्त हुनेछ । साथै, प्रदेश महाधिवेशन प्रतिनिधि केन्द्रीय महाधिवेशन प्रतिनिधिको उम्मेदवार भएमा निजको प्रदेश महाधिवेशन प्रतिनिधि पद स्वतः समाप्त हुनेछ । तर केन्द्रीय महाधिवेशन प्रतिनिधि, केन्द्रीय महासमिति सदस्यमा उम्मेदवार हुन यस धाराले बाधा पुऱ्याएको मानिनेछैन ।<br>५८. पार्टीको कुनै तहको अधिवेशनमा उम्मेदवार भई पराजित भएको व्यक्ति सोही अधिवेशन अवधिमा सो भन्दा माथिल्लो तहको कुनै पनि पदमा उम्मेदवार हुन पाउने छैन ।<br>५९. पार्टीको सबै तहमा गठन गर्ने भनिएका विभाग/समिति/विभिन्न निकायहरू महाधिवेशन सम्पन्न भएको छ महिनाभित्र गठन गरिसक्नु पर्नेछ ।<br>६०. पार्टीका सबै तहमा मनोनित प्रतिनिधि तथा सदस्यलाई मनोनित गर्ने पदाधिकारीले आवश्यकता अनुसार हटाउन वा हेरफेर गर्न सक्नेछ ।<br>६१. नेपाली कांग्रेसको सदस्यताको निरन्तरताको अवधि गणना गर्दा सम्बन्धित व्यक्तिले पार्टीको भ्रातृ संघ र शुभेच्छुक संस्थाको केन्द्रीय कार्यसमितिको पदाधिकारी वा सदस्यमा पाँच वर्ष वा सो भन्दा बढी अवधि काम गरेको रहेछ भने त्यसलाई बढीमा पाँच वर्ष मानी नेपाली कांग्रेसको सदस्यताको अवधिमा थप गरि गणना गरिनेछ । तर, नेपाली कांग्रेसको सदस्यता प्राप्त नगरिकन निजले नेपाली कांग्रेसको सदस्यले पाउने कुनै पनि सुविधा र अधिकार प्राप्त गर्ने छैन ।<br>६२. धारा १५ को उपधारा (१) को (ख) र (ग) बमोजिमका महाधिवेशन प्रतिनिधिहरूलाई | |

| | | |
|---|---|---|
| | महाधिवेशनबाट हुने निर्वाचनमा विधान बमोजिम केन्द्रीय पदाधिकारी एवं सदस्यहरूको पदमा उम्मेदवार हुने तथा मतदान गर्ने अधिकार हुनेछ। तर धारा १५ को उपधारा (१) को (घ) र (ङ) बमोजिमका महाधिवेशन प्रतिनिधिहरूलाई निर्वाचनमा मतदानको मात्र अधिकार हुनेछ।<br>६३. प्रतिनिधि सभा वा प्रदेश सभामा पार्टीको तर्फबाट समानुपातिक आधारमा निर्वाचित व्यक्ति तत्काल त्यसपछिको प्रतिनिधि सभा वा प्रदेश सभामा पार्टीको तर्फबाट समानुपातिक आधारमा उम्मेदवार हुन पाउने छैन।<br>६४. पार्टीको सबै तहको कार्यसमितिको सभापति पदको निर्वाचनमा निर्वाचित सभापति पछि दोस्रो बढी मत प्राप्त गर्ने व्यक्ति सम्बन्धित कार्यसमितिको सदस्य हुनेछ।<br>६५. यस विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक पार्टीका सबै तह र निकायको कार्यसमितिको बैठकमा सम्बन्धित निकायको सहमती भएमा सहमतीबाट र सहमती नभएमा वहुमतका आधारमा निर्णय गरिनेछ।<br>६६. टोल कार्यसमितिदेखि जिल्ला कार्यसमितिसम्मका स्थानीय तहका पार्टीका कार्यसमितिमा अठार देखि तीस बर्षसम्मको उमेर समुहका सदस्यको पन्ध्र प्रतिशत प्रतिनिधित्व हुन नसकेको भए सम्बन्धित तहको सभापतिले यस विधान बमोजिम कार्यसमितिमा मनोनित गर्दा उक्त उमेर समुहको सदस्य संख्या कम्तिमा पन्ध्र प्रतिशत प्रतिनिधित्व हुने गरि गर्नु पर्नेछ।<br>६७. पार्टीको विभिन्न तह र जिम्मेवारीमा रहेका सदस्यहरुले तोकिए बमोजिमको सहयोग रकम -लेवी) तोकिए बमोजिमको पार्टी निकायमा अनिवार्य बुझाउनु पर्नेछ। यसरी प्राप्त हुने सहयोग रकम (लेवी) बाँडफाडको व्यवस्था तोकिए बमोजिम हुनेछ। | |
| ५०. बाधा अड्काउ फुकाउने अधिकार : यो विधान कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार केन्द्रीय कार्यसमितिलाई हुनेछ। तर त्यस्ता विषयमा केन्द्रीय कार्यसमितिले गरेको त्यस्तो निर्णय पछि हुने महासमिति वा महाधिवेशन समक्ष राखिनेछ। | ६८. बाधा अड्काउ फुकाउने अधिकार : यो विधान कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार केन्द्रीय कार्यसमितिलाई हुनेछ। तर त्यस्ता विषयमा केन्द्रीय कार्यसमितिले गरेको निर्णय पछि हुने महासमिति वा महाधिवेशन समक्ष राखिनेछ। | |
| ५१. सङ्क्रमणकालीन व्यवस्था : (१) यो संशोधित विधान प्रारम्भ हुँदाका बखत कायम रहेको नेपाली कांग्रेसका सबै तहका सदस्य, पदाधिकारीहरू यस विधान अनुसार नयाँ निर्वाचन नभएसम्म कायम रहनेछ।<br>(२) यो संशोधित विधान प्रारम्भ हुँदाका बखत नेपाली कांग्रेसबाट समर्थन र मान्यता पाएका भ्रातृसंस्थाहरू कायमै रहनेछ। | ६९. संक्रमणकालिन व्यवस्था :<br><br>१. सदस्यता :<br>(क) नेपाली कांग्रेसको हाल कायम रहेका क्रियाशील सदस्य यथावत् कायम रहनेछन्। यो विधानमा संशोधन हुनु पूर्व नेपाली कांग्रेसको साधारण सदस्यलाई यो विधान संशोधन भएपछि साधारण सदस्यताको निस्सा हेरि शुरु सदस्यता लिएको विवरण समेत उल्लेख गरि यो विधान बमोजिमको नेपाली कांग्रेसको सदस्यता दिइनेछ।<br>(ख) नेपाली कांग्रेसको साधारण सदस्यको निस्सा नभएका र यस विधान बमोजिम योग्यता पुगेका अन्य व्यक्तिले यो विधान प्रारम्भ भएपछि यसै विधान बमोजिम सदस्यता लिनु पर्नेछ।<br>(ग) नेपाली कांग्रेसको सदस्यता प्राप्तीका लागि आवेदन फारम, नवीकरण फारम, सदस्यताको प्रमाण पत्र लगायतको नमूना तोकिए बमोजिम हुनेछ। यो संशोधित विधान अनुसारको नियमावली नवनेसम्म केन्द्रीय कार्यसमितिले तोके बमोजिम हुनेछ।<br><br>२. पार्टीको सबै निकाय कायम रहने :<br>(क) यो विधान संशोधन पूर्व कायम रहेका पार्टीका सबै निकायका कार्यसमिति अन्तरिम व्यवस्था नभएसम्म कायम रहनेछन्।<br>(ख) पार्टीका विभिन्न निकायका कार्यसमिति अन्तरिम व्यवस्था भई परिवर्तन भएका हकमा सोहि बमोजिम र नभएकोमा यो विधानको प्रकृया बमोजिम नयाँ गठन नहुँदासम्म कायम रहनेछन्।<br>(ग) यो विधान संशोधन पूर्व कायम रहेका पार्टीका गाउँपालिका/ नगरपालिका/ उपमहानगरपालिका/ महानगरपालिकाका वडा अधिवेशन, गाँउपालिका अधिवेशन, नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका अधिवेशन, क्षेत्रिय अधिवेशन, जिल्ला अधिवेशन, महाअधिवेशन र महासमितिका प्रतिनिधि वा सदस्य यस संशोधित विधानको प्रकृया बमोजिम नयाँ निर्वाचत नहुदासम्म कायम रहनेछन्। | |

| | | |
|---|---|---|
| | ३. पार्टी संगठनको अन्तरिम व्यवस्था :<br>(क) नेपालको संविधान बमोजिम स्थानीय तह तथा संसदीय निर्वाचन क्षेत्र निर्धारण भए पश्चात:-<br>(१) सिमांकन हेरफेर नभएका स्थानीय तह तथा प्रतिनिसभा निर्वाचन क्षेत्रमा कायम रहेको कार्यसमिति यथावत कायम रहनेछन् ।<br>(२) सिमांकन हेरफेर भई नयाँ कायम भएका स्थानीय तह तथा प्रतिनिधि सभा निर्वाचन क्षेत्रभित्र यो विधान संशोधन पूर्व कायम रहेका प्रतिनिधि रहेको अधिवेशनले यसै विधान बमोजिमको सम्बन्धित कार्यसमिति गठन गर्नेछ ।<br>(ख) गाउँपालिका/नगरपालिका वडा कार्यसमिति गठन भएको दुई महिनाभित्र वडा कार्यसमितिले मातहतका टोल कार्यसमिति गठन गर्नेछ ।<br>(ग) प्रदेश सभा निर्वाचन क्षेत्रभित्रका यो विधान संशोधन पूर्व कायम रहेका क्षेत्रीय अधिवेशन प्रतिनिधि प्रदेश सभा निर्वाचन क्षेत्रीय अधिवेशनका प्रतिनिधि हुनेछन् । यसरी कायम हुन आएका प्रदेश सभा निर्वाचन क्षेत्र अधिवेशनले यो विधान बमोजिमको प्रदेश सभा निर्वाचन कार्यसमिति गठन गर्नेछ ।<br>(घ) प्रदेशभित्रका यो विधान संशोधन पूर्व कायम रहेका केन्द्रीय महाधिवेशन प्रतिनिधि प्रदेश महाधिवेशन प्रतिनिधि हुनेछन् । यसरी कायम हुन आएको प्रदेश महाधिवेशनले यो विधान बमोजिमको प्रदेश सभा कार्यसमिति गठन गर्नेछ ।<br>(ङ) यो विधान संशोधन पूर्व कायम रहेको जिल्ला कार्यसमिति र केन्द्रीय कार्यसमिति यथावत कायम रहनेछ । | |
| ५२. बचाउ : (१) यो संशोधित विधान लागू भएपछि नेपाली कांग्रेसको विधान, २०१७ (२०५१, २०५४, २०५७, २०६२, २०६४, २०६६ र २०६९ मा संशोधन र परिमार्जन गरी मिलाइएको रूपमा) बमोजिम भए गरेका सबै काम कारवाईहरू यसै संशोधित विधानअन्तर्गत भए गरेको मानिनेछ ।<br>(२) नेपाली कांग्रेसको विधान २०१७ (२०५१, २०५४, २०५७, २०६२, २०६४, २०६६ र २०६९ मा संशोधन र परिमार्जन गरी मिलाइएको रूपमा) बमोजिम परेका उजुरीहरू यसै संशोधित विधानअनुरूप परेको मानी आवश्यक कारवाई र किनारा गरिनेछ । | ७०. बचाउ : (१) यो संशोधित विधान लागू भएपछि नेपाली कांग्रेसको विधान, २०१७ (२०५१, २०५४, २०५७, २०६२, २०६४, २०६६, २०६९ र २०७२ मा संशोधन र परिमार्जन गरि मिलाइएको रूपमा) बमोजिम भए गरेका सबै काम कारवाईहरू यसै संशोधित विधानअन्तर्गत भए गरेको मानिनेछ ।<br>(२) नेपाली कांग्रेसको विधान २०१७ (२०५१, २०५४, २०५७, २०६२, २०६४, २०६६, २०६९ र २०७२ मा संशोधन र परिमार्जन गरि मिलाइएको रूपमा) बमोजिम परेका उजुरीहरू यसै संशोधित विधानअनुरूप परेको मानी आवश्यक कारवाई र किनारा गरिनेछ । | |

## विधान संशोधन मस्यौदाका केही दफामा समितिका केही सदस्यहरुबाट आएका फरक विचारहरु निम्न अनुसार रहेको छ ।

(१) प्रस्तावनामा :- (१) प्रस्तावना छोटो हुनु पर्ने ।

(२) सदस्यता सम्बन्धमा :- परिच्छेद २ धारा ४ मा

(१) नेपाली कांग्रेसले व्यापक रुपमा सदस्यता वितरण गर्ने व्यवस्था गर्ने । र यसको रेकर्ड राख्ने ।

(२) नेपाली कांग्रेसको सदस्यता प्राप्त गरेको व्यक्तिलाई दुई वर्षमा क्रियाशील सदस्यता प्राप्त गर्ने व्यवस्था गर्नु पर्ने ।

(३) नेपाली कांग्रेसको सदस्यता एक प्रकारको हुनेछ :- नेपाली कांग्रेसको सदस्य ।

(३) वडाका नेपाली कांग्रेसको सदस्यहरुले आफुमध्येबाट बीस प्रतिशत सदस्यलाई निर्वाचित गरि सदस्यहरुको निर्वाचक मण्डल वनाई क्षेत्रीय अधिवेशन प्रतिनिधि र कार्यसमितिको निर्वाचन गर्ने व्यवस्था गर्ने ।

(४) एक वर्ष पुगेपछि नेपाली कांग्रेसको सदस्यले चाहेमा स्वतः नवीकरण हुनु पर्ने ।

(३) केन्द्रीय कार्यसमितिका पदाधिकारी सम्बन्धमा :- (परिच्छेद छ, धारा २१)

(१) नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिमा ११ जना पदाधिकारी रहने व्यवस्था गर्ने । जसमा सभापति १, उपसभापति ३, महामन्त्री ३, सहमहामन्त्री ३ र कोषाध्यक्ष १ रहने व्यवस्था गर्ने । सबैको निर्वाचन गर्ने ।

(२) कार्य विभाजन गर्दा उपसभापति मध्ये केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठान, अनुशासन समिति र सांगठनिक कार्य रेखदेख तथा अनुगमन गर्ने जिम्मा दिने ।

(३) केन्द्रीय समितिको पदाधिकारी थप गरि समानुपातिक समावेशी आधारमा पदाधिकारीको निर्वाचन र मनोनयन गर्ने व्यवस्था गर्ने ।

(४) समानुपातिक समावेशीताका आधारमा ७ जना उपसभापति र ७ जना सहमहान्त्रीको व्यवस्था गर्ने ।

(५) पदाधिकारीमा कम्तीमा एक जना महिला हुनु पर्ने ।

(६) पदाधिकारी संख्या हाल भन्दा बढाउने । कोषाध्यक्षको मनोनित गर्ने, महामन्त्री सबै निर्वाचन गर्ने ।

प्रतिनिधित्वको व्यवस्था बारे

(७) (क) सबै तहका समिति गठन र प्रतिनिधित्व व्यवस्था गर्दा ५५ प्रतिशत खुल्ला (प्रत्यक्ष) र ४५ प्रतिशत समानुपातिक आरक्षणबाट गर्नु पर्ने ।

(ख) समानुपातिक (आरक्षण) तर्फ ६० प्रतिशत र प्रत्यक्ष खुल्ला तर्फ ४० प्रतिशत गर्ने ।

(८) केन्द्रीय सदस्य एक कार्यकालका लागि स्वत महाधिवेशन महासमिति प्रतिनिधिको व्यवस्था यथावत राख्ने ।

(९) केन्द्रीय सदस्य, सांसद र सांसदका उम्मेदवारलाई क्षेत्रीय अधिवेशनमा प्रतिनिधि हुने व्यवस्था गर्ने ।

(४) परिच्छेद ७ : (धारा ३०) संसदीय समिति सम्बन्धमा

(१) केन्द्रीय संसदीय समितिमा सभापति १, उपसभापति (बढी मत प्राप्त गर्ने), महामन्त्री १, (वढी मत प्राप्त गर्ने), संसदीय दलको नेता १, सभापतिका निकटतम प्रतिश्पर्धि १, महाधिवेशनमा निर्वाचित ४, सभापतिबाट मनोनित २, गरि जम्मा ११ जना राख्नु पर्ने । अन्य तहका संसदीय समितिमा पनि सोही अनुरुप मिलाउने ।

(२) स्थानीय तहको उम्मेदवारका सम्बन्धमा जुन तहको निर्वाचन हुन्छ सोही तहले उम्मेदवकारको सिफारिस गर्ने र माथिल्लो तहले अनुमोदन गर्ने र त्यो भन्दा माथिको तहले निर्णय गर्ने व्यवस्था गर्ने । प्रदेश सभा सदस्यको उम्मेदवारीको निर्णय प्रदेश तहमा गर्ने ।

(३) प्रतिनिधि सभा संसदीय समितिमा सम्बन्धित निर्वाचन क्षेत्रको प्रत्यक्ष निर्वाचित सांसद वा उम्मेदवार पदेन सदस्य हुने ।

(५) धारा १४ : नेपाली जनसम्पर्क समितिका सम्बन्धमा

(१) विश्व संजाल गठन गर्ने व्यवस्था गर्ने ।

(२) जनसम्पर्क समितिबाट हाल प्रतिनिधित्वको संख्यामा नबढ्ने व्यवस्था गर्ने ।

(३) जनसम्पर्क समितिबाट महाधिवेशन प्रतिनिधिको र महासमिति सदस्यको सट्टा पर्यवेक्षक प्रतिनिधिको व्यवस्था राख्ने ।

(४) नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिले मान्यता प्रदान गरेका विदेशस्थित नेपाली जनसम्पर्क समितिले अधिवेशनबाट निर्वाचित गरि देहाय बमोजिमको संख्यामा महाधिवेशन प्रतिनिधि र महासमिति सदस्य पठाउने छन् ।

(१) कम्तिमा पाँच सय नेपाली कांग्रेसको सदस्य रहेका जनसम्पर्क समितिबाट अध्यक्ष सहित तीन जना महाधिवेशन प्रतिनिधि र अध्यक्ष एक जना महासमिति सदस्य ।

(२) कम्तिमा दुई हजार वा सो भन्दा बढी नेपाली कांग्रेसको सदस्य रहेका जनसम्पर्क समितिबाट अध्यक्ष सहित सात जना महाधिवेशन प्रतिनिधि र महाधिवेशन प्रतिनिधिमध्येबाट अध्यक्ष सहित तीन जना महासमिति सदस्य ।

(३) नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिबाट मान्यता प्राप्त जनसम्पर्क समितिमा पाँच सय भन्दा कम नेपाली कांग्रेसको सदस्य भएमा त्यस्ता जनसम्पर्क समितिको अधिवेशनबाट निर्वाचित अध्यक्ष मात्र महाधिवेशन प्रतिनिधि र महासमिति सदस्य रहनेछन् ।

(५) केन्द्रीय कार्यसमितिले विदेशस्थित नेपाली जनसम्पर्क समितिबाट महाधिवेशन प्रतिनिधि संख्या तोक्दा एउटा देशबाट बढीमा सात जना र महासमिति सदस्य संख्या तोक्दा एउटा देशबाट बढीमा तीन जना भन्दा बढी तोक्न सक्नेछैन ।

तर जनसम्पर्क समिति भारतबाट अध्यक्ष सहित बाह्र जना महाधिवेशन प्रतिनिधि र महाधिवेशन प्रतिनिधिमध्येबाट अध्यक्ष सहित पाँच जना महासमिति सदस्य रहनेछन् ।

(६) विविध

(१) सबै कार्यसमितिमा सभापतिले मनोनित गर्ने संख्या पन्ध्र प्रतिशत गर्ने ।

(२) धारा ४३ सम्बन्धमा पार्टीको सबै तहमा पदाधिकारी तथा सदस्यको पदावधि थप गर्ने सम्बन्धमा व्यवस्था भएको असाधारण स्थिति वारे निर्णय गर्दा सम्भव भए सर्वसम्मत नभए दुई तिहाइले पारित गर्ने व्यवस्था गर्ने ।

(३) पार्टीको सबै तहमा किसान, श्रमिक, शहिद परिवार, द्वन्द्व पीडित श्रमजीवि, पेशाकर्मी, उद्यमी, व्यापारी, वुद्धिजीवि लगायतको प्रतिनिधित्व हुने व्यवस्था गर्नु पर्ने ।

(४) प्रदेशबाट प्रतिनिधित्व गर्ने केन्द्रीय सदस्यलाई सोही प्रदेशका महाधिवेशन प्रतिनिधिले मतदान गर्ने ।

(५) केन्द्रीय कार्यसमितिले प्रत्येक वर्ष जिल्ला सभापतिको राष्ट्रिय भेला बोलाउने व्यवस्था गर्ने ।

(६) समावेशी आरक्षण समुह अन्तर्गत निर्वाचित वा मनोनित पदमा सम्बन्धित समावेशी आरक्षण समुहभित्रको जनसंख्याको जातीय बनोटको अनुपातका आधारमा निर्वाचित वा मनोनित हुनु पर्ने ।

(७) मधेशी दलितलाई छुट्टै आरक्षण गर्ने । दलित समुदायलाई विशेष आरक्षण व्यवस्था गर्नु पर्ने ।

(८) समावेशी समानुपातिक समुहतर्फ एकपटक भन्दा बढि लगातार मनोनित वा निर्वाचित हुन पाइने छैन ।

(९) भ्रातृ संघ तथा शुभेच्छुक संस्थाका सम्बन्धमा : भ्रातृ संघ तथा शुभेच्छुक संस्थाबाट प्रतिनिधित्व गर्ने हालको महाधिवेशन र महासमिति सदस्यको सट्टा पर्यवेक्षक रुपमा प्रतिनिधित्व गराउने ।

(१०) नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिबाट मान्यता प्राप्त महाधिवेशन तथा महासमितिमा हालसम्म प्रतिनिधित्व नभएका भ्रातृ संघ तथा शुभेच्छुक संस्थाहरुको प्रतिनिधित्वको हकमा केन्द्रीय कार्यसमितिले निर्णय गरि व्यवस्था गर्ने ।

(११) केन्द्र जिल्ला र क्षेत्रको फरक फरक वर्षमा अधिवेशन गर्ने ।

(१२) सबै तहको निर्वाचन एकल संक्रमणीय निर्वाचन प्रणाली बमोजिम गर्ने ।

(१३) पार्टी सदस्यताको संख्याको आधारमा क्षेत्रीय अधिवेशन प्रतिनिधिको व्यवस्था हुनु पर्ने ।